अन्तिम प्रतिवेदन

# हालसम्मका राष्ट्रिय स्तरका विकेन्द्रीकरण आयोग तथा समितिका प्रतिवेदनहरुको अध्ययनका आधारमा तयार पारिएको सङ्घीय प्रणालीमा हुनुपर्ने स्थानीय सरकारका सन्दर्भमा उपयुक्त देखिएका सिफारिसहरु

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार

असार २०७१

अध्ययनकर्ता
गंगादत्त अवस्थी

# कृतज्ञता

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सङ्घीय मामिला इकाईले “हालसम्मका विकेन्द्रीकरण आयोग एवं अन्य अध्ययन प्रतिवेदनको सारसंक्षेप तयार गर्ने” कार्यका लागि मलाई जिम्मेवारी सुम्पेकोमा म मन्त्रालयप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । यो अध्ययन कार्य विवरणमा उल्लेख भएअनुसार हालसम्म जारी भएका संविधान, विकेन्द्रीकरण र प्रशासन सम्बन्धी गठन भएका विभिन्न आयोग / समितिका सुझावहरुको अध्ययन गरी तिनको सिफारिसलाई विभिन्न शिर्षकमा राखी ती सुझाव मध्ये कार्यान्वयन भए नभएका विषय बुँदागत रुपमा प्रस्तुत गर्नु रहेको थियो ।

बिभिन्न समयमा गठन भएका सबै आयोग समितिका प्रतिवेदन पुनः विस्तृत अध्ययन गर्ने अवसर समेत मलाई प्राप्त भयो । अध्ययनका सिलसिलामा मन्त्रालयको श्रीमान् सचिव शान्त बहादुर श्रेष्ठज्यूले आफ्नो अमूल्य समय दिई सबै बुँदालाई धैर्यता र गम्भिरतापूर्वक आत्मासात गर्दै दफावार छलफलमा नेतृत्व प्रदान गर्नु भई सङ्घीयताको परिप्रेक्षमा आगामी दिनमा सकारात्मक रुपमा कसरी प्रयोग गर्ने भन्ने बारे छलफल समेतमा मार्गदर्शन दिनुभई मलाई समेत हौसला प्रदान गर्नु भएकोमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

त्यस्तै अध्ययनको शुरु देखिनै विषयवस्तुको प्रस्तुतीकरणलाई कसरी सरल र सहज बनाउने, प्रतिवेदनलाई व्यवहारिक बनाउन आफ्नो अमूल्य सुझाव समेत प्रस्तुत गर्नुहुने स्वायत्त शासन समन्वय महाशाखा प्रमुख एवं सहसचिव श्री रेश्मी राज पाण्डेज्यूप्रति पनि आभार प्रकट गर्न चाहन्छु ।

त्यस्तै यस कार्यलाई शुरुदेखि अवधारणात्मक स्वरुप दिई यसको प्रक्रिया निर्धारण, प्रतिवेदनको ढाँचा तथा अपेक्षित उपलब्धिलाई समेत व्यवस्थित रुपमा राखी विषय वस्तुमा समय समयमा प्राविधिक राय समेत दिई अध्ययन र प्रतिवेदन लेखनलाई सहज बनाउनमा महत्वपूर्ण सुझाव दिनुहुने सङ्घीय मामिला इकाई प्रमुख तथा उपसचिव श्री सुमन घिमिरेज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यस्तै अध्ययनलाई सहजीकरण गर्नुहुने शाखा अधिकृतद्वय श्री डम्बरु दाहाल जी र श्री विष्णु प्रसाद पौड्यालजीलाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

यस प्रतिवेदन लेखनमा विशेष व्यस्तताका बावजुद पनि मेहेनतसाथ सहयोग पुऱ्याउनु हुने मेरा मित्र श्री रवीन्द्र नाथ अधिकारीज्यूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रतिवेदनलाई कम्प्यूटर टाइपिङ्गमा सहयोग पुऱ्याउनु हुने श्री नरवीर देवानज्यू तथा शकुन्तला राईज्यूलाई पनि हार्दिक धन्यावाद दिन चाहन्छु ।

अन्त्यमा, अध्ययनको सिलसिलामा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सबै विषयविद्हरुलाई हार्दिक आभार प्रकट गर्दछु ।

गंगादत्त अवस्थी

परामर्शदाता

मिति : २०७१/०३/२५

## विषय सूची

पृष्ठभूमि

### भाग १
### संवैधानिक व्यवस्था एवं विकेन्द्रीकरण तथा प्रशासन सम्बन्धी सिफारिसको संक्षिप्त टिप्पणी


| | | |
|---|---|---|
| १.१ | संवैधानिक विकासक्रम | ४ |
| १.२ | प्रजातन्त्रको पुनर्वहाली पश्चात | ४ |
| १.३ | विभिन्न विकेन्द्रीकरण एवं प्रशासन सुधार समितिको प्रतिवेदनको सारांश | ५ |


### भाग २
### बिभिन्न आयोग/समितिका सिफारिसको कार्यान्वयन स्थिति


| | | |
|---|---|---|
| २.१ | कार्यान्वयनमा आएका प्रमुख सिफारिसहरु बुँदागत प्रस्तुति | ९ |
| २.२ | कार्यान्वयनमा आउन नसकेका प्रमुख बिषयहरु | १० |


### भाग ३
### सङ्घीय प्रणालीमा हुनुपर्ने सङ्घीय सरकार अन्तर्गतका प्रादेशिक र स्थानीय सरकारका तह/ बृत्तगत कार्य जिम्मेवारी, संस्थागत तथा कानुनी व्यवस्थाका सम्बन्धमा देखिएका प्रमुख सिफारिसहरु


| | | |
|---|---|---|
| ३.१ | संगठनात्मक संरचना | १२ |
| ३.२ | स्थानीय सरकारको संरचना तथा यसका कार्यहरु | १३ |
| ३.२.१ | जिल्ला सरकार | १३ |
| ३.२.२ | नगर सरकार | १७ |
| ३.२.३ | गाउँ सरकार | २१ |
| **सन्दर्भ-सामग्री** | | **२६** |
| **अनुसूचीहरु** | | २७ |

**अनुसूची १: विभिन्न आयोग/समितिले विकेन्द्रीकरण सम्बन्धमा गरेका प्रमुख सिफारिसहरु**

क) प्रशासन शक्ति बिकेन्द्रीकरण आयोग २०२० को प्रतिवेदन
ख) माननीय श्री भोजराज घिमिरेको अध्यक्षतामा गठित २१ सदस्यीय समितिको प्रतिवेदन २०२४ का सिफारिसहरु
ग) **विकेन्द्रीकरण समितिको प्रतिवेदन २०२६ (माननीय जय प्रकाश)**
घ) पञ्चायत नीति **तथा** जाँचबुझ समिति विकेन्द्रीकरण उप समितिको प्रतिवेदन २०३८ (माननीय रणधीर सुव्वा)
ङ) **नेपाल अधिराज्यको संविधान २०४७ सालमा जारी भएको र जसको नीति निर्देशक** सिद्धान्तमा विकेन्द्रीकरण गर्ने नीति तय भएको र स्थानीय निकायबाट राज्य सभामा प्रतिनिधित्वको व्यवस्था समेत भएको
च) **तत्कालीन** प्रधानमन्त्री माननीय शेर बहादुर देउवाको अध्यक्षतामा गठित विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन सम्बन्धी प्रतिवेदन २०५३ का सिफारिसहरु :
छ) स्थानीय निकाय वित्तीय आयोग, २०५७ ले गरेका सिफारिसः
ज) उच्च स्तरीय विकेन्द्रीकरण कार्यान्वयन तथा अनुगमन समिति २०५८ का सिफारिसहरु
झ) स्थानीय निकाय सुदृढीकरण उच्चस्तरीय सुझाव समिति, २०६१

**अनुसुची २ : विभिन्न प्रशासन सुधार आयोग/समितिबाट विकेन्द्रीकरण सम्बन्धमा गरेका सिफारिस**

१. प्रशासनिक पुनर्गठन समिति, २००९
२. प्रशासन पुनर्गठन योजना आयोग, २०१३
३. प्रशासन सुधार आयोग २०२५
४. प्रशासन सुधार आयोग २०३२/३३
५. प्रशासन सुधार आयोगको प्रतिवेदन २०४८
६. प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन २०७०

# पृष्ठभूमि

मुलुक हाल संविधान सभाबाट गणतन्त्रात्मक सङ्घीय लोकतान्त्रिक शासकीय स्वरुपको संविधान तर्जुमा गर्ने तर्फ अग्रसर रहेको छ । राज्य पुनर्संरचना अन्तरगत केन्द्रीय, प्रादेशिक तथा स्थानीय सरकार रहने विषय, यस भन्दा पूर्वका संविधान सभाका विषयगत समितिहरुबाट सिफारिस भइसकेको पाइएको छ । तर सङ्घीय स्वरुप अन्तर्गत कति प्रदेशमा राज्य पुनर्संरचना हुने र स्थानीय सरकारको स्वरुप के, कस्तो हुने भन्ने बारे अझै प्रष्ट हुन सकेको छैन ।

हाल स्थानीय निकायहरु दुई तहमा रहेका छन् । बिघटित संसदको बिभिन्न समितिहरुको शिफारिसलाई मध्यनजर गर्दा अब बन्ने संविधानमा गाउँ तथा नगरपालिकाका तह मात्र स्थानीय सरकारको रुपमा रहने सभावना बढी छ । स्थानीय सरकारको तह निर्धारण गर्ने विषय संवेदनशील भएकोले जनताले समुचित तथा प्रभावकारीरुपमा सेवा प्राप्त गर्न आवश्यक पहुँच, सहभागिता एवं स्वामित्व अपनाउन सक्ने गरी विगतका विकेन्द्रीकरणमा भएका विभिन्न प्रयासहरुका लोकतान्त्रिक र सवल पक्षहरुलाई पनि आत्मसात गर्नु त्यत्तिकै आवश्यक पर्दछ । यस सन्दर्भमा स्थानीय सरकारको तह निर्धारण गर्दा स्थानीय सरकारले आफ्नो क्षेत्रका नागरिकलाई तिनको प्रत्यक्ष सहभागितामा उनीहरुप्रति संवेदनशील एवं उत्तरदायी भई जवाफदेहीपूर्वक सेवा प्रवाह गर्न स्वायत्त एवं सक्षम् (Viable) इकाईको रुपमा तिनलाई गठन गर्नुपर्ने हुन्छ । यसका लागि विगतका प्रयासहरुले स्थानीय जनतालाई प्रदान गरेर उपयोग गर्दै आएका अधिकारहरु भन्दा अग्रगामी राजनैतिक, आर्थिक तथा प्रशासनिक अधिकारहरु प्रयोग गर्न पाउने अवसरहरु सिर्जना गर्ने वातावरण तयार गरी दक्षिण एशियामा विकेन्द्रीकरणको उदाहरणीय मुलुकको रुपमा परिचित रहँदै आएको हाम्रो राष्ट्रले सो उदाहरण कायमै राख्ने प्रयास आगामी संविधानमा पनि प्राप्त हुने अपेक्षा गरिएको छ ।

बिभिन्न सन्दर्भ सामग्रीका अध्ययनका आधारमा यो प्रतिवेदन तयार गरिएको छ । यो प्रतिवेदनको बिभिन्न भागहरुमा बिकेन्द्रीकरण सम्बन्धी संवैधानिक, यस सम्बन्धमा गठित बिभिन्न आयोगहरु / समितिहरुका सिफारिसका छोटकरी बिवेचना तथा तिनका कार्यान्वयन स्थिति र भविष्यमा अवलम्वन गर्नुपर्ने प्रमुख सुझावहरु क्रमशः भाग १, २ र ३ मा प्रस्तुत गरिएका छन् ।

# भाग १

## संवैधानिक व्यवस्था एवं विकेन्द्रीकरण तथा प्रशासन सम्बन्धी सिफारिसको संक्षिप्त टिप्पणी

नेपालमा विकेन्द्रीकरणका सन्दर्भमा करिब शताव्दी लामो ऐतिहासिक पृष्ठभूमि रहेको छ । वि.सं. १९७६ मा शहरी क्षेत्रमा सरसफाईको उद्देश्य राखी काठमाण्डौ (भोटाहिटी) महानगरपालिकाको गठन तथा ग्रामीण क्षेत्रमा स्थानीय स्तरमा झैझगडा मिलाउने प्रारम्भिक जिम्मेवारी दिने गरी वि.सं. १९८३ मा दाङ्देउखुरीमा 'मान्यजन कचहरी' को स्थापना सनद सवाल जारी गरी भएको पाइन्छ । स्थानीय निकायको आवश्यकता र महत्वलाई आत्मसात गर्दै ती निकायलाई विकास तथा राजस्व परिचालन गर्ने सम्बन्धी थप अधिकार प्रदान गर्दै अन्य क्षेत्रमा पनि ग्राम पञ्चायत र नगर पञ्चायतहरुको विस्तार भएको पाइन्छ । यसरी शुरु भएको स्थानीय निकायलाई पछि संविधानबाट नै मान्यता समेत प्रदान गरेको पाइएको छ । जुन निम्न अनुसार छ ।

### १.१ संवैधानिक विकासक्रम

नेपाल सम्बन्धी वैधानिक कानून २००४ मा विकेन्द्रीकरण सम्बन्धी गरेको प्रयासलाई संवैधानिक मान्यता दिने पहिलो प्रयास भएको पाइन्छ । उक्त संवैधानिक व्यवस्थाले पञ्चायत प्रणालीको अवधारणा विकास गरी गाउँ, नगर र जिल्ला पञ्चायत मार्फत प्रजा (जनता) लाई राज्य प्रणालीको हरेक अङ्गमा बढी मात्रामा सम्मिलित गराउने नीति लिएको देखिन्छ । *(स्थितिपत्र : २०६४)*

नेपालको अन्तरिम संविधान २००७ को धारा ५ मा "ग्राम पञ्चायत खडा गरी तिनीहरुलाई स्वायत्त शासन संस्थाको रुपमा काम गर्न आवश्यक अधिकार दिनेछ" भन्ने स्पष्ट उल्लेख गरी विकेन्द्रीकरणप्रति संवैधानिक प्रतिवद्धता जनाएको पाइन्छ । नेपाल अधिराज्यको संविधान २०१५ मा विकेन्द्रीकरण एवं स्वायत्त शासन सम्बन्धमा केही व्यवस्था गरेको देखिँदैन तर वि.सं. २०१५ सालमा संविधान जारी हुँदा नेपाल राज्य नगरपालिका ऐन २००७ र गाउँ पञ्चायत ऐन २०१३ अनुसार नगरपालिका र गाउँ पञ्चायतहरु कार्यरत रहेका थिए र तिनलाई निरन्तरता दिएको पाइन्छ । मन्त्रालयको कार्यक्षेत्र गाउँ पञ्चायत, नगरपालिका र जिल्ला पञ्चायतको प्रशासन र नियन्त्रण व्यवस्था योजना र कर नीति लगायतका विषय हेर्ने गरी जिम्मेवारी तोकेको पाइन्छ ।

नेपालको संधिान २०१९ ले "नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको निमित्त लोक सम्मती अनुकूल शासन व्यवस्था चलाउनु वाञ्छनीय भएको र त्यस्तो व्यवस्था जनजीवनमा आधारित राष्ट्रिय प्रतिभा र परम्परा सुहाउँदो तलैदेखि उठी सम्पूर्ण जनताको कृयाशील सहयोग पाउने र विकेन्द्रीकरणको सिद्धान्तलाई अँगाल्ने" विषय उल्लेख गर्दै विभिन्न तहका पञ्चायतहरु (गाउँ सभा/गाउँ पञ्चायत, नगर सभा/ नगर पञ्चायत, जिल्ला सभा/जिल्ला पञ्चायत र अञ्चल सभा र राष्ट्रिय पञ्चायत) र ६ वटा वर्गीय संगठनहरुको व्यवस्था गरी स्थानीय निकाय सम्वन्धि स्पष्ट व्यवस्था गरेको पाइन्छ ।

### १.२ प्रजातन्त्रको पुनर्वहाली पश्चात :

नेपाल अधिराज्यको संविधान, २०४७ ले "विकेन्द्रीकरणको माध्यमद्वारा जनतालाई आधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरुको उपयोग गर्न सक्ने व्यवस्था कायम गर्नु राज्यको मुख्य दायित्व" निर्धारण गरेको पाइन्छ र राष्ट्रिय सभाको गठन गर्दा "प्रत्येक विकास क्षेत्रका गाउँ र नगरका स्थानीय निकायका प्रमुख र उपप्रमुख तथा जिल्लाका स्थानीय निकायका प्रमुख, उपप्रमुख र सदस्यहरु मतदाता भएको निर्वाचक मण्डलद्वारा तत्तत् विकास क्षेत्रबाट

३/३ जनाका दरले निर्वाचित हुने १५ जना सदस्यहरु राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने व्यवस्थाले स्थानीय निकायलाई निरन्तरता दिने सोच बनाएको पाइन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले :

नीति निर्देशक सिद्धान्तमा "स्वायत्त शासनको माध्यमद्वारा जनतालाई शासनमा आधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरुको उपभोग गर्न सक्ने व्यवस्था कायम गर्नु राज्यको उद्देश्य रहने" व्यवस्था गरिएको छ ।

धारा १३८ मा "..........राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी लोकतान्त्रिक र अग्रगामी पुन:संरचना गरिने" व्यवस्थाका साथै धारा १३९ मा "............ मुलुकको शासन व्यवस्थामा जनताको बढी भन्दा बढी सहभागिता प्रवर्द्धन गर्न र जनतालाई स्थानीय स्तरमा नै सेवा उपलब्ध गराउन तथा लोकतन्त्रको स्थानीय स्तरदेखि नै संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त शासन सम्बन्धी निकायको निर्वाचन गरिने" प्रावधान राखिएको छ ।

धारा १४० मा "स्थानीय विकासका लागि स्वायत्त शासन सम्बन्धी निकायलाई सक्षम बनाउने साधन र स्रोतको परिचालन, विनियोजन र विकासको प्रतिफल सन्तुलित तथा न्यायोचित वितरणमा समानता कायम राखी स्थानीय स्तरका योजनाको पहिचान, तर्जुमा र कार्यान्वयनमा सम्बन्धित स्थानीय स्वयत्त शासन सम्बन्धी निकायलाई नै जवाफदेही बनाउने" र......राजस्व परिचालन र बाँडफाँड गर्दा मुलुकको सन्तुलित र समान विकास हुने गरी सामाजिक तथा आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग तथा समुदायको समग्र उत्थानका लागि विशेष ध्यान दिने" प्रतिबद्धता देखाएको छ ।

## १.३ विभिन्न विकेन्द्रीकरण एवं प्रशासन सुधार समितिको प्रतिवेदनको सारांश :

विकेन्द्रीकरणको प्रकृयाद्वारा स्थानीय निकायहरुको संस्थागत विकास, संरचना सुधार तथा क्षमतालाई सुदृढीकरण गरी केन्द्रीकृत प्रशासनिक तथा वित्तीय अधिकारहरुलाई क्रमश: स्थानीय निकायमा हस्तान्तरण गर्दै जाने सम्बन्धमा विभिन्न समयमा गठित आयोग र समितिहरुले दिएका महत्वपूर्ण सुझाव तथा सिफारिसहरु निम्नानुसार संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ *(विस्तृत विवरण अनुसूची १ र २ मा राखिएको छ)* ।

### क) विकेन्द्रीकरण आयोग र समितिका प्रतिवेदनहरु :

विकेन्द्रीकरण प्रकृयालाई सुदृढीकरण गर्ने अभिप्रायले सर्वप्रथम वि.सं. २०२० सालमा श्री विश्ववन्धु थापाको अध्यक्षतामा गठित प्रशासनिक शक्ति विकेन्द्रीकरण आयोगले "गाउँ/नगर/जिल्ला सभालाई विधायिका बनाउने र तत्तत् पञ्चायतलाई कार्यकारिणीको रुपमा कार्य गर्ने स्थानीय विषयमा उनीहरुको अधिकार केन्द्रीय सरकारको सरह हुने, स्थानीय शान्ति सुरक्षा, भ्रष्टचार निवारण जस्ता विषय पनि स्थानीय पञ्चायतलाई दिने स्थानीय स्तरका विकाससँग सम्बन्धित सबै कार्य तहगत रुपमा जिल्ला पञ्चायत/नगर पञ्चायत/गाउँ पञ्चायतमा विभाजन गरेर कार्य सञ्चालन गर्ने गराउने, ती कार्य सम्पादन गर्न आर्थिक अधिकार प्रदान गर्ने र स्थानीय स्तरमा झैझगडा मिलाउन न्यायिक अधिकार समेत दिने र न्यायधीशको नियुक्ति समेत स्थानीय स्तरबाट गर्ने विषयलाई प्रथम, संक्रमणकालिन र अन्तिम चरण गरी चरणबद्ध रुपमा पूर्ण निक्षेपणको परिकल्पना गर्दै यस्ता निक्षेपित स्थानीय पञ्चायतलाई 'आदर्श पञ्चायत' को रुपमा कायम गर्ने सिफारिस समेत गरेको पाइन्छ ।

वि.सं. २०२४ सालमा भोजराज घिमिरेको अध्यक्षतामा गठित विकेन्द्रीकरण समितिको "जिल्ला पञ्चायतलाई जिल्ला स्तरीय विकास योजना तर्जुमा र सञ्चालन गर्ने सम्पूर्ण अधिकार विकेन्द्रीकृत गर्नुपर्ने" सुझाव दिएको थियो र यो समिति विश्ववन्धु थापा आयोगले सिफारिस गरेको विषय तत्काल लागु नगर्ने निष्कर्षमा समेत पुगेको पाइन्छ । त्यस्तै २०२६ मा

श्री जयप्रकाशको अध्यक्षतामा गठित विकेन्द्रीकरण समितिले पनि केन्द्रमा रहेको विकास सम्बन्धी सबै अधिकारहरु जिल्ला सभा र जिल्ला पञ्चायतलाई दिनुपर्ने र साविकमा सचिवको हैसियतले प्रमुख जिल्ला अधिकारीले गर्दै आएको निर्णय कार्यान्वयन, रेखदेखको कार्य पञ्चायत विकास अधिकारी (PDO) लाई दिने र विकेन्द्रीकरणलाई प्रथम, संक्रमणकालिन र अन्तिम चरण गरी तीन चरणमा लागु गर्न सुझाव दिँदै केन्द्र स्तरमा पनि प्रधानमन्त्रीको अध्यक्षतामा विकेन्द्रीकरण समिति गठन गर्ने जस्ता सुझाव पेश गरेको थियो । *(स्थिति पत्र : २०६४)*

वि.सं. २०३८ सालमा श्री रणधीर सुब्बाको अध्यक्षतामा गठित विकेन्द्रीकरण उपसमितिले "गाउँ पञ्चायतलाई विकासको प्रारम्भिक तह बनाउने, विकाससँग सम्बन्धित जिल्ला स्तरीय कार्यालयलाई जिल्ला पञ्चायत सचिवालयको शाखाको रुपमा राख्ने, आवधिक योजना र सहभागितात्मक जिल्ला विकास योजना तर्जुमाको व्यवस्था, विकेन्द्रीकरण सम्बन्धी छुट्टै ऐन तर्जुमा, महालेखा परीक्षकको विभागबाट लेखापरीक्षण गर्ने, केन्द्रमा र स्थानीय स्तरमा विकेन्द्रीकरण अनुगमन समितिको व्यवस्था गाउँ/नगर र जिल्लास्तरका योजनाको वर्गीकरण र जिल्ला विकास योजना जिल्ला सभाबाट स्वीकृत गर्ने जस्ता विषय सिफारिस गरिएको थियो । इलाकास्तरमा गाउँ विकास समितिहरु मार्फत सेवा प्रभावकारी बनाउने उद्देश्यले सेवा केन्द्रको व्यवस्था गर्न समेत सुझाव पेश गरेको थियो र पञ्चायत तथा जग्गा विकास कर समेत लागु गरी स्थानीय निकायको आय बृद्धि गर्ने विषय समेत सिफारिस गरिएको थियो । उक्त उपसमितिको सिफारिस विकेन्द्रीकरण ऐन २०३९ र विकेन्द्रीकरण (कार्य व्यवस्था) नियमावली २०४१ जारी गरी कार्यान्वयनमा ल्याएको समेत पाइएको छ ।

कार्यान्वयनको हिसावमा टंक प्रसाद आचार्य र रणधीर सुब्बा आयोग/समितिको सिफारिस प्रायः सबै कार्यान्वयनमा आएको पाइएको छ ।

वि.सं. २०५३ सालमा तत्कालिन प्रधानमन्त्री श्री शेर बहादुर देउवाको अध्यक्षतामा गठित उच्चस्तरीय विकेन्द्रीकरण समितिले "स्थानीय स्तरका कार्यहरु, स्रोत साधन जुटाउने आर्थिक अधिकार, आफ्ना कर्मचारी आफै भर्ना गर्न सक्ने प्रशासनको अधिकार, केन्द्र र स्थानीय स्तरमा विभिन्न सरकारी/गैरसरकारी राजनीतिक दलसँग समन्वय गर्न समन्वय, अनुगमन तथा कार्यान्वयन समितिहरु, स्थानीय निकाय सेवा आयोगको गठन, समावेशी संरचनाको व्यवस्था र स्थानीय विकास मन्त्रालयलाई स्वायत्त शासन मन्त्रलयको रुपमा परिणत गर्नुपर्ने," जस्ता विषय सिफारिस गरेको र स्थानीय स्वायत्त शासन ऐन २०५५ र तत्सम्बन्धी नियमहरु २०५६ तत्काल जारी भई कार्यान्वयनमा ल्याएको पाइएको छ ।

वि.सं. २०५७ सालमा तत्कालीन रा.यो.आ. का उपाध्यक्ष डा. श्री शंकर प्रसाद शर्माको अध्यक्षतामा गठित स्थानीय निकाय वित्तीय आयोग, २०५७ ले वित्तीय विकेन्द्रीकरणका क्षेत्रमा देखा परेको चुनौती तथा समस्याहरुलाई सम्बोधन गर्न ठोस सुझाव प्रस्तुत गरेको पाइन्छ । जसअनुसार स्थानीय निकायको संख्याको पुनरावलोकन, स्थानीय प्राकृतिक एवं उद्योग व्यवसायमा कर लगाउने, केन्द्रीय राजस्व बाँडफाँडको मापदण्ड निर्धारण, कार्य जिम्मेवारी अनुसार अनुदानको व्यवस्था, लेखा र लेखापरीक्षण सम्बन्धी संस्थागत व्यवस्थाका साथै स्थानीय निकाय वित्तीय आयोगलाई स्थायित्व दिने विषय समेत सुझावका रुपमा प्रस्तुत गरिएको थियो । स्थानीय निकायको संख्या पुनरावलोलन तथा लेखापरीक्षण बोर्ड बाहेक कतिपय सुझावहरु कार्यान्वयनमा आएको पाइएको छ ।

२०५८ सालमा विकेन्द्रीकरण कार्यान्वयन तथा अनुगमन समितिको बैठकबाट विकेन्द्रीकरण कार्यान्वयन कार्ययोजना स्विकृत भई हाम्रो सन्दर्भमा विकेन्द्रीकरणलाई परिभाषित गर्दै निम्न नीतिगत व्यवस्था गरेको र पाँच वर्षभित्र विकेन्द्रीकरणका मूलभूत पक्ष र वित्तीय विकेन्द्रीकरणका बिषयलाई समयवद्ध गरी कार्ययोजनामा समावेश गरिएको ।

- ✓ प्रत्येक केन्द्रीय निकायले तहगत कार्य जिम्मेवारी बाँडफाँड गरी सम्बन्धित स्थानीय निकायमा निक्षेपण गर्ने ।
- ✓ कार्य जिम्मेवारीलाई सम्पादन गर्न आवश्यक रकम सम्बन्धित स्थानीय निकायमा पठाउने ।
- ✓ कार्य जिम्मेवारीलाई सम्पादन गर्न आवश्यक कर्मचारीको व्यवस्था गर्ने ।
- ✓ कर्मचारीको उत्तरदायित्व स्थानीय निकायप्रति हुने गरी व्यवस्था गर्ने ।

- ✓ केन्द्रीय निकायले स्थानीय निकायको क्षमता विकास गर्ने ।
- ✓ केन्द्रीय निकायले स्थानीय निकायका लागि बिषयगत मापदण्ड तयार गरी लागु गर्ने र उक्त मापदण्ड अनुसार निक्षेपित कार्य जिम्मेवारीपूर्वक भए नभएको अनुगमन गर्ने ।

तर २०५९ सालमा स्थानीय निर्वाचित पदाधिकारीको निर्वाचित अवधि समाप्त भई थप नभएको कारणले विकेन्द्रीकरण र निक्षेपणलाई संस्थागत गर्न सकिएन र कतिपय सुझावहरु कार्यान्वयनमा ल्याउने प्रयास भए तापनि कार्यान्वयन हुन सकेनन् ।

वि.सं. २०६० सालमा तत्कालीन स्थानीय विकास मन्त्री कमल थापाको अध्यक्षतामा गठित स्थानीय निकाय सुदृढीकरण उच्चस्तरीय समितिको "मापदण्डका आधारमा स्थानीय निकायको संरचना बनाउने वर्तमान गा.वि.स./जि.वि.स./न.पा. तथा क्षेत्रीय स्तरलाई क्रमशः ९६२ गाउँपालिका/नगरपालिका ७५, जिल्लापालिका ५ र क्षेत्रपालिका गठन गर्नुका साथै १२५६५ गाउँ/नगर विकास समिति समेत गाउँ/नगरपालिका तहभन्दा तल जराधार तहसम्म कार्य निक्षेपण गर्न उद्देश्य गठन गरी सुझाव पेश गरेको थियो तर उक्त प्रतिवेदन सार्वजनिक हुन सकेन ।

**ख) प्रशासन सुधार आयोग र समितिको प्रतिवेदनहरु :**

बि.सं. २००९ सालमा गठित 'बुच कमिशन' को सिफारिस विकेन्द्रीकरण भन्दा पनि प्रशासनका क्षेत्रमा वढी भएको र कार्यान्वयनमा त्यति आउन नसकेको पाइन्छ ।

नेपालको शासन व्यवस्थामा प्रशासकीय विकेन्द्रीकरणका लागि जिल्ला व्लक, मण्डल र गाउँ स्तरीय व्यवस्था तत्कालिन प्रधानमन्त्री श्री टंक प्रसाद आचार्यज्यूको अध्यक्षतामा गठित प्रशासकीय पुनर्गठन योजना आयोग २०१३ बाट आरम्भ भएको पाइन्छ । उक्त आयोगको छुट्टै कुनै प्रतिवेदन नभए तापनि प्रत्येक मुद्दाका लागि प्रतिवेदन लिँदै त्यसलाई तत्काल कार्यान्वयनमा ल्याउने पद्धतिको विकास गरिएकोले यो आयोग हालसम्म गठित सबै आयोग भन्दा कार्यान्वयनका लागि कोशे ढुंगाको रुपमा पाइन्छ र यस आयोगको प्रमुख उपलव्धिका रुपमा, प्रथम पञ्चवर्षीय योजनाको प्रारम्भ, योजना आयोगलाई सेवा आयोग र अन्य निजामती सेवालाई व्यवस्थित र संस्थागत गराउने उद्देश्यले निजामती सेवा ऐन २०१३ र तत्सम्बन्धी नियमावली तत्काल लागु भएको पाइएको छ ।

त्यसपछि वि.सं. २०२५ मा गठित श्री वेदानन्द झाको अध्यक्षतामा गठित प्रशासन सुधार आयोगको प्रतिवेदनमा प्रमुख जिल्ला अधिकारीको सट्टा पञ्चायत विकास अधिकारीलाई जिल्ला पञ्चायतको सचिव बनाई विकेन्द्रीकरणलाई प्रभावकारी बनाउने, कार्य फछ्र्यौट सम्बन्धी कार्यविधिलाई सरलीकरण गर्ने विकास सम्बन्धी कार्यालयहरु जिल्ला पञ्चायतको समन्वयमा कार्य गर्ने व्यवस्था र केन्द्रको जिम्मेवारीमा नीति निर्माण र रेखदेख कार्य राख्ने जस्ता सुझाव पेश गरेको पाइन्छ ।

उक्त सुझावमा पञ्चायत विकास अधिकारीलाई जि.पं.को सचिवमा रुपान्तरण र स्थानीय कार्यविधि नियमावली लागु भएको पाइन्छ ।

वि.सं. २०३२ सालमा श्री भेष बहादुर थापाको अध्यक्षतामा गठित प्रशासन सुधार आयोगले स्थानीय स्वायत्त सरकारको स्थापना गर्ने, विकासमूलक प्रशासनलाई परिभाषित गर्दै साधारण प्रशासनको सुदृढीकरणका साथै राष्ट्रिय आकांक्षा र आवश्यकता अनुरुपको योजना तर्जुमा गर्ने र स्वीकृत योजनालाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने सुदृढ संगठनात्मक क्षमता बृद्धि गर्ने जस्ता सुझाव पेश गरेको थियो ।

कार्यक्रम बजेटको संस्थागत विकास गर्ने, विकास कार्यमा जनसहभागिता जुटाउने, जिल्लाको संख्या घटाउने र प्रशासनिक विकेन्द्रीकरण गरी केन्द्र, विभाग, क्षेत्रीय निर्देशनालय, विकास योजना समितिको तहगत कार्य बाँडफाँड गर्ने र जिम्मेवार निकाय बनाउने सुझाव पेश गरिएको थियो ।

यस आयोगले गरेको सिफारिसमा "प्रशासनको विकास र विकास प्रशासन" लाई संस्थागत गराई कार्यक्रम बजेट प्रणाली लागु गर्ने सुझाव कार्यान्वयनमा आएको पाइएको छ ।

वि.सं. २०४८ सालमा तत्कालिन प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोईरालाको अध्यक्षतामा गठित प्रशासन सुधार आयोगको "स्थानीय निकायको संलग्नतामा हुनसक्ने कार्य ऐनबाट स्थानीय निकायलाई निक्षेपण गर्ने, स्रोत साधन र क्षमताको परिचालन गर्न स्थानीय निकायलाई उत्प्रेरित गर्ने, स्थानीय निकाय सेवा आयोगको व्यवस्था, स्थानीय विकास कोष स्थापना, जिल्लाको संख्या पुनरावलोकन गर्ने र स्थानीय स्वशासन तथा सामाजिक विकास मन्त्रालयलाई विकेन्द्रीकरणको प्रमुख जिम्मेवार निकाय बनाई अन्तराष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्थाहरुको समन्वय एवं समाज कल्याण परिषद्लाई उक्त मन्त्रालय अन्तर्गत सार्ने सुझाव पेश गरेको थियो ।

कतिपय यस आयोगका सुझाव स्थानीय स्वायत्त शासन ऐन २०५५ बाट पनि सम्बोधन गरिएको पाइन्छ ।

वि.सं. २०७० सालमा गठित प्रशासकीय अदालतका प्रमुख माननीय न्यायाधीश श्री काशीराज दाहालज्यूको अध्यक्षतामा गठित प्रशासन सुधार सुझाव समितिले पनि बदलिँदो परिप्रेक्ष्यमा स्थानीय निकायलाई स्थानीय सरकारको रुपमा रुपान्तरण गर्दै स्थानीय स्तरका विकास सम्बन्धी सम्पूर्ण अधिकारका साथै आर्थिक, प्रशासनिक एवं न्यायिक अधिकार समेत स्थानीय सरकारमा निक्षेपण गर्न सुझाव प्रस्तुत गरेको पाइएको छ ।

# भाग २

## बिभिन्न आयोग/समितिका सिफारिसहरुको कार्यान्वयन स्थिति

### २.१ कार्यान्वयनमा आएका प्रमुख सिफारिसहरु : बुँदागत प्रस्तुति

हालसम्म विकेन्द्रीकरण सम्बन्धमा ७ वटा आयोग तथा समिति र प्रशासन सुधार सम्बन्धमा ६ वटा आयोग तथा समिति गठन भई बिविध सुझावहरु प्राप्त भएका छन् । ती सुझावहरु तत्कालै कार्यान्वयनमा आउन नसके तापनि कुनै न कुनै रुपमा यस्ता सुझावहरुलाई ऐन कानून तर्जुमा गरी संस्थागत गर्ने प्रयास भएको पाइन्छ । ती प्रयासहरु संक्षेपमा निम्न अनुसार प्रस्तुत गरिएको छ :

- विकेन्द्रीकरणको नीति र सिद्धान्त अनुसार स्थानीय निकायलाई स्थानीय स्तरमा सक्षम र प्रभावकारी बनाउँदै जनताका चाहना, प्राथमिकता र आवश्यकतानुसारका सेवा सुविधामा तिनको पहुँच र सहभागिता बृद्धि गर्ने तर्फ कानुनी र संस्थागत संयन्त्र तथा कार्यविधिहरु लागू भएको पाइएको छ ।
- नेपालको विभिन्न भौगोलिक, जाति, सांस्कृतिक, भाषिक, विविधतालाई समावेशी विकासको अवधारणा अवलम्वन गरी सम्बोधन गर्दै नागरिकले आफ्नो विकासमा आफैं सहभागी हुने वातावरण सिर्जना भएको पाइएको छ ।
- बर्तमानमा ७५ वटा जिबिस, १३० नपा तथा ३६३३ गाविसबाट जनतालाई तिनकै छिमेकमा सेवा उपलव्ध गराई सेवा प्रवाहको र प्राप्तिको लागत घटाउने प्रयास भएको पाइएको छ ॥
- सामाजिक परिचालनबाट बिपन्न बर्ग सशक्तिकरण एवं सहभागितात्मक योजना तथा बजेट तर्जुमा प्रकृया अवलम्वनबाट स्थानीय निर्णय प्रकृयामा जनताको व्यापक र अर्थपूर्ण सहभागिता बृद्धि गरी स्थानीय नेतृत्वको विकास र स्थानीय प्रजातन्त्रलाई बलियो बनाउने प्रयास भएको पाइएको छ ।
- सरकारी गैरसरकारी एवं निजी क्षेत्रको सहकार्यमा स्थानीय निकायको समन्वयात्मक भूमिका बृद्धि गर्ने तर्फ प्रयास भएको पाइएको छ ।
- केन्द्रीय स्तरदेखि जराधार तह (Grass root) सम्मको संस्थागत सुदृढीकरण र आआफ्नो जिम्मेवारी निर्वाह गर्ने कानूनी, संस्थागत एवं योजनागत खाका प्रस्तुत भएको पाइएको छ ।
- राजनीतिक, आर्थिक, प्रशासनिक एवं बजार विकेन्द्रीकरणका माध्यमबाट निक्षेपणलाई व्यवस्थित गर्ने प्रयास गरिएको र चार वटा बिषयगत क्षेत्रमा (कृषि, शिक्षा, स्वास्थ्य तथा भौतिक पूर्वाधार) आंशिक रुपमा भए पनि निक्षेपणको प्रयास भएको पाइएको छ ।
- स्थानीय निकायका प्रत्येक तहको कार्य जिम्मेवारी, राजश्व संकलन र परिचालन, अन्तरसरकारी रकम प्रवाह प्रकृया र राजश्व बाँडफाँडबाट स्थानीय निकायलाई प्रभावकारी बनाउने, ऋण लिन सक्ने, आफ्नो योजना आफैं सहभागितामूलक समावेशी पद्धति अवलम्वन गरी तर्जुमा, संचालन, व्यवस्थापन, अनुगमन, मूल्यांकनको संस्थागत व्यवस्था कार्यान्वयन भएको पाइएको छ ।
- स्थानीय निकायको कार्यमा नागरिक र तिनका संस्थाहरु जस्तै वडा नागरिक मञ्च (Ward Citizen Forums), नागरिक सचेतना केन्द्र (CACs) एवं एकीकृत योजना तर्जुमा समितिहरु (IPFCs) बाट निरिक्षण, अनुगमन र पृष्ठपोषण गरी नागरिक संलग्नताको व्यवस्था भएको । यस व्यवस्थाबाट स्थानीय निकायको उत्तरदायित्व पारदर्शिता र जवाफदेहीता बृद्धि भई सेवा दिन सक्ने व्यवस्था भएको पाइएको छ ।
- स्थानीय निकायको क्षमता बृद्धिको लागि विविध कार्यक्रम जस्तै क्षमता विकास योजना, तालिम, गोष्ठी तथा अवलोकन भ्रमणहरु आयोजना गरी व्यक्तिगत तथा संस्थागत क्षमता विकासको प्रयासहरु भएको पाइएको छ ।

- आफ्नो संगठन संरचना र कर्मचारी भर्ना गर्न सक्ने बारे कानूनी व्यवस्था गर्ने तर्फ स्थानीय सेवा ऐनको मस्यौदा तर्जुमा तथा तत्कालका लगि नियमावलीद्वारा सम्बोधन गर्ने कार्य भएको छ ।
- निजामती सेवा ऐन र नियमावलीमा केन्द्रीय स्तरका निकायले स्थानीय निकायमा लामो अवधिसम्म कर्मचारी काजमा राख्न सक्ने व्यवस्था भएको छ ।
- स्थानीय निकायको वर्गीकरणको व्यवस्था भएको र वर्गीकरण अनुसारका स्थानीय निकायमा प्रशासनिक, आर्थिक र व्यवस्थापकीय अधिकार प्रदान गर्न सकिने ऐन नियममा प्रावधान रहेको छ ।
- स्थानीय निकाय अन्तर्गत आवश्यकता अनुसार विषयगत शाखा खोल्न सक्ने र केन्द्र सरकारले पनि उक्त संस्थाको स्थापना, संचालन र क्षमता बृद्धिमा प्राविधिक सहयोग पुऱ्याउने र सक्षम नहुञ्जेलसम्म स्थानीय निकायमा कर्मचारी काजमा पठाउन सक्ने ऐनमा व्यवस्था भएको छ ।
- केन्द्रीय स्तरमा सबै निकायसँग समन्वय गर्न उच्च स्तरीय विकेन्द्रीकरण कार्यान्वयन अनुगमन समिति र स्थानीय निकायको वित्तीय व्यवस्था सुदृढीकरण गर्न स्थानीय निकाय वित्तीय आयोगको व्यवस्था भएको र तिनका बैठकहरु पनि बस्ने गरेको पाइएको छ ।
- योजना आयोगबाट केन्द्रीय स्तर र जिल्ला स्तरीय योजनाको वर्गीकरण गर्ने व्यवस्था रहेको र भाग २ को कार्यक्रम पुस्तिकामा जिल्ला स्तरीय योजनाको विवरण राख्ने गरेको पाइएको छ ।
- न्यूनतम शर्त तथा कार्य सम्पादन (MCPM) मा आधारित प्रोत्साहित निशर्त अनुदान प्रणाली सूत्रका आधारमा स्थानीय निकायमा प्रवाह गर्ने व्यवस्था रहेको छ ।
- स्थानीय निकायलाई स्थानीय सरकारको रुपमा कार्य गर्ने गरी संस्थागत, प्रकृयागत तथा व्यक्तिगत क्षमता बृद्धिका कार्यक्रम माग र आपूर्ति पक्षलाई लक्षित गरी संचालनमा रहेको छ ।
- अन्तरिम संविधानको भावना अनुसार मन्त्रालयमा सङ्घीय र स्थानीय स्वायत्त शासन मामिला हेर्ने छुट्टै महाशाखा, शाखाको स्थापना भएको छ ।
- स्थानीय निकायको निर्वाचनका लागि स्थानीय स्वायत्त शासन ऐनमा न्यूनतम् संशोधन गरी संसद्मा विधेयक दर्ता भएको छ ।
- बढ्दो शहरीकरणलाई सम्बोधन गर्न हालै ७२ वटा थप नगरपालिकाको घोषणा र अन्य नगरपालिका गठनका लागि माग संकलन र समितिबाट अध्ययन कार्य जारी रहेको । यसले गाविसको संख्या घटाउनका साथै स्थानीय निकाय पुनर्संरचनामा र सक्षम स्थानीय निकाय विशेष गरेर गाउँ सरकार गठनमा सहयोग पुग्ने गरेको छ ।
- वित्तीय अनुशासन कायम गर्न जोखिम न्यूनीकरण आयोजना लागू गरिएको छ ।

## २.२ कार्यान्वयनमा आउन नसकेका प्रमुख बिषयहरु

उपरोक्त प्रयासका बावजुद निम्न बिषयहरु पर्याप्त मात्रामा सम्बोधन हुन सकेनन् :

- स्थानीय निकायमा बिगत १२ बर्षदेखि निर्वाचित पदाधिकारी नभएका कारणले स्वायत्त शासन सुदृढीकरण र निक्षेपणमा प्रत्यक्ष नकारात्मक असर पर्न गई विकेन्द्रीकरण कार्यान्वयनलाई संस्थागत गर्न नसकेको ।
- स्थानीय निकाय जिल्ला विकास समिति र गाउँ विकास समितिको ऐन र नियम बमोजिम वर्गीकरण हुन नसकेको ।
- स्थानीय निकायमा विषयगत शाखा स्थापना हुन नसकेको र कार्य जिम्मेवारी, विषयगत रकम र कर्मचारीलाई स्थानीय निकायप्रति उत्तरदायी हुने गरी भर्ना वा काजमा पठाउन नसकिएको र केन्दीय निकायबाट पनि स्थानीय निकायमा लामो अवधिसम्म कर्मचारी काजमा पठाउने व्यवस्था हुन नसकेको ।
- ऐनको भावना अनुसार स्थानीय स्तरमा स्थानीय स्वायत्त शासनसँग सम्बद्ध सबै कार्यालय/संस्थाको सञ्जाल तयार हुन नसकेको ।

- स्थानीय माग पक्षका चाहना र प्राथमिकताहरुलाई आपूर्ति पक्षबाट प्रभावकारी रुपमा सम्बोधन हुन नसकेको ।
- सशर्त तथा निशर्त अनुदानको एकमुष्ट बजेट अनुमान स्थानीय निकायमा पठाउन नसकिएको र स्थानीय निकायका योजनाहरु सम्बोधन गर्न केन्द्रमा संस्थागत व्यवस्था प्रभावकारी हुन नसकेको ।
- स्थानीय निकायमा विधायिकी अधिकार प्रयोग गरी विनियम बनाउने व्यवस्था संस्थागत हुन नसकेको ।
- विकेन्द्रीकरण कार्यान्वयन योजना (DIP) र वित्तीय विकेन्द्रीकरणको मार्गचित्र (ROAD MAP) प्रभावकारी एवं योजनाबद्ध रुपमा कार्यान्वयन हुन नसकेको ।
- स्थानीय निकायको न्यायिक कार्य संचालन गर्न संस्थागत व्यवस्था र न्यायिक अधिकार लागु हुन नसकेको ।
- स्थानीय निकायलाई ऋण उपलव्ध गराउन छुट्टै बैंक वित्तीय संस्थाको स्थापना हुन नसकेको (TDF ले आंशिक कर्जा नगरपालिकालाई प्रवाह गरे बाहेक) ।
- स्थानीय निकायको लेखापरीक्षण बोर्ड गठन हुन नसकेको र लेखा समिति पनि निर्वाचित निकायको अभावमा क्रियाशील हुन नसकेको ।
- स्थानीय निकायको कर प्रशासनको क्षमता बढ्न नसकेको र राजश्व बाँडफाँडबाट प्राप्त हुनुपर्ने रकम पनि भरपर्दो हुन नसकेको ।
- केन्द्रीय स्तरमा गठन भएका उच्च स्तरीय विकेन्द्रीकरण कार्यान्वयन तथा अनुगमन समिति (DIMC) तथा स्थानीय निकाय वित्तीय आयोग (LBFC) को प्रभावकारिता न्यून रहेको र विषयगत मन्त्रालयमा विकेन्द्रीकरण सम्बन्धी शाखा/महाशाखा पनि पनि क्रियाशील हुन नसकेको ।
- मन्त्रिपरिषद्मा विकेन्द्रीकरण समिति र संसदमा पनि स्थानीय स्वायत्त शासन सम्बन्धी विषय हेर्ने छुट्टै समिति गठन हुन नसकेको ।
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको भौतिक सम्पत्ति पर्याप्त भए तापनि त्यसको समयानुकुल कानुनी संरचना र संस्थागत क्षमता बृद्धि नभएका कारणले पर्याप्त उपलव्धि हासिल हुन नसकेको ।
- मन्त्रालयको नगर विकास महाशाखा र हाल गठित शहरी विकास मन्त्रालय बीचको समन्वय र स्थानीय नगरपालिकालाई प्रभावकारी कसरी गराउने भन्ने संयुक्त योजना र कार्य जिम्मेवारीको कमी रहेको ।
- क्षेत्रीय प्रशासन कार्यालय र विभाग दुवै निकाय चाहिने हुन् होइनन्, गठन भएका कतिपय आयोगका सिफारिस विपरित विभाग र मन्त्रालयको संख्यामा र केन्द्रीय संगठन बोझिलो भएको विषयमा पुनरावलोकन हुन नसकेको र संख्या घटाउन पनि नसकेको ।
- क्षेत्र, अञ्चल, जिल्ला र सेवा केन्द्र बीचको स्पष्ट खाका र संगठनहरु र तिनको समन्वय गर्ने बारेमा स्पष्टता नभएको ।
- गाउँ विकास समिति र जिल्ला विकास समितिको संख्या पुनरावलोकन गर्न विशेषज्ञ आयोग अद्यापि गठन हुन नसकेको ।

# भाग ३

## सङ्घीय प्रणालीमा हुनुपर्ने सङ्घीय सरकार अन्तर्गतका प्रादेशिक र स्थानीय सरकारका तह/ बृत्तगत कार्य जिम्मेवारी, संस्थागत तथा कानुनी व्यवस्थाका सम्बन्धमा देखिएका प्रमुख सिफारिसहरु

### ३.१ संगठनात्मक संरचना

केन्द्र एवं प्रदेश सरकारका साथै स्थानीय तहमा स्थानीय सरकारको गठन हुनु उपयुक्त हुनेछ । यस्ता सरकारहरु गठन गर्दा स्वायत्तताको आधारमा तीन वृत्त (केन्द्र, प्रदेश एवं स्थानीय सरकार) मा राखी सबै वृत्तमा जनताको प्रत्यक्ष निर्वाचनको माध्यमद्वारा आफ्ना प्रतिनिधिहरु पठाउन सक्ने व्यवस्था हुनु आवश्यक देखिन्छ । स्थानीय तथा प्रदेश सरकारहरु गठन गर्दा कस्तो निर्वाचन प्रणाली अवलम्वन गर्ने भन्ने राजनीतिक विषय भएकोले यसबारे आगामी संविधानमा व्यवस्था हुनु पर्नेछ । प्रादेशिक तथा स्थानीय सरकारलाई बढी प्रतिनिधिमूलक एवं सहभागितात्मक बनाउन यस्ता सरकारलाई समावेशी बनाउनु अनिवार्य हुन्छ । प्रादेशिक तथा स्थानीय सरकारको गठन गर्दा देहाय बमोजिम हुनु पर्नेछ :

क) संविधानले तोके अनुसारको प्रादेशिक सरकारको संख्या, तिनको निर्वाचन प्रणाली तथा अधिकार क्षेत्र रहनु पर्ने व्यवस्था कायम रहनु पर्ने ।

ख) केन्द्र, प्रादेशिक तथा स्थानीय सरकारको अन्तरसम्बन्ध संविधानले तोके बमोजिम हुने तर अन्तरसम्बन्ध निर्धारण गर्दा यी तीनै तहका सरकारहरुको आ-आफ्नो विषय क्षेत्रमा कानुनी रुपमा नै स्वायत्त हुनु पर्ने प्रावधान राख्नु पर्ने ।

ग) अन्तरराष्ट्रिय प्रचलन अनुसार केन्द्र सरकार अन्तरगत परराष्ट्र, रक्षा, मौद्रिक, वित्तीय एवं राष्ट्रिय नीति तर्जुमा, राष्ट्रिय मापदण्ड निर्धारण तथा पालना, राष्ट्रिय आन्तरिक तथा वाह्य सुरक्षा, नागरिकको सामाजिक र मौलिक हक र राज्यको संतुलित विकास तथा गरीबी निवारणका लागि पुनर्बितरण सम्बन्धी कार्य, राष्ट्रिय स्तरका भौतिक, आर्थिक तथा सामाजिक क्षेत्रका बृहत विकास योजना एवं राष्ट्रिय एकतामा दखल पार्न सक्ने संवेदनशील विषयहरु तथा अन्य यस्तै विषयहरु रहनु पर्ने ।

घ) राष्ट्रिय स्तरमा केन्द्रबाट कूल ग्राहस्थ उत्पादन (GDP), औषत राष्ट्रिय आय वा औषत विकास खर्चको निश्चित प्रतिशत प्रादेशिक एवं स्थानीय सरकारमा निश्चित मापदण्डका आधारमा निशर्त अनुदानको रुपमा प्रवाह गर्न पुलफण्ड खडा गर्ने र प्रादेशिक तथा स्थानीय सरकारको राजश्व सम्भाव्यताको अध्ययन विश्लेषण गर्ने । यसैगरी बिषयगत क्षेत्र सशर्त अनुदान प्रादेशिक एवं स्थानीय सरकारमा पठाउने सम्बन्धी मापदण्ड निर्धारण प्रादेशिक र स्थानीय सरकारको लेखा पालन, लेखापरीक्षण सम्बन्धी प्रकृयागत एवं संस्थागत सुझाव केन्द्र सरकारलाई दिन राष्ट्रिय स्तरमा वित्तीय आयोग गठन गर्नु पर्ने ।

ङ) केन्द्र प्रदेश एवं स्थानीय सरकारका बीच विवाद समाधान गर्न केन्द्रमा विवाद समाधान आयोग गठन हुनुपर्ने ।

च) मन्त्रिपरिषद्मा सङ्घीय मामिला र विकेन्द्रीकरण सम्बन्धी बिषय हेर्ने एउटा समितिको गठन हुनुपर्ने ।

छ) संसदमा सङ्घीय मामिला र विकेन्द्रीकरण सम्बन्धी विषय हेर्ने छुट्टै समितिको गठन हुनुपर्ने ।

ज) नयाँ संविधानको भावना अनुसार मुलुकभर प्रादेशिक तथा स्थानीय सरकार संचालन एवं व्यवस्थापन गर्न राष्ट्रले सबै तह/वृत्तलाई मान्य हुने गरी एउटा प्रादेशिक तथा स्थानीय सरकार संचालन ऐन जारी गर्ने व्यवस्था हुनुपर्ने ।

झ) केन्द्रीय सरकारले पनि प्रादेशिक अथवा स्थानीय सरकारमा कार्यक्रम योजना सञ्चालन गर्दा प्रादेशिक स्थानीय सरकारसँग समन्वय र सहमतीमा मात्र हुनुपर्ने व्यवस्था कायम गरिनुपर्ने ।

ञ) प्रादेशिक सरकार अन्तर्गत आफ्नो प्रदेशमा विद्यमान प्राकृतिक श्रोत साधनको परिचालन, विकास तथा सम्वर्द्धन, प्रादेशिक स्तरका भौतिक, आर्थिक तथा सामाजिक क्षेत्रका विकास योजनाहरु, प्रदेश अन्तर्गतको कर, शुल्क, दस्तुर आदि निर्धारण तथा असुली, प्रदेशमा संलग्न अन्तरराष्ट्रिय संघसंस्थाहरुसँग समन्वय, तिनको अनुगमन तथा तिनको सहयोगमा सञ्चालन हुने योजनाहरु केन्द्रको स्वीकृति र मापदण्ड बमोजिम सञ्चालन गर्ने, दुई वा दुई भन्दा बढी जिल्लामा पर्ने योजनाहरु सञ्चालन गर्ने आदि कार्य व्यवस्था हुनुपर्ने ।

ट) यसैगरी प्रादेशिक सरकारले जिल्लाबाट सिफारिस भई आएका विभिन्न योजना तथा कार्यक्रम आफैं वा जिल्ला सरकार मार्फत सञ्चालन गर्ने व्यवस्था हुनुपर्ने ।

ठ) प्रादेशिक सरकारले आन्तरिक सुरक्षा सम्बन्धी कार्य गर्ने व्यवस्था हुनुपर्ने ।

ड) प्रादेशिक सेवा आयोग (लोक सेवा, अख्तियर दुरुपयोग, अदालत, लेखापरीक्षण आदि जस्ता) संवैधानिक प्रकृतिका आयोगहरु केन्द्रका इकाईको रुपमा रहने वा संवैधानिक व्यवस्था बमोजिम प्रदेश सरकारले गठन गर्न सक्ने भन्ने राजनीतिक बिषय भएकोले यसबारे आगामी संविधानमा व्यवस्था गर्ने । यसै अनुरुप केन्द्रको मापदण्ड अनुसार प्रत्येक प्रदेशमा प्रादेशिक योजना आयोग, प्रादेशिक विश्वविद्यालय जस्ता निकायहरु खडा गर्ने व्यवस्था हुनुपर्ने ।

ढ) प्रादेशिक सरकारका लोक सेवा आयोगले प्रादेशिक तथा स्थानीय सरकारका लागि आवश्यक कर्मचारीहरु भर्ना, सरुवा तथा वृत्ति विकास कार्य समेत गर्ने व्यवस्था हुनुपर्ने ।

ण) प्रदेशभित्रका प्राकृतिक स्रोतबाट प्राप्त हुने आय, प्रादेशिक सरकारको हुने व्यवस्था कायम गर्ने र आवश्यकता अनुसार केन्द्र तथा स्थानीय सरकारमा बाँडफाँड गर्न सकिने व्यवस्था हुनुपर्ने ।

त) आय कर, मूल्य अभिबृद्धि करमा प्रादेशिक शिरोभार कर लागु गर्ने व्यवस्था हुनुपर्ने ।

थ) नियमन कर (Regulatory Function) जस्तै सवारी साधन रजिष्ट्रेशन, लाइसेन्स वितरण, इजाजत पत्र, आदि प्रादेशिक सरकारको कार्य क्षेत्रभित्र हुने व्यवस्था कायम गरिनु पर्ने ।

द) जनाधिकारमा आधारित सेवाहरु जस्तै स्वास्थ्य, शिक्षा, समाज कल्याण, खाद्य सुरक्षा, वातावरण संरक्षण जस्ता कार्यहरु प्रादेशिक तथा स्थानीय सरकारको कार्य क्षेत्रभित्र रहने व्यवस्था कायम हुनुपर्ने ।

ध) प्रदेश स्तरका प्राकृतिक स्रोतमा आधारित योजनाहरु जस्तै जलस्रोत, सिँचाई, प्रादेशिक वन, वैकल्पिक उर्जा, कृषि केन्द्रहरु, प्रादेशिक स्तरका उद्योगहरु आदि प्रादेशिक सरकारको कार्य क्षेत्रभित्र रहने व्यवस्था हुनुपर्ने ।

## ३.२ स्थानीय सरकारको संरचना तथा यसका कार्यहरु

### ३.२.१ जिल्ला सरकार

विगत लामो समयको स्थानीय सरकारको स्वरुपलाई हेर्दा स्थानीय जनता दुई तहका सरकारमा कार्य गर्न अभ्यस्त भएका देखिएका छन् । हाल आएर गाउँ तथा नगर तहमा मात्र स्थानीय सरकार गठन गर्दा विद्यमान ग्रामीण स्तरको सेवा प्रवाहको स्वरुपमा ठूलो परिवर्तन आउन सक्ने सम्भावना र सिर्जना गरिएका पूर्वधारहरु तथा अभिलेखहरुको सदुपयोग पनि हुन नसक्ने स्थिति उत्पन्न भई ग्रामीण तहका सेवा प्रवाहमा ठूलो असर पर्न सक्ने सम्भावना देखिन्छ । यस परिस्थितिमा

एकै तहका स्थानीय सरकार गठन गर्नु पर्ने भएमा पनि चरणबद्ध रुपमा यस कार्यक्रमलाई अघि बढाउनु उपयुक्त हुनेछ । हाल विद्यमान दुई तह (जिल्ला तथा गाउँ/नगर) का स्थानीय सरकार रहने गरी यसका संगठन, कार्य जिम्मेवारी श्रोत साधन र प्रशासनिक जिम्मेवारी लगायत नागरिक समाज तथा निजी क्षेत्रसितको सम्बन्ध कायम राख्नु उचित देखिन्छ ।

**जिल्ला सरकारको गठन, कार्य जिम्मेवारी, स्रोत साधन तथा प्रशासनिक जिम्मेवारी देहाय बमोजिम गर्ने व्यवस्था गरिनुपर्ने :**

क) जिल्ला सरकारको व्यवस्थापकीय अंगको रुपमा एउटा जिल्ला परिषद् र यसको कार्य कार्यकारिणीको रुपमा जिल्लापालिका रहने व्यवस्था गर्नु पर्ने ।

ख) जिल्लापालिकाको निर्वाचन मण्डल गाउँ तथा नगरपालिकाका निर्वाचित प्रतिनिधिहरु मध्येबाट जिल्ला परिषद्का लागि जनसंख्याका आधारमा १ देखि ५ जनासम्म समानुपातिक समावेशी रुपमा जिल्ला परिषद् सदस्य समेत हुने गरी निर्वाचन गरी पठाउने व्यवस्था कायम हुनुपर्ने ।

ग) जिल्लाको जनसंख्या, भौगोलिक क्षेत्र, साधन स्रोत, भौतिक तथा सामाजिक पूर्वाधारको स्तर, प्राकृतिक तथा आन्तरिक स्रोत परिचालन क्षमता तथा मानव विकास सूचकाङ्कका आधारमा जिल्ला सरकारको वर्गीकरण गर्नु पर्ने व्यवस्था हुनुपर्ने ।

घ) जिल्लाको विद्यमान यातायात तथा भौतिक सुविधाका आधारमा विशेषज्ञ सहितको आयोग गठन गरी प्रदेश सरकारको भौगोलिक क्षेत्रभित्र जिल्ला सरकारको संख्या, प्रादेशिक सरकारले निर्धारण गर्ने व्यवस्था हुनुपर्ने ।

ङ) जिल्लालाई देहायका कार्यहरु सम्पादन गर्ने गरी संविधानको अनुसूचीमा नै उल्लेख गर्ने व्यवस्था हुनुपर्ने :

१) जिल्लास्तरीय निम्न भौतिक, आर्थिक तथा सामाजिक पूर्वाधारका कार्यहरु :

- मुख्य र सहायक राजमार्गसित जोड्ने जिल्ला स्तरीय सडक, भवन, पुल पुलेसा, झोलुङ्गे पुल निर्माण आदि जस्ता भौतिक पूर्वाधारका कार्यहरु,
- नदी नियन्त्रण, सिँचाई, भू-क्षय खानेपानी तथा सरसफाई, एक मेगावाटसम्मको जल विद्युत, वैकल्पिक उर्जा, मझौला उद्योग, वन, भू-संरक्षण तथा जलाधार क्षेत्र, पर्यटन, स्थानीय आर्थिक विकास (रोजगारी सिर्जना, आयआर्जन, निजी सार्वजनिक साझेदारी तथा विविध) प्रकोप व्यवस्थापन, जलवायु परिवर्तन, सम्बन्धी गतिविधिहरु ।
- कृषि तथा पशुपालन एवं भू-उपयोग, बाँझो पर्ति जग्गाको स्वामित्त र उपयोग
- स्वास्थ्य सेवाहरु जस्तै जिल्ला अस्पताल र जनस्वास्थ्य
- शिक्षा सेवा जस्तै उच्च माध्यमिक तहसम्मको शिक्षा, महिला तथा बालबालिका विकास तथा सामाजिक सुरक्षा, युवा तथा खेलकुद, भाषा तथा संस्कृति
- आधारभूत तथ्याङ्क र श्रोत नक्साङ्कन

२) अन्तर गा.वि.स. सम्बन्धित जिल्ला स्तरीय कार्यहरु तथा गाउँपालिका (गा.पा.) तथा नपा बीच अन्तरसमन्वय सम्बन्धी कार्यहरु ।

च) जिल्ला सरकारका आयका स्रोतहरु निम्न अनुसार हुनु पर्ने व्यवस्था कायम गर्ने :

- प्राकृतिक स्रोतको बिक्रि एवं करका स्रोतहरु (जडिबुटी, ढुंगा, गिट्टी आदि) ।

- व्यवसायिक कृषि उत्पादनबाट हुने आम्दानी ।
- आफूले सिर्जना गरेका वा हस्तान्तरण भई आएका वा प्रस्तावित पूर्वाधारबाट प्राप्त हुने सेवा शुल्क ।
- जल विहार, पर्यटन आदिबाट हुने आम्दानी ।
- यातायात दर्ता, सवारी चालक अनुमति पत्र, उद्योग, पर्यटन, होटलको दर्ता शुल्क ।
- वन्यजन्तु आरक्षणबाट प्राप्त आयको निश्चित बाँडफाँड रकम ।
- पर्वतारोहण, पदयात्रा, ग्लाइडिङ्ग, आदिबाट प्राप्त हुने रकम ।
- राजस्व बाँडफाँड (केन्द्र र प्रादेशिक सरकारबाट प्राप्त, प्राकृतिक स्रोत, यातायात, पर्यटन एवं उद्योग, घर जग्गा बिक्रिको रजिष्ट्रेशन दस्तुर, खानी, पेट्रोलियम, जलस्रोत तथा प्राकृतिक स्रोत) ।
- ऋण लिए वापत प्राप्त रकम ।
- दातृ संस्थाबाट प्राप्त सहयोग रकम ।
- शशर्त वा निशर्त अनुदान तथा कार्यक्रम बजेट ।
- आम्दानी वापत केन्द्रीय, प्रादेशिक तथा स्थानीय सरकारलाई प्राप्त हुने रकम मध्येको बाँडफाँड रकम ।
- आयकर, बिक्रि कर, मूल्य अभिबृद्धि कर जस्ता करहरुबाट प्राप्त हुने आयको निश्चित प्रतिशत रकम ।

३) सहभागितामूलक, समावेशी, जिल्ला स्तरीय वार्षिक तथा आवधिक योजना तर्जुमा, सञ्चालन, व्यवस्थापन, अनुगमन एवं मूल्याङ्कन जस्ता कार्यहरुः–

क) एकीकृत जिल्ला विकास योजना तर्जुमा गर्दा माथि उल्लेख गरिएका कार्य जिम्मेवारी अनुसारका सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा वैदेशिक सहयोग अन्तर्गतका जिल्ला स्तरीय योजनाहरु समावेश हुनुपर्नेछ र जिल्ला स्तरीय वार्षिक तथा आवधिक योजना तर्जुमा गर्दा त्यसको सञ्चालन, व्यवस्थापन, अनुगमन एवं मूल्यांकन गर्दा सहभागितामूलक तथा समावेशी प्रकृया र तोकेका चरणहरु अवलम्वन गर्नु पर्नेछ ।

ख) केन्द्र र प्रादेशिक सरकारको लक्ष्य र उद्देश्य प्राप्तिमा स्थानीय स्तरका योजनाले सघाउ पुऱ्याएको हुनु पर्नेछ । यसका लागि प्रादेशिक, केन्द्रीय सरकारबाट जिल्ला सरकारलाई समयमै आवश्यक बजेट पूर्वानुमान र मार्गदर्शन प्राप्त हुनु पर्ने व्यवस्था कायम गर्नु पर्नेछ ।

ग) केन्द्र र प्रादेशिक सरकारले पनि स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्नु पर्दा स्थानीय जिल्ला सरकारसँग पूर्ण समन्वय गरी सञ्चालन गर्नु पर्नेछ ।

घ) योजना सञ्चालन गर्दा लक्षित समुदायलाई केन्द्र बिन्दुमा राखी तिनको सशक्तिकरण र सहभागितालाई विशेष प्राथमिकता दिई तर्जुमा र सञ्चालन गर्नु पर्नेछ ।

ङ) प्रादेशिक सरकारले जिल्ला स्तरीय योजनाको उपलब्धिमूलक अनुगमन, मूल्याङ्कन गर्नेछ र त्यसको पृष्ठपोषण जिल्लामा पठाउने छ र प्रादेशिक तथा जिल्ला स्तरीय योजनाका उपलब्धिमूलक प्रगति प्रतिवेदन केन्द्रमा पनि पठाउने पद्धतिको विकास प्रादेशिक सरकारले गर्ने व्यवस्था रहनु पर्नेछ ।

च) हाल प्रचलनमा रहेको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन प्रणाली (MCPM) लाई सशर्त अनुदानमा समेत लागु गर्न परीक्षण गर्ने र स्थानीय सरकारको उपलब्धिसँग आवद्ध गराई प्रोत्साहित अनुदान प्रणालीलाई संस्थागत गराउने व्यवस्था लागु गर्नु पर्नेछ ।

छ) जिल्ला सरकारले आफ्नो क्षेत्रभित्रका जिल्ला स्तरीय योजनाको समीक्षा गरी उपलब्धिमूलक प्रगति प्रतिवेदन वार्षिक रुपमा र उप नपा तथा गापाबाट प्राप्त परिणाममा आधारित सारांश प्रतिवेदन पनि प्रादेशिक सरकार समक्ष पेश गर्ने व्यवस्था कायम गर्नु पर्नेछ ।

४) संस्थागत व्यवस्था

क) प्रत्येक जिल्ला सरकारले संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरी आफ्नो जिल्लाको वर्गीकरण अनुसारको प्राप्त कार्य जिम्मेवारी तथा स्रोत साधन परिचालनका आधारमा प्रशासनिक संगठनको संरचना तयार गर्नु पर्नेछ । यस्ता संरचनाको तहगत दरबन्दी जिल्ला परिषद्बाट अनुमोदन गराई प्रादेशिक सरकारबाट स्वीकृत गराई लागु गर्नु पर्नेछ । यसका लागि विषयगत कार्यालय/विभागको समेत दरबन्दी स्वीकृत गराउनु पर्नेछ ।

ख) संगठन संरचना तहगत प्रणालीमा आधारित हुनेछ र जिल्लाको वर्गीकरण अनुसार कति तहको संरचना राख्ने भन्ने बारे जिल्ला परिषद्को सिफारिस तथा प्रक्षेपित आन्तरिक स्रोत साधनको आधारमा समेत प्रादेशिक सरकारले निर्णय गर्नेछ ।

ग) जिल्ला विकास अधिकारी लगायत जिल्ला स्तरीय विभागीय/कार्यालय प्रमुखहरु तथा लेखा प्रमुखहरु केही समयका लागि प्रादेशिक सरकारले निश्चित अवधिका लागि जिल्ला सरकारमा काजमा पठाउनेछ ।

घ) अन्य कर्मचारीहरु प्रादेशिक सेवा आयोगबाट सिफारिसका आधारमा सम्बन्धित जिल्ला सरकारले नियुक्त गर्नेछन् र त्यस्ता कर्मचारीहरुको सरुवा, बढुवा प्रादेशिक सरकारले तोकेको मापदण्डका आधारमा प्रदेशभित्र गर्नेछ ।

ङ) जिल्लामा स्थानीय सरकारको आफ्नो बेग्लै कोष रहने छ र त्यस्तो कोष वर्तमान स्वायत्त शासन ऐन, श्रोत परिचालन कार्यविधि तथा LBFAR का विधि अनुरुप नै सञ्चालन हुनेछ ।

च) जिल्ला परिषद्ले लेखा समितिको गठन गर्नेछ र यसैले जिल्लाको आय व्ययको समीक्षा गर्ने, प्राप्त लेखापरीक्षण प्रतिवेदनहरुमा समीक्षात्मक टिप्पणी सहित परिषद्मा पेश गर्ने तथा पेश्की बेरुजु फर्छ्यौट गर्ने कार्य गर्ने गराउने छ ।

छ) वर्तमानमा आन्तरिक लेखापरीक्षणको प्रभावकारिता न्यून देखिएको गुनासाहरु विद्यमान भएकाले प्रादेशिक सरकारले स्थानीय सरकार (जिल्ला तथा नगर) को आन्तरिक लेखापरीक्षणको व्यवस्था गर्ने गराउने छ ।

ज) अन्तिम लेखापरीक्षण वर्तमानमा झै महालेखा परीक्षकको कार्यालयले वा लेखापरीक्षण बोर्डले गर्ने व्यवस्था कायम गराउनु पर्नेछ ।

झ) जिल्ला स्तरमा आवश्यकता अनुसार विभिन्न योजना तर्जुमा समितिहरु, समन्वय समितिहरु र समस्या समाधान समिति, श्रोत प्रक्षेपण तथा परिचालन समितिहरु गठन गर्ने व्यवस्था गर्ने व्यवस्था हुनु पर्नेछ ।

ञ) आवश्यकता अनुसार सुशासन सञ्चालन तथा व्यवस्थापनका लागि नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक/सार्वजनिक परीक्षण जस्ता कार्यहरु प्रभावकारी रुपमा गर्ने व्यवस्था हुनु पर्नेछ ।

ट) जिल्ला सरकारले नगर/गाउँ सरकारलाई वार्षिक बजेट सिमा र मार्गदर्शन समयमै पठाउनु पर्ने व्यवस्था हुनु पर्नेछ ।

ठ) जिल्ला सरकारले आफ्नो आम्दानी र राजस्व बाँडफाँड गरी ५० प्रतिशत रकम नगर/गाउँ सरकारलाई पठाउनु पर्ने व्यवस्था हुनु पर्नेछ ।

ड) नगर/गाउँ सरकारलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने जिम्मेवारी जिल्ला सरकारको पनि हुनु पर्नेछ ।

ढ) जिल्ला सरकारले आफ्नो क्षेत्रभित्र गाउँ र नगर सरकारको जनसंख्या, भौगोलिक आकार, भौतिक तथा सामाजिक पूर्वाधार, प्राप्त हुने श्रोत साधन तथा आर्थिक अवसर तथा मानव सूचकाङ्कको आधारमा गापाको संख्या घटाउन बिशेषज्ञ सहितको समिति गठन गरी समितिको सिफारिसमा न्यूनतम संख्या निर्धारण गरी प्रादेशिक सरकारलाई स्वीकृतिको लागि सिफारिस गर्नेछ ।

ण) विशेषज्ञहरुको समितिबाट परामर्श लिई जिल्ला भित्रका गा.वि.स. तथा न.पा.हरुको क्षमता अनुरुप जिल्ला सरकारले वर्गीकरण गरी सो को सिफारिस प्रादेशिक सरकारमा पठाउने व्यवस्था कायम गरिनु पर्नेछ ।

### ३.२.२ नगर सरकार

### १) संगठन

क) प्रादेशिक सरकारले नगरपालिकाको भौगोलिक क्षेत्र निश्चित मापदण्डका आधारमा निर्धारण गर्नेछ र निर्धारित मापदण्डका आधारमा नगरपालिकाहरुलाई महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा उपनगरपालिकामा वर्गीकरण गर्नु पर्नेछ ।

ख) महानगरपालिका (Metro city) छुट्टै ऐनद्वारा गठन गर्नु पर्नेछ र तिनको कार्यगत सम्बन्ध सोझै केन्द्रीय सरकारसित हुनेछ ।

घ) उपमहानगरपालिका र नगरपालिकाको कार्यगत सम्बन्ध प्रादेशिक सरकारसित हुने छ ।

ङ) उपनगरपालिकाको कार्यगत सम्बन्ध जिल्ला सरकारसित हुनेछ ।

च) उपरोक्त बमोजिम निश्चित मापदण्डका आधारमा वर्गीकृत गरिएका नगरपालिकाहरुका वडा संख्या विशेषज्ञ समितिको सिफारिसमा सम्बन्धित सरकारले निर्धारण गर्नेछ ।

छ) न.पा.को प्रमुख, उपप्रमुख लगायत वडा सदस्यहरु प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित हुनेछन् र यसरी निर्वाचित परिषद सदस्यहरु नपाको व्यवस्थापिकाको रुपमा नगर परिषद्को सदस्य हुनेछन् । जिल्लाभित्रका उपनगरपालिकाहरुले तोकेको संख्यामा जिल्ला परिषद्मा प्रतिनिधित्व गराउन प्रतिनिधि समेत निर्वाचित गरी पठाउने हुनु पर्नेछ ।

झ) कार्यकारी प्रमुखले नगर कार्यकारिणी गठन गर्दा नगर परिषद सदस्यहरु मध्येबाट वा विशेषज्ञहरु मध्येबाट आफ्नो कार्यकारिणी आफै गठन गर्ने वा वर्तमानमा भएको व्यवस्था अनुसार वडा अध्यक्षहरु समाहित कार्यकारिणी बनाउने वा नगर परिषद्ले निर्वाचनद्वारा कार्यकारिणी गठन गर्ने भन्ने बारे राजनीतिक निर्णय हुनुपर्नेछ ।

झ) प्रमुख एवं कार्यकारिणी नगर परिषद्प्रति उत्तरदायी हुनु पर्ने र निजको अविश्वासको प्रस्ताव कार्यकालको दुई वर्ष नपुगी ल्याउन नपाउने व्यवस्था गर्ने । कथंकदाचित **य**स्तो प्रस्ताव ल्याउनु परेमा मतदाताहरुमा रायको लागि जानु पर्ने व्यवस्था गर्नु पर्नेछ ।

ञ) नगर क्षेत्रभित्रको अल्पसंख्यक (जाति, जनजाति, महिला, दलित आदि) को समुचित प्रतिनिधित्व नगरपरिषद् वा कार्यकारिणीमा हुने गरी वडा संख्याको आधारमा सम्बन्धित परिषद्ले आवश्यक सदस्य मनोनयनको व्यवस्था गर्ने । यस्ता मनोनित सदस्यलाई गणपूरक संख्यामा गणना नगर्ने व्यवस्था हुनु पर्नेछ ।

## २) कार्य जिम्मेवारी

नगरपालिकाको वर्गीकरण अनुसार विषयगत कार्य जिम्मेवारी निर्धारण गर्ने र देहायका कार्यहरु पूर्णतया निक्षेपण गर्नुपर्ने गरी संविधानको अनुसूचीमा राख्ने हुनु पर्नेछ :

क) भौतिक योजना (भूउपयोग तथा श्रोत नक्साङ्कन) सम्बन्धी ।

ख) नगर क्षेत्रभित्र फोहरमैला व्यवस्थापन, सरसफाई, वातावरण संरक्षण, हरियाली प्रवर्द्धन, वायु तथा ध्वनी प्रदुषण नियन्त्रण सम्बन्धी ।

ग) नगर क्षेत्रभित्र खानेपानी तथा ढल निकासका व्यवस्थापन, प्रशोधन, भौतिक पूर्वाधार (सडक, पुल, पुलेसा, सडक पेटी, विजुली, टेलिफोन टावरहरु, पार्क, बसपार्क, मनोरञ्जन स्थल, रङ्गशाला, पौडी पोखरी आदि) कामहरु सम्बन्धी ।

घ) नगर क्षेत्रभित्रको अस्पताल, नर्सिङ्गहोम्, क्लिनिक, औषधी पसलको दर्ता तथा नियमन कार्यहरु सम्बन्धी ।

ङ) जनताको स्वास्थ्यमा प्रत्यक्षरुपले असर पार्ने खाद्य सामग्रीको गुणस्तर नियन्त्रण, इजाजत पत्र, दर्ता, खारेजी सम्बन्धी ।

च) घर निर्माण सम्बन्धी भौतिक गुरुयोजना अनुसारको मापदण्ड निर्धारण र नक्सा पास सम्बन्धी ।

छ) अग्निसमन कार्य (दमकल), एम्बुलेन्स तथा शवबाहन, मसानघाट, आदिको व्यवस्था सम्बन्धी ।

ज) दैवीप्रकोप न्यूनीकरण, उद्धार, उपचारात्मक तथा राहत कार्य सम्बन्धी ।

झ) ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका स्थानहरु संरक्षण, सम्बर्द्धन र व्यवस्थापन सम्बन्धी ।

ञ) मेट्रो, रेलमार्ग, बसस्टप, सवारी पार्किङ्ग, रोपवे, हेलिप्याड सम्बन्धी कार्य ।

ट) शहरी संग्रहालय, सहीद पार्कको व्यवस्थापन सम्बन्धी ।

ठ) राष्ट्रिय तथा अन्तरराष्ट्रिय सभा भवनको निर्माण, संरक्षण तथा व्यवस्थापन सम्बन्धी ।

ड) भेष, भूषा, भाषा, लीपि तथा संस्कृतिको संरक्षण सम्बर्द्धन सम्बन्धी ।

ढ) व्यक्तिगत घटना दर्ता, नाता प्रमाणित, सामाजिक सुरक्षा, अत्यावश्यक सुरक्षा, झोपड वस्ती व्यवस्थापन सम्बन्धी ।

ण) फोहरमैला व्यवस्थापन, पुनःप्रयोग, प्रशोधन गर्ने केन्द्रको स्थापना व्यवस्थापन र नवीकरण उर्जा सम्बन्धी ।

त) विभिन्न सेवा तथा व्यवसायहरुको इजाजत, निरिक्षण तथा नविकरणको व्यवस्था सम्बन्धी ।

थ) नगरको तथ्याङ्क, प्रोफाईलको तयारी सम्बन्धी ।

द) घर नक्साङ्कन तथा नम्बरिङ्ग सम्बन्धी ।

ध) GIS, GPS तथा बिद्युतीय अभिलेख तथा सूचना प्रणालीको व्यवस्था सम्बन्धी ।

न) रात्री ल्कबहरु, होटल, रेष्टुरेन्ट तथा रात्री यातायातको व्यवस्था सम्बन्धी ।

प) केन्द्र तथा प्रादेशिक सरकारहरुबाट प्रत्यायोजित तथा अन्य विविध कार्यहरु ।

**३) योजना तर्जुमा**

क) नगरको आवधिक र वार्षिक योजना तयार पारी नगर परिषद्‌बाट स्वीकृत गराउने व्यवस्था कायम हुनु पर्ने ।

ख) यसका लागि सम्बन्धित सम्पर्क सरकारले आवश्यक बजेट पूर्वानुमान र मार्गदर्शन समयमै उपलब्ध गराउने व्यवस्था हुनु पर्ने ।

ग) बजेट पूर्वानुमान गर्दा एकमुष्ट र विषयगत रकम समेत समाहित गरी पठाउनु पर्ने ।

घ) नगर स्तरीय योजना एकीकृत सहभागितामूलक र समावेशी हुनु पर्ने र बस्ती/टोल/वडाको वासिन्दाका माग र प्राथमिकताका आधारमा तर्जुमा गर्नु पर्ने ।

ङ) न.पा.ले आवश्यकताका आधारमा विषयगत योजना तर्जुमा, अन्य समन्वय र सल्लाहकार समितिहरु गठन गर्न सक्ने व्यवस्था हुनु पर्ने ।

च) नगर क्षेत्रभित्र सञ्चालन हुने वा भएका विभिन्न सरकारी, गैरसरकारी, निजी र दातृ संस्थाका योजनाहरु न.पा.को योजना तर्जुमा समितिभित्र समावेश भएको हुनु पर्ने । केन्द्र र प्रादेशिक स्तर योजना सञ्चालन गर्दा सम्बन्धित न.पा.को सहमतीमा मात्र संचालन गर्ने पद्धतिको विकास गर्न सक्ने व्यवस्था हुनु पर्ने ।

छ) केन्द्र वा प्रादेशिक सरकारले योजना कार्यक्रम सञ्चालन गर्न आवश्यक भौतिक प्राविधिक सहयोग न.पा.को माग बमोजिम उपलब्ध गराउनु पर्ने व्यवस्था हुनु पर्ने ।

ज) केन्द्र वा प्रादेशिक सरकारले न.पा.सित साझेदारीमा विकास योजना सञ्चालन गर्न सक्नेछन् । त्यसैगरी निजी तथा अन्य क्षेत्रसितको साझेदारीमा पनि काम गर्न सक्ने व्यवस्था हुनु पर्ने ।

झ) योजनाको कार्यान्वयनको जिम्मेवारी सम्बन्धित विषयका सरकारी, गैरसरकारी, निजी कार्यालय मार्फत गराउनु पर्ने र राजनीतिक व्यक्तिहरुले अनुगमन तथा सुपरिवेक्षण गर्ने । चौमासिक समीक्षा पछि सम्बन्धित कार्यालयलाई निर्देशन दिन सक्ने व्यवस्था हुनु पर्ने ।

ञ) सम्बन्धित कार्यालयले चौमासिक प्रगति प्रतिवेदन न.पा.को कार्यकारी समक्ष पेश गर्ने र न.पा.ले वार्षिक रुपमा उपलब्धिमूलक प्रगति प्रतिवेदन सम्बन्धित सरकार समक्ष पेश गर्न सक्ने व्यवस्था हुनु पर्ने ।

ट) न.पा.ले सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता सुशासनका औजारहरु लागु गर्ने र व्यापक जनसहभागिता र पारदर्शीता कायम गर्न सक्ने व्यवस्था हुनु पर्ने ।

ठ) न.पा.ले योजना कार्यान्वयन गर्दा ठेकेदार वा उपभोक्ता समिति कसबाट गराउने हो सो बारे योजनाको प्रकृति अनुसार मापदण्ड निर्धारण गरी आफ्नो परिषद्‌बाट स्वीकृत गराई राख्नु पर्ने व्यवस्था हुनु पर्ने ।

ङ)	विकास निर्माण योजना राष्ट्रिय तथा प्रादेशिक लक्ष्य उद्देश्यमा योगदान पुऱ्याउने किसिमको हुनु पर्ने ।

**४)	आर्थिक श्रोत संकलन तथा व्यवस्थापन**

न.पा.को आयस्रोत आफ्नो स्वआर्जन, वाह्य सशर्त वा निशर्त अनुदान, कार्यक्रम बजेट तथा ऋण, दान दातव्य र वाह्य लगानीमा आधारित हुनेछ । न.पा.को आन्तरिक एवं अन्य स्रोतहरु देहाय बमोजिम हुनेछन् :-

क) आन्तरकि स्रोत

- घर जग्गा कर
- सवारी कर
- एकीकृत सम्पत्ति कर
- घर वहाल कर
- व्यवसाय कर
- प्राकृतिक स्रोत उपयोग र बिक्री कर
- मनोरञ्जन कर
- अन्य कर

ख) दस्तुर
- इजाजत सिफारिस तथा नक्सापास
- निवेदन
- अचल सम्पत्ति मूल्याङ्कन

ग) शुल्क

-पार्किङ्ग

-श्रृजित पूर्वाधार तथा विकास शुल्क

- सेवा

- मनोरञ्जन कर

घ) केन्द्र, प्रादेशिक तथा जिल्ला सरकारबाट प्राप्त हुने सशर्त, निःशर्त अनुदान तथा कार्यक्रम बजेट

ङ) चन्दा, दान दातव्य तथा उपहार वापत प्राप्त आय ।

च) अन्य आयः- दण्ड जरिवाना आदि

छ) राजश्व बाँडफाँड

आम्दानी वापत केन्द्रीय, प्रादेशिक तथा जिल्ला सरकारलाई प्राप्त भएको रकम मध्येको बाँडफाँड रकम ।

आयकर, बिक्रि कर, मूल्य अभिबृद्धि कर, मालपोत जस्ता करहरुबाट प्राप्त हुने आयको निश्चित प्रतिशत रकम ।

ज) भौतिक पूर्वाधार विकासका लागि नपाहरुले राष्टिञय तथा अन्तरराष्टिञय वित्तीय संस्थाहरुबाट ऋण लिन सक्ने ।

झ) सम्बन्धित सरकारले तोकेको आन्तरिक लेखापरीक्षकबाट लेखापरीक्षण र महालेखा परिक्षकबाट वा लेखापरीक्षण बोर्डबाट अन्तिम लेखापरीक्षण गर्ने व्यवस्था गर्नु पर्ने ।

ञ) नगर परिषद्बाट लेखा समिति गठन हुने र उक्त लेखा समितिले आय व्यय सम्बन्धी व्यवस्थाका साथै लेखापरीक्षणको समीक्षा गरी परिषद्मा पेश गर्ने र पेश्की बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गर्ने ।

**५) संगठनात्मक संरचना**

क) न.पा.को वर्गीकरण अनुसार संगठन तथा व्यवस्थापन (O&M) गरी संगठनात्मक संरचना तथा तहगत दरवन्दी न.पा.परिषद्बाट अनुमोदन गराई सम्बन्धित सरकारबाट स्वीकृत गराउने व्यवस्था हुनु पर्ने ।

ख) यसका लागि विषयगत कार्यालय/विभागको समेत दरबन्दी स्वीकृत गराउनु पर्ने व्यवस्था हुनु पर्ने ।

ग) दरबन्दी स्वीकृत गर्दा सम्बन्धित तहगत प्रणाली अन्तर्गत गरिनेछ र कति तह रहने भन्ने विषय न.पा.को वर्गीकरण अनुसार हुने व्यवस्था कायम गरिनु पर्ने ।

घ) दरबन्दी अनुसारको कर्मचारीको भर्ना, पदोन्नति तथा सरुवा सम्बन्धित सरकारले गर्ने व्यवस्था कायम गरिनु पर्ने ।

ङ) कार्यकारी अधिकृत वा विभागीय/कार्यालय प्रमुख सम्बन्धित सरकारले निश्चित समयका लागि काजमा पठाउन सक्ने व्यवस्था कायम गर्नु पर्ने ।

**६) न्यायिक अधिकार**

नगरपालिकाको न्यायिक अधिकारको तह यसको वर्गीकरण अनुसार हुनेछ । सामान्यतया यस्ता अधिकार निम्न बमोजिम हुनु पर्नेछ :–

क) साँध, सिमाना, सन्धिसर्पन, नक्साङ्कन आलीधुर, बाँध पैनी, कूलो वा पानीको बाँडफाँड तथा सडक बाटो वा निकास वा सार्वजनिक पर्ति, नदी, बगर मिचेको मुद्दा

ख) बाली, ज्याला मजदुरी सम्बन्धी

ग) नागरिकको सम्पत्तिको संरक्षण सम्बन्धी

घ) चौपायाको व्यवस्थापन सम्बन्धी

ङ) बिभिन्न कर लगाउने, उठाउने सम्बन्धी

### ३.२.३ गाउँ सरकार

**१) संगठन**

क) जिल्ला सरकारले निश्चित मापदण्डका आधारमा गाउँ सरकारको भौगोलिक क्षेत्र निर्धारण गर्नेछ ।

ख) निर्धारित मापदण्डका आधारमा गाउँ सरकारलाई बिभिन्न तहमा वर्गीकरण गर्न सकिनेछ ।

ग) गाउँ सरकारको कार्यगत सम्बन्ध जिल्ला सरकारसित हुनेछ ।

घ) विशेषज्ञको समितिको सिफारिसमा प्रत्येक गाउँ सरकारलाई जिल्ला सरकारले निश्चित वडा संख्यामा विभाजन गर्नेछ यस्ता वडा गाउँ सरकारको जनसंख्या, भौगोलिक एवं सामाजिक बनावटको आधारमा घटबढ हुन सक्नेछन् ।

ङ) गाउँ सरकारको प्रमुख, उपप्रमुख लगायत वडा सदस्य तथा परिषद सदस्यहरु प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित हुनेछन् ।

च) गाउँ सरकारको प्रमुख, उपप्रमुख लगायत वडा सदस्यहरु प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित हुनेछन् र यसरी निर्वाचित परिषद सदस्यहरु गाउँ सरकारको व्यवस्थापिकाको रुपमा गाउँ परिषद्को सदस्य हुनेछन् । जिल्लाभित्रका गाउँ सरकारहरुले आ-आफ्नो क्षेत्रबाट तोकेको संख्यामा जिल्ला परिषद्मा प्रतिनिधित्व गराउन प्रतिनिधि समेत निर्वाचित गरी पठाउनेछन् ।

छ) गाउँपालिका प्रमुखले गापा कार्यकारिणी गठन गर्दा गाउँ परिषद सदस्यहरु मध्येबाट वा विशेषज्ञहरु मध्येबाट आफ्नो कार्यकारिणी आफैं गठन गर्ने वा वर्तमानमा भएको व्यवस्था अनुसार वडा अध्यक्षहरु समाहित कार्यकारिणी बनाउने वा गाउँ परिषद्ले निर्वाचनद्वारा कार्यकारिणी गठन गर्ने भन्ने बारे राजनीतिक निर्णय हुनु पर्नेछ ।

ज) गाउँ सरकारको प्रमुख एवं कार्यकारिणी गाउँ परिषद्प्रति उत्तरदायी हुनु पर्ने र निजको अविश्वासको प्रस्ताव कार्यकालको दुई वर्ष नपुगी ल्याउन नपाउने व्यवस्था गर्ने । कथंकदाचित यस्तो प्रस्ताव ल्याउनु परेमा मतदाताहरुमा रायको लागि जानुपर्ने व्यवस्था गर्नु पर्नेछ ।

झ) गाउँ सरकारको क्षेत्रभित्रको अल्पसंख्यक (जाति, जनजाति, महिला, दलित आदि) को समुचित प्रतिनिधित्व गाउँ परिषद् वा कार्यकारिणीमा हुने गरी सम्बन्धित परिषद्ले मनोनयनको व्यवस्था गर्ने । यस्ता मनोनित सदस्यलाई गणपूरक संख्यामा गणना नगर्ने व्यवस्था कायम गरिनु पर्नेछ ।

## २) कार्य जिम्मेवारी

गाउँ सरकारलाई देहायका कार्यहरु पूर्णतय निक्षेपण गर्नुपर्ने :–

क) गाउँ क्षेत्रको भौतिक योजना (भू-उपयोग तथा श्रोत नक्साङ्कन) सम्बन्धी ।

ख) गाउँ क्षेत्रभित्र फोहरमैला व्यवस्थापन, सरसफाई, वातावरण संरक्षण, वायु प्रदुषण नियन्त्रण सम्बन्धी ।

ग) गाउँ क्षेत्रभित्र खानेपानी तथा ढल निकास निर्माण, व्यवस्थापन, प्रशोधन, भौतिक पूर्वाधार (सडक, पुलेसा, विजुली, टेलिफोन टावरहरु, पार्क, बसपार्क, मनोरञ्जन स्थल आदि) कामहरु सम्बन्धी ।

घ) फोहरमैला व्यवस्थापन, पुन प्रयोग, प्रशोधन गर्ने केन्द्रको स्थापना व्यवस्थापन र नविकरण उर्जा सम्बन्धी ।

ङ) गाउँ क्षेत्रभित्रको स्वास्थ्य केन्द्र, चौकी, उप-स्वास्थ्य चौकी, क्लिनिक, नर्सिङ्गहोम, औषधी पसलको दर्ता तथा नियमन कार्यहरु सम्बन्धी । जनताको स्वास्थ्यमा प्रत्यक्षरुपले असर पार्ने खाद्य सामग्रीको गुणस्तर नियन्त्रण, इजाजत पत्र, दर्ता, खारेजी सम्बन्धी ।

च) घर निर्माण सम्बन्धी भौतिक गुरुयोजना अनुसारको मापदण्ड निर्धारण र नक्सा पास सम्बन्धी तथा घर नक्साङ्कन तथा नम्बरिङ्ग सम्बन्धी ।

छ) एम्बुलेन्स तथा शवबाहन, मसानघाट आदिको व्यवस्था सम्बन्धी ।

ज) दैवी प्रकोप न्यूनीकरण, उद्धार, उपचारात्मक तथा राहत कार्य सम्बन्धी ।

झ) ऐतिहासिक, सांस्कृतिक, धार्मिक तथा पुरातात्विक महत्वका स्थानहरु संरक्षण, सम्बर्द्धन र व्यवस्थापन सम्बन्धी ।

ञ) बसस्टप, सवारी पार्किङ्ग सम्बन्धी ।

ट) स्थानीय भेषभूषा, भाषा, लीपि संस्कृतिको संरक्षण सम्बर्द्धन सम्बन्धी ।

ठ) व्यक्तिगत घटना दर्ता, नाता प्रमाणित, सामाजिक सुरक्षा, अत्यावश्यक सुरक्षा, झोपड वस्ती व्यवस्थापन सम्बन्धी ।

ड) विभिन्न सेवा तथा व्यवसायहरुको इजाजत, निरिक्षण तथा नविकरणको व्यवस्था सम्बन्धी ।

ढ) गाउँको तथ्याङ्क, प्रोफाईलको तयारी सम्बन्धी ।

ण) GIS तथा GPS तथा बिद्युतीय अभिलेख तथा सूचना प्रणालीको व्यवस्था सम्बन्धी ।

त) निम्न प्राकृतिक स्रोतको संरक्षण तथा अन्य विषयगत कार्यहरुः

- नदी नियन्त्रण, सिँचाई, भू-क्षय खानेपानी तथा सरसफाई, लघु जल विद्युत, वैकल्पिक उर्जा, घरेलु तथा साना उद्योग, सामुदायिक वन, भू-संरक्षण तथा जलाधार क्षेत्र, पर्यटन, स्थानीय आर्थिक विकास (रोजगारी सिर्जना, आयआर्जन, निजी सार्वजनिक साझेदारी तथा विविध) सम्बन्धी गतिविधिहरु ।
- कृषि तथा पशुपालन, सहकारी एवं भू-उपयोग, बाँझो पर्ति जग्गाको स्वामित्त र उपयोग ।
- प्राथमिक तथा माध्यमिक तहसम्मको शिक्षा, महिला तथा बालबालिका विकास तथा सामाजिक सुरक्षा, युवा तथा खेलकुद, भाषा तथा संस्कृति ।
- आधारभूत तथ्याङ्क र श्रोत नक्साङ्कन, प्रकोप व्यवस्थापन, जलवायु परिवर्तन ।

थ) केन्द्र, प्रादेशिक तथा जिल्ला सरकारहरुबाट प्रत्यायोजित तथा अन्य विविध कार्यहरु ।

द) अन्तर गाउँ सरकार तथा सम्बन्धित जिल्ला स्तरीय कार्यालयहरु र गाउँपालिका क्षेत्रभित्र कार्यरत सरकारी गैरसरकारी निजी क्षेत्रसँग तथा नपा बीच अन्तरसमन्वय सम्बन्धी कार्यहरु ।

### ३) योजना तर्जुमा

क) गाउँको आवधिक र वार्षिक योजना तयार पारी गाउँ परिषद्बाट स्वीकृत गराउने व्यवस्था हुनु पर्ने ।

ख) यसका लागि सम्बन्धित जिल्ला सरकारले आवश्यक बजेट पूर्वानुमान र मार्गदर्शन समय मै उपलव्ध गराउने व्यवस्था हुनु पर्ने ।

ग) बजेट पूर्वानुमान गर्दा एकमुष्ट र विषयगत रकम समेत समाहित गरी पठाउनु पर्ने व्यवस्था हुनु पर्ने ।

घ) गाउँ स्तरीय योजना एकीकृत सहभागितामूलक र समावेशी हुनु पर्ने र बस्ती/टोल/वडाको वासिन्दाका माग र प्राथमिकताका आधारमा तर्जुमा गर्नु पर्ने व्यवस्था हुनु पर्ने ।

ङ) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने वा भएका विभिन्न सरकारी, गैरसरकारी, निजी र दातृ संस्थाका योजनाहरु गाउँपालिकाको योजना तर्जुमा समितिभित्र समावेश भएको हुनु पर्ने व्यवस्था कायम गर्नु पर्ने ।

च) प्रादेशिक वा जिल्ला सरकारले योजना कार्यक्रम सञ्चालन गर्न आवश्यक भौतिक प्राविधिक सहयोग गाउँपालिकाको माग बमोजिम उपलव्ध गराउनु पर्ने व्यवस्था हुनु पर्ने ।

ज) प्रादेशिक वा जिल्ला सरकारले गाउँ सरकारसित साझेदारीमा विकास योजना सञ्चालन गर्न सक्ने व्यवस्था हुनु पर्ने ।

झ) योजनाको कार्यान्वयनको जिम्मेवारी सम्बन्धित विषयका सरकारी, गैसस, निजी क्षेत्रका कार्यालय मार्फत गराउनु पर्ने र राजनीतिक व्यक्तिहरुले अनुगमन तथा सुपरिवेक्षण गर्ने । चौमासिक समीक्षापछि सम्बन्धित कार्यालयलाई निर्देशन दिन सक्ने व्यवस्था हुनु पर्ने ।

ञ) सम्बन्धित कार्यालयले चौमासिक प्रगति प्रतिवेदन गाउँ सरकारको कार्यकारी समक्ष पेश गर्ने र गाउँपालिकाले वार्षिक रुपमा उपलव्धिमूलक प्रगति प्रतिवेदन जिल्ला सरकार समक्ष पेश गर्ने व्यवस्था हुनु पर्ने ।

ट) गाउँ सरकारले सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता सुशासनका औजारहरु लागु गर्ने र व्यापक जनसहभागिता र पारदर्शीता कायम गर्ने व्यवस्था हुनु पर्ने ।

ठ) गाउँ सरकारले योजना कार्यान्वयन गर्दा ठेकेदार वा उपभोक्ता समिति कसबाट गराउने हो सो बारे मापदण्ड निर्धारण गरी आफ्नो परिषद्बाट स्वीकृत गराई राख्नु पर्ने व्यवस्था हुनु पर्ने ।

ड) विकास निर्माण योजना प्रादेशिक तथा जिल्लाको विकास लक्ष्य उद्देश्यमा योगदान पुऱ्याउने किसिमको हुनु पर्ने ।

## ४) आर्थिक श्रोत संकलन तथा व्यवस्थापन

गाउँपालिकाको आयस्रोत आफ्नो स्वआर्जन, वाह्य सशर्त वा निशर्त अनुदान, कार्यक्रम बजेट तथा ऋण, दान दातव्य र वाह्य लगानीमा आधारित हुनेछ । गाउँपालिकाको आन्तरिक एवं अन्य स्रोतहरु देहाय बमोजिम हुनेछन् :-

क) आन्तरिक स्रोत

– घर जग्गा कर
– एकीकृत सम्पत्ति कर
– मालपोत कर
– हाट, बजार, पसल कर
– सवारी साधन कर
– घर वहाल कर
– व्यवसाय कर
– प्राकृतिक स्रोत उपयोग र बिक्री कर
– अन्य कर

ख) दस्तुर:-

- इजाजत सिफारिस तथा नक्सा पास
- निवेदन
- घर जग्गा मूल्यांकन सिफारिस
- अचल सम्पत्ति मूल्याङ्कन

ग) सेवा शुल्क

- पार्किङ्ग
- श्रृजित पूर्वाधार तथा विकास शुल्क
- सेवा
- मनोरञ्जन कर

घ) केन्द्र, प्रादेशिक तथा जिल्ला सरकारबाट प्राप्त हुने सशर्त, निशर्त अनुदान तथा कार्यक्रम बजेट

ङ) चन्दा, दान दातव्य तथा उपहार वापत प्राप्त आय ।

च) अन्य आय :- दण्ड जरिवाना आदि

छ) राजश्व बाँडफाँड

आम्दानी वापत केन्द्रीय, प्रादेशिक तथा जिल्ला सरकारलाई प्राप्त भएको रकम मध्येको बाँडफाँड रकम । आयकर, बिक्रि कर, मूल्य अभिबृद्धि कर, मालपोत जस्ता करहरुबाट प्राप्त हुने आयको निश्चित प्रतिशत रकम ।

ज) भौतिक पूर्वाधार विकासका लागि गाउँपालिकाहरुले राष्टि्रय तथा अन्तरराष्टि्रय वित्तीय संस्थाहरुबाट ऋण लिन सक्ने ।

झ) सम्बन्धित सरकारले तोकेको आन्तरिक लेखापरीक्षकबाट लेखापरीक्षण र महालेखा परीक्षकबाट वा लेखापरीक्षण बोर्डबाट अन्तिम लेखापरीक्षण गर्ने व्यवस्था गर्नु पर्ने ।

ञ) गाउँ परिषद्बाट लेखा समिति गठन हुने र उक्त लेखा समितिले आय व्यय सम्बन्धी व्यवस्थाका साथै लेखापरीक्षणको समीक्षा गरी परिषद्मा पेश गर्ने र पेश्की बेरुजु फछ्र्योट गर्ने व्यवस्था गर्ने ।

## ५) संगठनात्मक संरचना

क) गाउँपालिकाको वर्गीकरण अनुसार संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरी संगठनात्मक संरचना तथा तहगत दरवन्दी गाउँपालिका परिषद्बाट अनुमोदन गराई सम्बन्धित जिल्ला सरकारबाट स्वीकृत गराउने व्यवस्था हुनु पर्नेछ ।

ख) यसका लागि विषयगत कार्यालय/विभागको समेत दरबन्दी स्वीकृत गराउनु पर्नेछ ।

ग) दरबन्दी स्वीकृत गर्दा सम्बन्धित तहगत प्रणाली अन्तर्गत गरिनेछ र कति तह रहने भन्ने विषय गाउँपालिका वर्गीकरण अनुसार हुनेछ ।

घ) दरबन्दी अनुसारको कर्मचारीको भर्ना, पदोन्नती तथा सरुवा सम्बन्धित प्रादेशिक सेवा आयोगको सिफारिसमा सम्वन्धित सरकारले गर्नेछ ।

ङ) कार्यकारी अधिकृत वा विभागीय/कार्यालय प्रमुख सम्बन्धित सरकारले निश्चित समयका लागि काजमा पठाउनेछ ।

## ६) न्यायिक अधिकार

गाउँपालिकाको न्यायिक अधिकार सामान्यतया निम्न बमोजिम हुनुपर्नेछ :–

क) साँध, सिमाना, सन्धिसर्पन, आलीधुर, बाँधपैनी, कुलो वा पानीको बाँडफाँड तथा सडक, बाटो वा निकास मिचेको मुद्दा ।

ख) वाली, ज्याला मजदूरी सम्बन्धी ।

ग) नागरिकको सम्पत्ति, बाँझो पर्ति जग्गाको संरक्षण सम्बन्धी ।

घ) चौपायाको व्यवस्थापन सम्बन्धी ।

ङ) मध्यस्थ समिति गठन गर्ने र मध्यस्थता गर्ने बारे ।

च) सानातिना देवानी प्रकृतिका मुद्दा सम्बन्धी काम ।

च) बिभिन्न कर उठाउने सम्बन्धी ।

## ४) बिबिध

क) सबै वृत्तका स्थानीय सरकारहरुले संविधान, ऐन तथा नियमहरुको प्रतिकूल नहुने गरी आफ्नो कार्य व्यवस्थित गर्न आर्थिक, प्रशासनिक तथा अन्य बिषयगत विनियमावली निर्देशिका, कार्यविधि, दिग्दर्शन आदि सम्बन्धित परिषद्बाट स्वीकृत गराई लागु गर्न सक्ने छन् ।

**सन्दर्भ–सामग्री**


१. ढुंगेल, द्वारिकानाथ

ग्वंग, तेजेश्वर वावु

रेग्मी, प्रद्युम्न प्रसाद

पोखेल, अश्वस्तमा–नेपालमा विकेन्द्रीकरण सम्बन्धी सार्वजनिक प्रयासहरु, (पहिलो र दोस्रो खण्ड) **IIDS,** काठमाण्डौ, माघ, २०६०

२ नेपाल कानुन किताव व्यवस्था समिति –नेपालको अन्तरिम संविधान, २०६३, स्थानीय स्वायत्त शासन ऐन तथा तत् सम्बन्धी नियमावलीहरु

३. सुवेदी, सोमलाल–नेपालमा सङ्घीयता, स्थानीय सरकार र संक्रमणकालीन प्रबन्ध, साउन, २०६७

४. स्थानीय विकास मन्त्रालय / विश्व बैंक–नेपालमा विकेन्द्रीकरणको स्थितिपत्र, भाद्र, २०६४

५. स्थानीय विकास मन्त्रालय – वित्तीय आयोगको प्रतिवेदन, २०५७

# अनुसूचीहरु

**अनुसूची १**

## विभिन्न आयोग/समितिले विकेन्द्रीकरण सम्बन्धमा गरेका प्रमुख सिफारिसहरु

### ऐतिहासिक पृष्ठभूमि

- शहरहरु सफासुग्घर गरी राख्नका लागि काठमाण्डौमा छुट्टै सफाई अड्डा र ललितपुर तथा भक्तपुर शहरमा सोही शहरको छेभडेल अड्डाबाट सडक गल्ली सफा गर्ने कामसम्म भएको र दुनियाँहरुका घरचोक सफा गर्न इन्तिजाम हुन नसकेकोले भोटाहिटी टोलका सात जना भद्रभलाद्मी मेम्बर मुकरर गरी मुकरर भएका मेम्बरहरु र सरकारका तर्फबाट रहेका चेयरमेन, भाइस चेयरमेन, इन्जिनियर, म्युनिसपल्टी हाकिम रमेत बसी रोज छलफल गरी राय मिलाई म्युनिसपल्टीको रुल बमोजिम काम चलाउन र सफासुग्घर राख्ने कार्यका लागि बि.सं. १९७६ मा काठमाण्डौ ( भोटाहिटी ) म्युनिसपल्टीको गठन सवालसनद जारी गरी भएको थियो ।
- गाउँ घरमा उठेको सानातिना मुद्दाहरु, चोर (डाँकाबाट बचाउ गर्ने, जग्गा आवाद गराउने, बाँधकुलो पानीको हेरविचार बन्दोवस्त गर्ने, थारु जातिको रीतिस्थिति, झगडा, मुद्दा विषय पञ्चायत गरी मिले मिलाई दिने, नमिले अदालत (अमिनमा नालेस गर्न जान सल्लाह दिने कामका लागि स्थानीय मान्यजन अर्थात् पञ्चहरुलाई नै रोज्ने गरी विक्रम सम्वत् १९८३ सालमा एक सनदबाट दाङ्गदेउखुरी जिल्लामा मान्यजन कचहरीको नामबाट पञ्चायत खुलेको ।
- १९८७ सालतिर भक्तपुर इलाकामा २ ठाउँ ललितपुर इलाकामा लुभु सहित ६ ठाउँमा र काठमाडौंमा १ ठाउँ समेत गरी ९ ठाउँमा पञ्चायत खुलेको ।
- पञ्चायत नियमावली बनाई मुख्य पञ्चमा तालुकदार जिम्मुवाल रहने र रैतीदुनियांले छानेका अन्य व्यक्ति पञ्च हुने व्यवस्था सहित १९९३ सालमा पहाडी क्षेत्रको पूर्व २ नम्बर र पश्चिम ३ नम्बरमा जिल्लाका वडाहाकिमका तजविजले गाउँ मौजा पिच्छे वा ४/५ गाउँ मौजामा १ पञ्चायत खडा भएको ।
- २००३ सालतिर एक नियमावली सदर भई तराई जिल्लाको निमित्त २ वर्षका लागि जनताले छानेको पञ्च र सरकारले पठाएको एक तथा मुख्य पञ्च समेत गरी आठ सदस्य रहने पञ्चायतको व्यवस्था भयो । जस अनुसार एक सयसम्मको बिगो रु. २५ सम्म दण्ड हुने मुद्दा पञ्चायतले फैसला गर्न पाउने र यसका अधिकार भित्रका मुद्दाहरु पञ्चायतको निस्सा (पुर्जी) नलिई सोझै अदालत (अमिनि) मा नालिस नलाग्ने व्यवस्था भयो । अदालती अधिकार वाहेक यस नियमावलीले शिक्षा, बाँध, पैनी, कुलो, बाटोहरु जस्ता रचनात्मक कार्य र गाउँको शान्ति सुरक्षा बारे पनि पञ्चायतलाई अधिकार दिइयो ।
- वि.सं. २००४ मा नेपाल सरकार वैधानिक कानून जारी गरी पञ्चायत सम्बन्धमा संवैधानिक व्यवस्थाबाट निम्न प्रावधानको व्यवस्था गरियो –
  - ✓ ५ देखि १५ जना गा.पं. मा निर्वाचित गरी उक्त प्रतिनिधिले प्रधानपञ्च छान्ने ।
  - ✓ त्यस्तै नगरपालिकामा १० देखि ५० जनासम्म निर्वाचित सदस्य रहने ।
  - ✓ गा.पं. को सभापतिले १५ देखि २० सदस्य छान्ने र विशेष प्रतिनिधि समेत संलग्न गरी जिल्ला पञ्चायतको गठन गर्ने व्यवस्था ।
  - ✓ २००४ देखि नै दुवै तहको कार्य जिम्मेवारी र खर्च गर्न आफ्नो स्वआर्जन र सरकारका तर्फबाट प्राप्त रकमलाई ५० प्रतिशत जिल्ला पञ्चायत आफूले राख्ने र ५० प्रतिशत न.पं. र गा.पं. लाई उपलब्ध गराउने । जि.पं.ले गा.पं. नगर पञ्चायतको सुपरिवेक्षक तथा सहयोगीको कार्य गर्ने ।
- २००६ आश्विन ९ गते पञ्चायती अदालत ऐन र आश्विन १९ गते गाउं पञ्चायत ऐन प्रकाश भई जारी भयो र पहिलेको मान्यजन कचहरी, सबै पञ्चायत खारेज भई मुलुक भरी एकै नाससँग पञ्चायत गठन हुने व्यवस्था भयो । जस अनुसार निम्न व्यवस्था भयो :–

- गाउँ अथवा गाउँहरुको समूहमा गाउँ सभा स्थापना ।
- गाउँ सभाका इलाकाभित्र बस्ने २१ वर्ष उमेर पुगेका सबै सभामा सदस्य हुने ।
- एक जना सभापति र उपसभापति र कार्यकारिणीको व्यवस्था ।
- प्रत्येक वर्ष एक तिहाई सदस्य हट्न जाने किसिमसँग सदस्य छान्न सकिने ।
- गाउँ सभाले रचनात्मक तथा विकास कार्यको निमित्त मालपोतको अंकमा सयकडा पाँचमा नबढाई जमिनमा र व्यापारमा फिस लिई गरेको कुनै पेशामा कर र यी दुवै कर नलागेका करलाई घर धुरीमा कर लगाउन सकिने गरी आर्थिक श्रोतको व्यवस्था ।
- पञ्चायतले हेर्ने छिन्ने फैसला गर्न सक्ने मुद्दाहरु पञ्चायाती ऐन अदालत अनुसार फैसला गरेकोमा अमिनी अदालतले गरे सरह मान्यता हुने भयो ।

- वि.सं. २००७ मा अन्तरिम शासन विधानमा ग्राम पञ्चायत खडा गरी तिनीहरुलाई स्वायत्त शासन संस्थाको रुपमा काम गर्न आवश्यक अधिकार दिने भन्ने व्यवस्था भएको ।
- २००९ मा बुच कमिशनले राज्यको पुनर्संरचना गरी राज्यलाई केन्द्र, जिल्ला, ब्लक र गा.पं. न.पं.मा विभाजन गर्ने सुझाव पेश र मन्त्रालयको संख्या घटाउने सुझाव ।
- २००९ मा त्रिभुवन ग्राम विकास कार्यक्रम लागु भई ग्रामीण विकासलाई एकीकृत र संस्थागत गराउने प्रयास ।
- २०१३ सालसम्म मुलुकभरि ७९१ वटा गाउँ पञ्चायतहरु गठन भई सकेका थिए तर बहुसंख्यक गाउँ पञ्चायतहरुले अदालती अधिकार प्रयोग गर्ने तर्फमात्र ध्यान दिएकाले २०१३ सालमा २००६ सालको गाउँ पञ्चायत ऐन र पञ्चायती ऐन दुवै खारेज गरी गाउँ पञ्चायत ऐन २०१३ जारी भयो । जसअनुसार गाउँ पञ्चायतहरुले श्री ५ को सरकारको आदेशद्वारा मात्र अदालती अधिकार पाउने व्यवस्था भयो ।
- वि.सं. २०१५ सालको नेपाल अधिराज्यको संविधानमा विकेन्द्रीकरण सम्बन्धी व्यवस्था बारे कुनै उल्लेख भएन ।
- वि.सं. २०१६ को अन्त्यतिर उपत्यका बाहिरका ३२ जिल्लामा र काठमाण्डौं समेत गरी जम्मा ३३ पञ्चायतहरुमा ३३ पञ्चायत अफिसहरु र १०९ सुपरभाईजरहरुलाई तालिम दिई अस्थायी नियुक्ति गरिए ।
- २०१७ सालमा प्रथम निर्वाचित संसदीय व्यवस्था भंग भई पञ्चायती व्यवस्था लागु गर्ने घोषणा ।
- २०१८ सालमा १४ अञ्चल ७५ विकास जिल्लाको घोषणा ।
- २०१८ सालमा गाउँ पञ्चायत ऐन २०१३ र न.पा. ऐन २००९ खारेज गरी गाउँ पञ्चायत ऐन २०१८ र नगर पञ्चायत ऐन २०१९ जारी भयो । सोही अनुसार जिल्ला पञ्चायत ऐन २०१९ अञ्चल पञ्चायत ऐन २०१९ जारी भई गाउँ पञ्चायत, जिल्ला पञ्चायत र अञ्चल पञ्चायतहरु स्थापना भए ।
- २०१९ सालको संविधानमा स्थानीय पञ्चायत अन्तर्गत गाउं, नगर, जिल्ला र अञ्चल सभा र पञ्चायतको व्यवस्था गरी तत्सम्बन्धी छुट्टाछुट्टै ऐनद्वारा निर्वाचन पद्धति प्रत्येक पञ्चायतका कार्य जिम्मेवारी, राजश्व उठाउने सम्बन्धी व्यवस्था, प्रशासनिक र न्यायिक अधिकारहरुको विस्तृत व्यवस्था गरिएको ।
- नेपाल नगरपालिका ऐन २००९/२०१९, गाउँ पञ्चायत ऐन २०१३/२०१८, जिल्ला पञ्चायत ऐन २०१९ तत्तत् वर्षमा जारी गरिएको ।
- २०२० सालमा पञ्चायत शक्ति विकेन्द्रीकरण आयोग गठन भएको । यसले स्थानीय पञ्चायतहरुलाई व्यापक अधिकार दिने गरी सिफारिस गरेको । ती अधिकारमा,

- ✓ विकास कार्य, शान्ति सुरक्षा, भ्रष्टाचार निवारण, नियामक कार्य, राजश्व असुली, न्यायिक अधिकार समेत गाउँ पञ्चायतमा हस्तान्तरण गरी आदर्श पञ्चायत गठन गर्ने र चरणवद्ध रुपमा अधिकार हस्तान्तरण गर्ने सल्लाह दिएको ।
- ✓ स्थानीय जनतामा स्थानीय समस्या समाधन गर्ने शक्ति ठूलो हुन्छ । यसकारण राज्य संचालनमा परराष्ट्र र रक्षा बाहेक अरु सबै आवश्यक अंगको अधिकार ग्राम पञ्चायतलाई दिने ।
- ✓ ग्राम सभा र जिल्ला सभाले ग्राम तथा जिल्लाको संसदको रुपमा काम गर्ने र तत्तत् पञ्चायतले कार्यकारिणीको काम गर्ने ।
- ✓ ग्राम स्तरीय र जिल्ला स्तरीय योजनाको वर्गीकरण गरिएको ।
- ✓ ग्राम सुरक्षा, सुरक्षा, स्वास्थ्य, शिक्षा, यातायात, कृषि, वन, सहकारी, अर्थ, सामाजिक सुधार, न्याय आदिको काम गर्न स्थानीय पञ्चायतको जिम्मामा दिने ।
- ✓ एक सचिव र चौकीदार दरबन्दी दिने र ग्राम पञ्चायतको सिफारिसमा जिल्ला पञ्चायतले नियुक्ति गर्ने व्यवस्था ।
- ✓ ग्राम पञ्चायतको सिफारिसमा यिनको सरुवा र बढुवा हुने ।

- मुलुकलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिए पछि प्रत्येक अञ्चलमा अधिकृत तृतीय श्रेणीका एक-एक पञ्चायत अफिसर र प्रत्येक विकास जिल्लामा एक-एक सुपरभाईजर नियुक्ति गरी एक महिनाको तालिम दिई जिल्ला जिल्लामा पठाइयो ।
- स्थानीय स्वायत शासनको व्यवस्थाद्वारा जनतालाई प्रशासनमा सरिक तुल्याउने उद्देश्यले प्रत्येक गाउँ, जिल्ला र अञ्चल एक गाउँ सभा वा नगर सभा र एक कार्यपालिकाको स्थापना भयो । यी पञ्चायतहरुले स्थानीय सरकारको रुपमा काम गर्ने भए ।
- आदर्श पञ्चायतको स्थापना गर्दा उठेका समस्याहरुको अध्ययन तथा समाधानका उपाय पत्ता लगाई क्रमशः पञ्चायतलाई सम्पूर्ण अधिकार दिदैं जाने अवधारणा अनुसार यस्ता पञ्चायतहरु शासनका विभिन्न तहमा स्थापना भए ।

**क) प्रशासन शक्ति विकेन्द्रीकरण आयोग २०२० को प्रतिवेदन**

**१ नीतिगत पक्ष**

- ग्राम सरकारलाई केन्द्र सरकारको स्थानीय स्वरुपको रुपमा लिने अवधारणा विकास गर्ने,
- केन्द्रमा मन्त्री परिषद्ले पाएका सबै अधिकार जिल्लामा जिल्ला पञ्चायतले पाउने अवधारणाको विकास गर्ने,
- जिल्लाहरुमा रहेको सबै स्थानीय स्तरका अफिसहरुको सञ्चालन गर्दा सम्बन्धित स्तरका पञ्चायतहरुको आदेश अनुसार हुनुपर्ने,
- सबै अधिकारहरु एकै पटक दिंदा पञ्चायतहरु अल्मलिन गई अधिकारहरुको प्रयोग राम्रोसँग हुन नसक्ने हुँदा अधिकारको विकेन्द्रीकरण क्रमशः हुनुपर्ने,
- पञ्चायतहरुलाई हाल निम्न लिखित किसिमका अधिकारहरु दिनु पर्ने :–

क) स्थानीय वस्तुस्थितिको बढी आवश्यक पर्ने खालका कामहरु,

ख) स्थानीय जनतालाई टाढा रहेको गौंडा, गोस्वारा जाने कष्टबाट छुटकारा दिने खालका कामहरु,

ग) जनताको इच्छा अनुसार प्रयोग गर्न वाञ्छनीय भएका अधिकारहरु,

घ) बढी भन्दा बढी जनसहयोग उपयोग गरी सम्पन्न गर्नुपर्ने कार्यहरु,

- पञ्चायतलाई आफ्नो कामकाज गर्नमा पर्न आउने बाधाहरु हटाउन तथा विभिन्न पञ्चायत ऐनहरुमा सामञ्जस्य तथा एकरुपता ल्याउन विद्यमान ऐनहरुमा संसोधन गर्ने,
- निम्न किसिमका योजनाहरुलाई जिल्ला स्तरीय योजना मान्नुपर्ने :-

  क) एउटा जिल्लालाई मात्र असर पर्ने योजनाहरु,

  ख) सामान्यतया रु. एक लाख भन्दा बढी खर्च लाग्ने योजनाहरु,

  ग) सामान्यतया जिल्लामा उपलव्ध प्राविधिकहरुद्वारा सम्पन्न हुन सक्ने तथा उच्च प्राविधिक ज्ञान नचाहिने,
- अञ्चल पञ्चायतलाई पञ्चायत दर्शनको खोजी तथा अनुसन्धान एवं पञ्चायत व्यवस्थाको एक बुद्धिजीवी क्षेत्रको रुपमा लिने,
- पञ्चायत दर्शन सम्बन्धी अनुसन्धान गर्ने काम अञ्चल पञ्चायतले गर्ने,
- अञ्चल स्तरीय विभिन्न निर्माण कार्यमा अञ्चालाधीशले सल्लाहकारको रुपमा सहयोग गर्ने ।

## २ संस्थागत व्यवस्था

- सरकारको सबभन्दा तल्लो इकाई गाउँ पञ्चायतलाई मानी राज्य सञ्चालनमा आवश्यक पर्ने परराष्ट्र र रक्षा बाहेक अरु सबै आवश्यक अंगको अधिकार गाउँ पञ्चायतलाई दिई यसलाई गाउँ संसदको रुपमा विकास गर्ने,
- गाउँ पञ्चायतका प्रत्येक पञ्चको अधिनमा निश्चित कार्य तोकी सो अनुसार तालिमको व्यावस्था गर्ने,
- यसरी कार्य विभाजन गर्दा प्रधानपञ्चले पञ्चहरुको योग्यता र रुची हेरी निजले गर्ने काम तोक्ने,
- ग्राम पञ्चायतको कार्यलाई सघाउन एक सचिव र चौकीदारको समेत व्यवस्था गर्ने,
- गाउँ सुरक्षाको लागि स्वयंसेवक गठन गरी उनीहरुलाई आवश्यक तालिम दिने र आवश्यक हतियार स्वरुप लठ्ठी तथा खुकुरी चलाउन सिकाउने र आवश्यक परेमा पछि १० वटासम्म बन्दुक दिने निर्णय श्री ५ को सरकारको स्वीकृतिले जिल्ला पञ्चायतले गर्न सक्ने,
- विभिन्न आदर्श गाउँ पञ्चायतबाट एक-एक प्रतिनिधि जिल्ला सभाका सदस्य हुने,
- जिल्ला सभाको बैठक कम्तीमा बर्षको दुई पटक बस्ने,
- जिल्ला सभाले जिल्ला संसदको काम गर्ने,
- जिल्ला पञ्चायतले जिल्ला मन्त्रिपरिषदको रुपमा काम गर्ने र यसका सदस्यहरुका जिल्लामा बेग्ला-बेग्लै विभाग रहने,
- जिल्ला पञ्चायतको सचिवको रुपमा काम गर्न केन्द्रबाट सरकारले एउटा अफिसर खटाउने,
- यिनका सरुवा र बढुवामा सम्बन्धित जिल्ला पञ्चायतको सिफारिस आवश्यक पर्ने,
- जिल्ला पञ्चायतको नियमित काम कारबाहीको लागि स्वास्थ्य, शिक्षा, सरकारी वन, कृषि, यातायात तथा संचार आदि निरिक्षकहरु बेग्लाबेग्लै तथा संयुक्त रुपमा राखिने र यिनीहरुले विभिन्न पञ्चको अधिनमा रही काम गर्ने,
- जिल्लाको सुरक्षाको लागि हतियार सहित एक प्रहरी निरिक्षक र एक प्लाटुन राख्ने अधिकार जिल्ला पञ्चायतलाई हुने,

- जिल्ला पञ्चायतको कार्य निम्न बमोजिम तोकिएको :–

  क) जिल्ला भित्रको हुलाक र बाटो,

  ख) जिल्ला भित्रको कुलो पैनी,

  ग) एक सय हर्ज पावरसम्मको उद्योग धन्दा,

  घ) बन्दुक, रेडियो र सवारी ड्राईभिङ्ग लाईसेन्स दिने अधिकार,

  ङ) केन्द्रीय मन्त्रालयको रु. १०,०००। सम्म खर्च हुने काम,

  च) आफ्नो मातहत सुधारक बन्दीगृह (२ वर्ष भन्दा कम सजाय पाएका व्यक्ति)

- जिल्ला माल  जिल्ला पञ्चायतको अधिनमा जाने,

- जिल्ला पञ्चायतको कार्य बोझलाई हेरी आवश्यक थप कर्मचारी श्री ५ को सरकारले शुरुको ५ वर्षका लागि पूर्ण सहायताको रुपमा दिनुपर्ने र यसको आर्थिक बोझ विस्तारै-विस्तारै जिल्ला पञ्चायतलाई दिन सकिने,

- जिल्ला पञ्चायत अदालतको हकमा हालको इलाका अदालतको रुपमा केही परिवर्तन गरी यस अदालतको न्यायाधीशको योग्यता तोकी प्रत्येक तीन वर्षका लागि ग्राम र जिल्ला पञ्चायतका पञ्चहरुद्वारा चुनिने परिपाटी हुनुपर्ने र जिल्लाभित्र यस्ता व्यक्ति उपलव्ध नभएमा अञ्चलभित्रका कुनै व्यक्तिलाई उमेदवार हुन दिन सकिने व्यवस्था गर्ने,

- उपत्यकालाई १६६ ग्राम पञ्चायत, तीन नगर पञ्चायत र तीन जिल्लामा विभाजन गरिएको छ तर यस क्षेत्रलाई एक इकाई मानेर त्यसै अनुरुप महानगर पञ्चायतको संगठन हुनुपर्ने,

- उपत्यकाभित्रका तीन नगर पञ्चायत र १६६ ग्राम पञ्चायतहरुले आफ्ना प्रतिनिधि महानगर पञ्चायतमा पठाउने व्यवस्था गर्ने,

- महानगर पञ्चायतले सम्पूर्ण उपत्यकाका लागि योजना तयार पार्ने र त्यसको कोषबाट ठूलाठूला आयोजना समेत सञ्चालन गर्ने ।

## ३ वित्तीय पक्ष

- गाउँ पञ्चायतको आयस्थाका लागि निम्न व्यवस्था गरिएको : -
  - मालपोतको १० प्रतिशत (आफ्नो पञ्चायत भित्रको मालपोत उठाउने काम गाउँ पञ्चायतले गर्ने),
  - आयकरको ५ प्रतिशत (आयकर उठाउने काम गाउँ पञ्चायतले गर्ने)
  - पञ्चायत वनबाट उठेको आय,
  - रु. २००० सम्मको रजिष्ट्रेशन शुल्क, रेडियो, बन्दुक र सवारी इजाजत पत्रको नविकरण दस्तुरको ५० प्रतिशत र बाँकी ५० प्रतिशत जिल्ला पञ्चायतलाई पञ्चायतले लगाएको विभिन्न कर र पञ्चायतले चलाएको कामको आयस्ता
  - माथि उल्लेखित आय स्रोतका अलावा जिल्ला पञ्चायतबाट विभिन्न योजनाका लागि गाउँ पञ्चायतले सहायता रकम पाउने

- जिल्लाको आय-व्ययको विवरण र अरु कामकाजको विवरण जिल्ला सभाबाट निर्णय गराउनुपर्ने,

- जिल्ला पञ्चायतको आयका स्रोतहरु निम्न अनुसार हुनुपर्ने :–

क) जग्गाको मालपोतको ५० प्रतिशत ख) आयकरको २० प्रतिशत

ग) रजिष्ट्रेशन फि रु. ३०००। सम्म घ) रेडियो, बन्दुक, सवारी लाईसेन्सको फि,

ङ) पञ्चायत अदालतले लगाएको दण्डजरिवाना च) अरु अदालतको दण्ड जरिवानाको ५० प्रतिशत

छ) जिल्लाभित्रको बाटोको रोड शेष, ज) रोड शेष, विजुली र नहरको आयको अंश

झ) एक सय हर्ज पावर सम्मको रोयल्टी ञ) केन्द्रबाट प्राप्त हुने काम सम्बन्धी सहायता

ट) कर वा अन्य कुनै किसिमको व्यापारबाट हुने जिल्ला पञ्चायतको आय ।

- अञ्चल पञ्चायतको कोष निम्न अनुसार हुनेछ :-
  - जिल्ला पञ्चायतको निजी आम्दानीको १० प्रतिशत
  - केन्द्रीय सहायता
  - चन्दा
  - अञ्चल पञ्चायतबाट प्रारम्भ गरिएको कुनै कार्यबाट हुन आएको मुनाफा

## ४ सेवा प्रवाहको पक्ष

- गाउँ पञ्चायतमा दुई किसिमका योजना हुने, (क) आफ्नो आयस्ताबाट सञ्चालन हुने, (ख) जिल्ला पञ्चायतको सहायताबाट निमार्ण गरिने,
- जिल्ला पञ्चायतको प्रशासनको पूर्ण खर्च जिल्ला पञ्चायतले व्यहोर्ने,
- जिल्ला पञ्चायतको अनुभव बृद्धि भएपछि मात्र शान्ति सुरक्षा कायम राख्ने जिम्मेवारी जिल्ला पञ्चायतलाई हस्तान्तरण गर्नुपर्ने,
- कित्ता नापी तथा अन्य किसिमको नापी सर्वे गाउँ पञ्चायतहरुको रोहवरमा गर्नुपर्ने,
- सरकारी स्तरबाट वितरण गरिने फलाम, कर्कट पाता र सिमेन्ट आदि आवश्यक माल सामानहरु तथा अन्य वस्तुहरुको वितरण कार्य जिल्ला पञ्चायतहरुलाई सुम्पिनुपर्ने,
- दैवी प्रकोपबाट पीडित जनतालाई सहायताको वितरण, मालपोतमा छुट जस्ता कार्यहरु, जिल्ला पञ्चायतलाई सुम्पिनु पर्ने, जिल्ला पञ्चायतले गाउँ पञ्चायतहरुको सिफारिसमा यस्ता कार्यहरु गर्नु पर्ने,
- तराई इलाकामा पञ्चायत वन छुट्याउने र यस्ता वनको आकारका आधारमा जिल्ला पञ्चायत वा गाउँ पञ्चायतहरुलाई संरक्षण गर्न दिनुपर्ने,
- पहाडी क्षेत्रमा वन संरक्षण गर्ने काम सम्बन्धित जिल्ला पञ्चायतहरुलाई पूर्णतया दिनु पर्ने,
- आवादि योग्य ठहरिएका जग्गालाई वितरण गर्ने काम जिल्ला पञ्चायतलाई दिनुपर्ने र जिल्ला पञ्चायतले सरकारी नीति नियमभित्र रही जमीनको विक्रि वितरण गर्ने व्यवस्था हुनुपर्ने,
- पुनर्वासको योजना पनि सकभर जिल्ला पञ्चायतहरुद्वारा नै कार्यान्वित गराउनु राम्रो हुने,
- जिल्ला स्तरमा रहेका अस्पतालहरु, स्वास्थ्य केन्द्रहरु, स्वास्थ्य यूनिटहरु तथा आयूर्वेदीय औषधालयहरु जिल्ला पञ्चायत मार्फत राख्ने व्यवस्था हुनुपर्ने । यस्ता अस्पतालहरुको रेखदेख गर्ने, चेक गर्ने काम र भवन इत्यादि सबै निर्माण गर्ने काम पनि जिल्ला पञ्चायतहरुलाई दिनुपर्ने,
- प्राथमिक स्कुलहरु गाउँ पञ्चायतहरुलाई तथा माध्यमिक स्कुलहरुको सञ्चालन जिल्ला पञ्चायतलाई सुम्पिनु पर्ने,

- मूल बाटोहरु बाहेक सबै मोटर चल्ने, पैदल, खच्चड र गाडा हिड्ने बाटो, त्यसमा पर्ने पुल र झोलुङ्गे पुलहरुको रेखदेख सम्भार जिल्ला पञ्चायतले गर्ने,
- गाउँ तथा जिल्ला पञ्चायतहरुले गर्न लागेको विकास निर्माण कार्यहरुका लागि आवश्यक जिल्लाभित्रको जग्गा प्राप्त गर्ने अधिकार जिल्ला पञ्चायतहरुलाई हुनुपर्ने,
- निम्न अधिकारहरु पनि पञ्चायतलाई दिनुपर्ने :-

  क) रेडियो, भरुवा बन्दुक, बन्दुक, राईफल, रिभल्भर आदिको लाईसेन्स दिने अधिकार क्रमशः जिल्ला तथा गाउँ पञ्चायतलाई हुनुपर्ने,

  ख) बन्दुक, राईफल, रिभल्भर लाईसेन्स नविकरण गर्ने अधिकार जिल्ला पञ्चायतको हुनुपर्ने,

  ग) गाउँ पञ्चायतको सिफारिसमा नागरिकताको परिचयपत्र दिने अधिकार जिल्ला पञ्चायतलाई हुनुपर्ने
- बारुण यन्त्रहरु माथिको नियन्त्रण तथा तत्सम्बन्धी रहेका बजेट नगर पञ्चायतहरुलाई दिनुपर्ने,
- विभिन्न विषयका तथ्याङ्क संकलन सम्बन्धी काम सम्बन्धित गाउँ र जिल्ला पञ्चायतहरुलाई सुम्पिनुपर्ने,
- दुई हर्स पावरसम्मको मील कारखाना इत्यादि खोल्न दिनुपर्ने अधिकार जिल्ला पञ्चायतमा हुनुपर्ने,
- जिल्ला स्थित जेलखानाहरुको निरिक्षण तथा सुधारहरुको निम्ति आवश्यक सिफारिस जिल्ला पञ्चायतलाई दिनुपर्ने,
- जिल्लामा रहेका सहकारी र अतिरिक्त हुलाकहरु जिल्ला पञ्चायतहरुको रेखदेखमा गाउँ पञ्चायतहरुद्वारा चलाउन पाउने व्यवस्था हुनुपर्ने,
- पञ्चायतहरुले गर्ने काममा चिठीपत्रहरु चलाउँदा काज सरकारीको सुविधा पाउनुपर्ने,

## ५ समन्वय (ठाडो, तेर्सो)

- अञ्चलमा भएको रक्षाको अंगको सहायता पनि जिल्ला पञ्चायतको अनुरोधमा प्राप्त हुने,
- साधारणतया जिल्लाको कुनै मानिस पक्रिनु परेमा जिल्ला पञ्चायतले नै पक्रेर माथिल्लो निकायमा बुझाउने र अपर्झट परेमा माथिल्लो निकायले पक्रिई यसको सूचना जिल्ला पञ्चायतलाई दिने,
- अञ्चलाधीशहरुले शान्ति कायम गर्ने काममा पञ्चायतहरु वा पञ्चायतका सभापतिहरुसँग पनि सरसल्लाह लिई काम गर्ने व्यवस्था हुनुपर्ने,
- आफ्नो क्षेत्रमा गर्न लागेको विकास कार्यहरुमा निहित स्वार्थ भएका व्यक्तिहरुले बाधा विरोध तथा अड्चन हालेमा त्यसको व्यवस्था गर्ने जिम्मेवरी हाललाई बडा हाकिमलाई दिनुपर्ने,
- सरकारी स्तरबाट वितरण गरिने फलाम, कर्कट पाता र सिमेन्ट आदि कार्य ठीकसँग भए नभएको बारे आवश्यक निरिक्षण गर्ने र दुरुपयोग भएमा आवश्यक कार्वाही समेत अञ्चलाधीशबाट हुनुपर्ने,
- पञ्चायती वनको उपयोग र संरक्षण गर्न वन विभागले आवश्यक प्राविधिक सेवा पञ्चायतहरुलाई उपलव्ध गराउनु पर्ने,
- कृषि प्रसार सम्बन्धी काम तथा अन्य सुविधाहरु पुऱ्याउने काम जिल्ला प्रशासनको सामान्य प्रशासकीय रेखदेखमा गरिने व्यवस्था हुनुपर्ने, बाँध, पैनी, कुलो इत्यादि निर्माण गर्ने काममा विभागले दिने सहायता र अनुदान जिल्ला पञ्चायत मार्फत दिने व्यवस्था हुनुपर्ने,
- औषधी ढुवानीको खर्च स्वास्थ्य विभागबाट सम्बन्धित जिल्ला पञ्चायतलाई सुम्पिनुपर्ने,

- सरकारी दण्ड जरिवाना इत्यादि वापतका रकम बुझाउने काम जिल्ला र गाउँ पञ्चायतलाई दिने र सो रकम उठाए वापतको ५० प्रतिशत रकम सम्बन्धित पञ्चायतलाई दिने व्यवस्था हुनुपर्ने ।
- जिल्ला पञ्चायतले काम गरे नगरेको जाँचबुझ तथा आवश्यक निर्देशन दिने अधिकार अञ्चल पञ्चायतको हुने,

## ६ न्यायिक अधिकार

- कुनै पनि मुद्दामा सरकार वा अदालतको तर्फबाट सर्जिमिन गर्नुपर्दा गाउँ पञ्चायतसँग बुझी गाउँ पञ्चायतको रायलाई मान्यता दिने व्यवस्था हुनुपर्ने,
- हाल गाउँ पञ्चायत ऐन २०१८ मा उल्लेख भएजति मुद्दाहरु र साधारण गाली बेईज्जती तथा कुटपिट सम्बन्धी मुद्दाहरु गाउँ पञ्चायतहरुले हेर्ने व्यवस्था हुनुपर्ने,
- पानीधारा, गौचर तथा अन्य यस्तै मुद्दाहरुमा अपील हेर्ने अधिकार जिल्ला पञ्चायतलाई दिनुपर्ने,
- पञ्चायतबाटै नियुक्ति पाएका कर्मचारीका हकमा भ्रष्टचार निवारण अधिकार पञ्चायतहरु मै हुनुपर्ने र पञ्चायत अन्तर्गत राखिएका सरकारी कर्मचारीहरुका सम्बन्धमा उनीहरुले गरेको भ्रष्टचारका लागि भ्रष्टाचार निवारण ऐन सम्बन्धी शुरु कारबाही पञ्चायातले गर्ने र सजाय दिने अधिकार श्री ५ को सरकारको हुने । अन्य सरकारी कर्मचारीहरुको हकमा पञ्चायतले लिखित राय श्री ५ को सरकार समक्ष पेश गर्ने,
- तालुकदारी र जिमिनदारी प्रथाको तुरुन्त अन्त्य गरी जिमिनदारी गर्ने काम जिल्ला पञ्चायतलाई दिनुपर्ने, मालपोत असुल गर्ने काम जिल्ला पञ्चायतको रेखदेखमा गाउँ पञ्चायतलाई दिनु पर्ने र उठेको रकमको २० प्रतिशत तिनले पाउनु पर्ने व्यवस्था गर्नु पर्ने,
- रु. १५०० सम्मको लेनदेन, धितो बन्दक, खरिद विक्री इत्यादिको रजिष्ट्रेशन सम्बन्धी काम गाउँ पञ्चायतलाई दिनुपर्ने ।

## पञ्चायत ऐनमा गर्नुपर्ने संसोधनहरु

१) गाउँ पञ्चायत ऐन (२०१८)

क) स्थानीय हाकिम भन्ने शब्दको सट्टा जिल्ला पञ्चायतको सभापति भन्ने राख्नुपर्ने ।

ख) <u>प्रधानपञ्चले सयकडा २० ले सदस्यहरुले गाउँ सभाको असाधारण व्यवस्था बोलाउनु पर्ने व्यवस्था ऐनको दफा ९ (२)</u> मा भएको छ उक्त संख्या सयकडा (१०) मा झार्नु पर्ने ।

ग) ऐनको दफा १३ को उपदफा २ मा खानीहरु भन्ने थप्नुपर्ने ।

घ) गाउँ पञ्चायतले सरकार वा जिल्ला पञ्चायतले तोकेको काम गर्ने भन्ने दफा २३ को (श) भएकोमा जिल्ला पञ्चायतले सुम्पिएको काम हुनुपर्ने ।

ङ) दफा ४२ मा गाउँ पञ्चायत समक्ष गरेको मिला पत्रको मान्यता अदालतमा गरे सरह हुने व्यवस्था हुनुपर्ने ।

च) दफ ४६ मा मिलापत्र गराए वापत सय कडा १ मात्रै बक्सौनी लाग्ने भएकोमा त्यसको सट्टा सयकडा ५ सम्म हुनुपर्ने ।

**ख) माननीय श्री भोजराज घिमिरेको अध्यक्षतामा गठित २१ सदस्यीय समितिको प्रतिवेदन २०२४ का सिफारिसहरु**

**१ नीतिगत पक्ष**

- महत्वपूर्ण नीति निर्धारण गर्ने, बजेट विनियोजन गर्ने र योजना बनाउने कामचाहिँ नगर सभाको अधिवेशनले नै गर्ने,
- वर्गीय संगठनहरुलाई बढी सक्रिय पार्ने,

**२ संस्थागत व्यवस्था**

- गा.पं. र न.पं.मा प्रधान तथा उपप्रधानपञ्च र जि.पं. सभापति तथा उपसभापतिका पदावधि सम्बधमा :
  - ➢ गाउँ र नगर पञ्चायतका प्रधान एवं उपप्रधानपञ्च तथा जिल्ला पञ्चायतका सभापति तथा उपसभापतिको पदावधि चार वर्ष कायम हुनुपर्ने र यसका लागि सम्बन्धित ऐनमा संसोधन हुनुपर्ने,
  - ➢ निर्वाचन भएको एक वर्षपछि मात्र अविश्वासको प्रस्ताव पेश गर्न सक्ने व्यवस्था हुने गरी ऐनमा संशोधन गर्ने,
  - ➢ निर्वाचन भएको मितिदेखि नै पदावधि प्रारम्भ भएको मानिने व्यवस्था गर्ने र कारणबस् मध्यावधिमा रिक्त भएको स्थानको पूर्ति हुँदा बाँकी पदावधिको लागि मात्र निर्वाचन गराउने,
  - ➢ पञ्चायतहरुको निर्वाचन कालमा र पदावधिमा पनि एक रुपता ल्याउन गा.पं., न.पं. का सदस्यहरु सहित प्रधान तथा उपप्रधानपञ्चको पदावधि समाप्त हुने वर्षको माघ मसान्त र जि.पं.का सदस्य सहित सभापति तथा उपसभापतिहरुको पदावधि फाल्गुन मसान्तमा स्वतः समाप्त हुने,
  - ➢ गा.पं. र न.पं. को उप वा प्रधानपञ्च पदमा सदस्य वा उपप्रधान पञ्चले चुनाव लड्न चाहे निजले उमेदवारमा दर्खास्त दिँदा साविक पद स्वतः रिक्त हुने हुँदा उक्त रिक्त पदको पनि सोही निर्वाचनमा सूचना प्रकाशित गरी पूर्तिको व्यवस्था गर्ने ।
- न.पं. को प्रधान तथा उपप्रधानपञ्च र जि.पं.का सभापति तथा उपसभापति निर्वाचनमा निम्न आधारमा उमेदवारको उमेदवारी हुनुपर्ने :-
  - ➢ प्रधान र उपप्रधानपञ्चको उम्मेदवार हुन मतदाता-नगर सभाका सदस्यहरु मध्ये घटीमा २ जना प्रस्तावक र ५ जना समर्थकहरु हुनुपर्ने,
  - ➢ प्रधान तथा उपप्रधानपञ्चको चुनाव गराउनु भन्दा पहिले नगर वडा समितिका सदस्यहरुको चुनाव गराउनु पर्ने,
  - ➢ नगरका लागि निर्वाचन हुने सबै सदस्यहरुको पदावधि ४ वर्षको हुने ।
- जि.पं. का सभापति तथा उपसभापतिहरुको चुनावका लागि निम्न कानुनी व्यवस्था हुनु पर्ने :-
  - ➢ जिल्ला सभा एवं नगर तथा गाउँ पञ्चायतका सबै निर्वाचित पञ्चहरु समेतले आफूहरु मध्येबाट जिल्ला पञ्चायतका सभापति तथा उपसभापतिहरुको निर्वाचन गर्ने,
  - ➢ निर्वाचनको लागि दरखास्त दिंदा कमसेकम पाँच जना मतदाताहरुको प्रस्तावक र पाँच जना सर्मथक भएको हुनुपर्ने,
  - ➢ सभापति वा उपसभापतिले राष्ट्रिय पञ्चायतमा सदस्यताको निर्वाचनको लागि उमेदवारी दिएमा निजको जिल्लाको पद स्वतः खारेज हुने र उक्त पदमा पुनःनिर्वाचनद्वारा पूर्ति गर्ने,

- जिल्ला पञ्चायतका एकतिहाई सदस्यहरुको दुईदुई वर्षमा सदस्यता नरहने हुँदा यस्तो चुनाव जिल्ला सभाका सदस्यहरुबाट गर्ने,
- जि.पं. का सदस्य राष्ट्रिय पञ्चायतको सदस्य पदमा विजयी भएमा निजको जिल्ला पञ्चायतको स्थान स्वतः रिक्त हुने व्यवस्था ऐनद्वारा गर्ने र निजले परिवेक्षकको रुपमा जि.पं. को बैठकमा अनिवार्य भाग लिने व्यवस्था गर्ने,

- नगर सभाको स्थापना सम्बन्धमा निम्न लिखित कानुनी व्यवस्था हुनुपर्ने :-
  - प्रत्येक वडाबाट पाँच जना वडा सदस्य वालिग मताधिकारको आधारमा निर्वाचन गराउने र प्रत्येक वडाबाट एकजना कार्यकारिणी सदस्य निर्वाचित गरेर पठाउनु पर्ने व्यवस्था हुनुपर्ने,
  - नगर सभामा मनोनित चार सदस्यहरुको हकमा अञ्चल समितिको परामर्श लिई सम्बन्धित अञ्चलाधीशले मनोनयन गर्ने,
  - वडामा निर्वाचित भएका सदस्यहरुको समूहलाई वडा समिति भनिने र यिनको पदावधि न.पं. का सदस्यहरुलाई तोकिए सरह हुनुपर्ने,
  - वालिग मताधिकारको आधारमा मात्रै निर्वाचित हुनुपर्ने,
  - निर्वाचित प्रतिनिधि नगर पञ्चायतको सदस्य र वडा समितिको अध्यक्ष हुने,
  - न.पं. मा पनि गा.पं. को जस्तै नगर सभाको व्यवस्था हुनु पर्ने र न.पं. नगर सभाप्रति उत्तरदायि हुने,
  - सम्पूर्ण वडा सदस्यहरुबाट नगर सभा गठन हुने,
  - नगर सभाका सदस्यहरुबाट नै न.पं. को प्रधान तथा उपप्रधानपञ्चको निर्वाचन गर्ने,
  - सबै वडा समितिहरुलाई विशेष विकास कार्यको अधिकार न.पं. ले प्रत्यायोजित गर्ने,
  - नगर पञ्चायतका पदाधिकारीहरुलाई जिल्ला सभामा प्रतिनिधित्व नगराउने ।

- जिल्ला सभामा गा.पं. का प्रधानपञ्चलाई पदेन सदस्य बनाउने सम्बन्धमा :–
  - प्रत्येक गा.पं. बाट एक/एक जना जिल्ला सभामा प्रतिनिधित्व गर्ने हालको व्यवस्था यथावत राख्ने तर गा.पं. को प्रधानपञ्चलाई जिल्ला सभाको पदेन सदस्य बनाउनु व्यवहारिक देखिन्न,

- राष्ट्रिय पञ्चायतको सदस्यको निर्वाचन तरीकामा निम्न अनुसार हेरफेर गर्ने :–
  - रा.पं. को सदस्यहरुको निर्वाचन प्रकृयालाई अझ फराकिलो पार्ने,
  - रा.पं. को चुनाव प्रकृयामा हाल व्यवस्था भएको जिल्ला पञ्चायतको सदस्य प्रस्तावक र समर्थक हुने व्यवस्था खारेज गर्ने र अञ्चलले समर्थन गरेको हुनुपर्ने व्यवस्था गर्ने,
  - रा.पं. का उम्मेदवारहरुमा अञ्चलीय भावना हुनुपर्ने,
  - माथिल्लो निकायको निर्वाचन गर्दा अप्रत्यक्ष चुनाव हुने परिपाटी छाड्न नमिल्ने,
  - प्रत्येक जिल्लाबाट एक सदस्य राष्ट्रिय पञ्चायतको सदस्य हुनुपर्ने,
  - हाल रहेको अञ्चल सभा कायम रही यसमा प्रत्येक गा.पं. का सदस्यले मत हाल्न पाउनु पर्ने,
  - मतदान गर्न पाउनेले चुनावमा उम्मेदवार हुन पाउनुपर्ने ।

- जिल्ला र गाउँ पञ्चायत तहमा पनि वर्गीय संगठनका सदस्यहरु समावेश भएका गाउँ तथा जिल्ला समितिमा निम्न लिखित समन्वय समिति गठन हुनु वाञ्छनीय देखिन्छ । तर पञ्चायतको तहमा वर्गीय संगठन समावेश गर्नु उपयुक्त देखिदैन :
  - जि.पं. सभापतिको अध्यक्षतामा सबै वर्गीय संगठनका जिल्ला स्तरीय सभापतिहरु भएको समन्वय समिति गठन गर्ने र प्र.जि.अ. त्यसको सचिव हुने,

- गा.पं. को प्रधानपञ्चको अध्यक्षतामा सबै वर्गीय संगठनको प्रारम्भिक तहका सभापतिहरु भएको समन्वय समिति गठन गर्ने र गा.पं. को सचिव त्यसको समिति सचिव हुनुपर्ने,
- वर्गीय संगठनहरुको स्थायी आयस्रोतको रुपमा गाउँ तथा नगर पञ्चायतहरुको कुल आयको ५ देखि १५ प्रतिशतसम्मको रकम आफ्नो इलाकामा वर्गीय संगठनहरुलाई दिने व्यवस्था गर्ने,
- वर्गीय संगठनको केन्द्रीय समितिहरुलाई पनि उपयुक्त हुने आयोजनाहरु सरकारले हस्तान्तरण गर्दै लैजानु पर्ने ।
- जि.पं. को आम्दानीबाट ५ देखि १५ प्रतिशतसम्म आम्दानीको रकम जिल्ला स्तरीय वर्गीय संगठनलाई दिने ।
- वर्गीय संगठनहरुले समय-समयमा खेलकुद मेला आयोजना गरेर र सानातिना घरेलु उद्योग व्यवस्था समेत गरेर संगठनलाई आम्दानी हुने कार्यमा संलग्न हुने ।

## ३ वित्तीय पक्ष

अनुदानको आधारमा पञ्चायतहरुलाई सक्रिय राख्न खोज्नु उचित नहुने भएकोले सरकारबाट पञ्चायतहरुलाई दिईने सबै अधिकारहरु सामान्यतया खारेज गर्नुपर्ने देखिन्छ । अर्थात् बढ्दो साधनको परिचालन बढ्दो उत्पादनको मध्यमद्वारा माग हुने सक्ने र गर्नुपर्ने सामान्य तथ्यलाई ध्यान दिनु जरुरी छ । उत्पादन बढाउन दिर्घकालिन दृष्टिकोणको आधारमा विकास सम्बन्धी व्यापक योजना हुनु अनिवार्य छ । पञ्चायती व्यवस्थाप्रति जनआस्था बढाउन केही समयका लागि यथासम्भव स्थानीय विकास कार्यहरुबाट जनताले प्रत्यक्षरुपबाट फाईदा उठाउन पाएका श्रोतहरुबाट कर उठाउनु ज्यादै उपयुक्त देखिन्छ । यसका लागि निम्न लिखित सुझाव पेश गरिएको छ ।

क) पञ्चायत साधनका केही नयाँ स्रोतहरु बारे विवरण :

मालपोतबाट प्राप्त हुने रकम मध्येबाट जिल्ला र गाउँ पञ्चायत क्षेत्रबाट उठेको रकमको केही प्रतिशत उनीहरुलाई दिलाउनु पर्ने देखिन्छ । यसरी उठेको रकम निज पञ्चायतहरुको स्थानीय विकास कार्यक्रमको योजनाको आधारमा सो योजनालाई चाहिने सिमेन्ट, फलाम, कर्कटपाता आदि जस्ता भौतिक साधनहरुका रुपमा दिनुपर्ने ।

ख) पञ्चायतको मध्यमद्वारा मालपोत उठाउनु पर्ने व्यवस्था अव्यवहारिक तथा अनुपयुक्त छ । तसर्थ यो काम साविक बमोजिम श्री ५ को सरकार बाटै हुनु अत्यावश्यक छ ।

ग) हदबन्दी भन्दा बढी देखिन आएका जमीन, भूमि सम्बन्धी ऐन २०२१ अनुसार किसानहरुलाई तोकिए बमोजिम वितरण गर्ने । यसरी वितरण गरिने जमीन आफ्नो इलाकाभित्र गा.पं. ले सञ्चालन गर्ने र सहकारीताको आधारमा खेती गर्ने गराउने व्यवस्था हुनु उपयुक्त देखिन्छ । यस्ता खेतीबाट आएको खुद आम्दानीको २५ देखि ३३ प्रतिशतको रकम गा.पं. ले पाउने व्यवस्था गर्ने ।

घ) अनिवार्य वचत उठाउनुपर्ने काम वडा समितिहरुले गर्दै आएकोमा प्रत्येक वडाबाट उठाइएका वचतको १ देखि डेढ प्रतिशतसम्म सम्बन्धित गा.पं. ले पाउने व्यवस्था भएमा वचत संकलन र ऋण संकलन कार्यमा बढी दक्षता आउने देखिन्छ ।

४) गा.पं. ले लगाउन पाउने कर :

- गा.पं. (संसोधन) ऐन २०२१ अन्तर्गत गा.पं. (कार्य व्यवस्था) नियमावली २०२० को दफा ३४ अनुसार लगाउन पाउने कर व्यवस्थालाई खारेज गर्ने ।
- सोही नियमावलीको दफा ३५ अनुसार लगाउन पाउने कर खारेज गर्ने ।
- गा.पं. ऐनको दफा १५ को उपदफा १ को (घ) अनुसार गा.पं.ले लिन पाउने दस्तुर लिने व्यवस्था कायम राख्ने ।

➢ उपरोक्त ऐनको दफा १५ को उपदफा ३ अनुसार लगाउने कर खारेज गर्ने ।

- गा.पं.का लागि तोकिएका करका दायराहरु :

➢ वार्षिक घरधुरी कर रु. ५ मा नबढाई लगाउन पाईने ।
➢ केन्द्रले ठेक्का लगाएको बाहेक अरु बहत्तर समेतको ठेक्का लाउन सक्ने ।
➢ आफ्नो इलाकाबाट उठेको मालपोत मध्येबाट पाउने केही प्रतिशत रकम ।
➢ हदबन्दी भन्दा बढी भएको जग्गालाई सहकारीको आधारमा वा कुत लिने व्यवस्था अन्तर्गत प्राप्त हुने रकम ।
➢ पर्ति जग्गा विक्रि गरी हुने रकम ।
➢ बाँध, कुलो, पैनी आदि सुविधाहरुमा पीर नपर्ने गरी लगाउने दस्तुर ।

- नगर पञ्चायतले लगाउने करहरु :

क) हाल लगाउदैं आएको कर मध्ये निम्न करहरु हटाउने :–

➢ न.पं. (संसोधन) ऐन २०२१ को दफा ३९ को उपदफा १ बमोजिम घरबहाल कर हटाउने ।
➢ न.पं. (संसोधन) निमावली २०२० को दफा ७ को उपदफा १ अनुसार कर उठाउन सक्ने व्यवस्था हटाउने ।
➢ दफा ७ को उपरोक्त नियमावलीको उपदफा २ को घ, ङ, च र छ मा उल्लेखित करहरु हटाउने ।
➢ उपरोक्त नियमावलीको दफा ७ को उपदफा ३ अनुसार वार्षिक पेशा कर हटाउने ।
➢ उपरोक्त ऐनको दफा ३ अनुसार मेलामा राख्ने पसलहरुसँग उठाउने कर दस्तुर हटाउने ।
➢ उपरोक्त ऐनको दफा १० अनुसार मालपोतको अतिरिक्त कर उठाउन पाउने कर हटाउने ।

ख) निम्न अनुसार नयाँ करहरुको व्यवस्था गर्ने :

➢ न.पं. (कार्य व्यवस्था) नियमावली २०२० को दफा ७ को उपदफा २ को क, ख, र ग, अनुसार व्यापार नविकरण व्यवस्था गर्ने र नविकरण गर्दा व्यापारको किसिम र आर्थिक स्थितिको विचार गरी दर्ता शुल्क र नविकरण शुल्क लगाउने ।
➢ न.पं. क्षेत्रभित्र बहाल विटौरी, मेला, घाट वा बैठकीको निमित्त न. पं. ले बन्दोवस्त गरेमा दस्तुर लिन सक्ने व्यवस्था ऐनमा गर्ने ।

- जि.पं. ले लगाउन पाउने करहरु :

क) निम्न लिखित कर दस्तुरहरु हटाउनुपर्ने :

➢ जि.पं. ऐनको दफा ३५ को उपदफा २ बमोजिम घरधुरी कर हटाउने ।
➢ उपरोक्त ऐनको दफा ३५ को उपदफा ४ बमोजिम बिक्रि गर्ने र ठेक्का दिन सक्ने व्यवस्था हटाउने ।
➢ उपरोक्त ऐनको दफा ३५ को उपदफा ६ बमोजिम लगाउन पाउने बढी घाटको व्यवस्था र सो सम्बन्धी ठेक्का लगाउन पाउने व्यवस्था हटाउने ।
➢ जिल्लाको मालपोतबाट उठ्ने केही प्रतिशत रकम पाउने व्यवस्था गर्ने ।

## ४ सेवा प्रवाहको पक्ष

- जिल्ला र गाउँ पञ्चायत तहमा पनि वर्गीय संगठनका सदस्यहरु समावेश भएका गाउँ तथा जिल्ला समितिमा निम्न लिखित समन्वय समिति गठन हुनु वाञ्छनीय देखिन्छ । तर पञ्चायतको तहमा वर्गीय संगठन समावेश गर्नु उपयुक्त देखिँदैन :

- जि.पं. सभापतिको अध्यक्षतामा सबै वर्गीय संगठनका जिल्ला स्तरीय सभापतिहरु भएको समन्वय समिति गठन गर्ने र प्र.जि.अ. त्यसको सचिव हुने ।
- गा.पं. को प्रधानपञ्चको अध्यक्षतामा सबै वर्गीय संगठनको प्रारम्भिक तहका सभापतिहरु भएको समन्वय समिति गठन गर्ने र गा.पं. को सचिव त्यसको समिति सचिव हुनुपर्ने ।
- वर्गीय संगठनहरुको स्थायी आयस्रोतको रुपमा गाउँ तथा नगर पञ्चायतहरुको कुल आयको ५ देखि १५ प्रतिशतसम्मको रकम आफ्नो इलाकामा वर्गीय संगठनहरुलाई दिने व्यवस्था गर्ने ।
- वर्गीय संगठनको केन्द्रीय समितिहरुलाई पनि उपयुक्त हुने आयोजनाहरु सरकारले हस्तान्तरण गर्दै लैजानुपर्ने ।
- जि.पं. को आम्दानीबाट ५ देखि १५ प्रतिशतसम्म आम्दानीको रकम जिल्ला स्तरीय वर्गीय संगठनलाई दिने ।
- वर्गीय संगठनहरुले समय समयमा खेलकुद मेला आयोजना गरेर र सानातिना घरेलु उद्योग व्यवस्था समेत गरेर संगठनलाई आम्दानी हुने कार्यमा संलग्न गर्ने ।
- प्रमुख जिल्ला अधिकारी नियुक्त गरी विकेन्द्रीकरण कार्यक्रम आरम्भ गर्ने ।
- अञ्चलमा पनि आवश्यकता अनुसार अञ्चल स्तरीय संगठनहरु खडा गर्ने ।
- अञ्चलाधीशलाई प्रत्यायोजित अधिकारहरु प्र.जि.अ. लाई प्रत्यायोजन गर्ने ।
- विकेन्द्रीकरण योजना प्रशासन व्यवस्थाको रुपरेखा र कार्यविधि बारे जिल्ला स्तरीय कर्मचारी एवं निर्वाचित सदस्यहरुलाई गोष्ठीद्वारा अवगत गराउने ।

**दोस्रो चरण**

- जि.पं. लाई जिल्ला स्तरीय विकास कार्य सम्बन्धी नीति निर्देशन दिन सक्ने सम्पूर्ण अधिकार प्रदान गर्ने ।
- जिल्ला स्तरीय कर्मचारीहरु र निर्वाचित सदस्यहरुको दिर्घकालीन संस्थामा तालीम तथा गोष्ठीको व्यवस्था गर्ने ।

**अन्तिम चरण**

- प्रथम र दोस्रो चरणमा प्रमुख जिल्ला अधिकारी जि.पं. को सचिव समेत हुनेछ ।
- सरकारले चाहेमा जुनसुकै चरणमा पनि शान्ति सुरक्षा सम्बन्धी अधिकार सोझै वा अञ्चलाधीश मार्फत बढीमा सात दिनसम्मको लागि प्र.जि.अ. लाई प्रयोग गर्न वा प्रत्यायोजित गर्न सक्नेछ ।
- शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने जिम्मेवारी बाहेक अन्य सबै अधिकारहरु क्रमश जि.पं.को उत्तरदायित्वमा जानेछ ।
- अन्तिम चरण लागु गर्नको लागि चाहिने क्षमताको मापदण्ड यथासम्भव स्पष्ट रुपले सरकारले व्याख्या गर्नुपर्ने ।
- जि.पं. लाई आर्थिक स्वावलम्वन बढाउने गरी वार्षिक लाभ हुने किसिमका केही अधिकारहरु पनि सरकारद्वारा प्रदान गराउनु पर्नेछ ।
- गाउँ पञ्चायत तहमा अन्तिम चरणको कार्यक्रम लागु गर्न प्रमुख आधारभूत सिद्धान्तहरुको व्याख्या गर्नुपर्नेछ र सोही अनुसार कार्य प्रारम्भ गर्न लगाउनु पर्नेछ ।
- अन्तिम चरणको कार्यक्रमहरु लागु गर्नुपर्ने विषयमा गृह पञ्चायत मन्त्रालयले मात्र नगरी आधारभूत सक्रियता एवं क्षमताको मापदण्ड अनुरुप जिल्लाहरुलाई वर्गीकरण गरी विभिन्न विभागीय प्रमुखहरु समेत समावेश गरिएको समितिबाट निरुपण गर्नु उपयुक्त हुनेछ ।

## ५ समन्वय (ठाडो, तेर्सो)

- सरकारको अञ्चल स्तरीय कार्यालय रेखदेख नियन्त्रण र समन्वय गर्ने अधिकार अञ्चलाधीशको हुनुपर्ने ।
- अञ्चल स्तरीय कार्यालयहरु अञ्चलाधीश कार्यालयको शाखाको रुपमा रहनुपर्ने ।

- अञ्चल स्तरीय शाखा प्रमुखहरुको नेकीवदि, सरुवा आदि अञ्चलाधीशको सिफारिसमा सम्बन्धित विभागहरुले कारवाही गर्नुपर्ने र मातहतका कर्मचारीहरुको नेकीवधिको आधारमा दण्ड सजाय वा प्रोत्साहन दिने विषयमा अञ्चलाधीशको निर्देशन अनुसार शाखा प्रमुखहरुले गर्नुपर्ने ।
- सरकारको नीति सिद्धान्त अनुरुप कार्य सञ्चालन गर्न आवश्यक निर्देशन दिने अधिकार अञ्चलाधीशलाई हुनुपर्ने ।
- दुई वा दुई भन्दा बढी जिल्ला सम्बन्धी योजना र राष्ट्रिय योजनाको रेखदेख, नियन्त्रण, समन्वय र कार्यान्वयनमा अञ्चलाधीशले अञ्चल समितिको परामर्श लिएर काम गर्नुपर्ने ।
- जि.पं. को हिसाबकिताबको आन्तरिक लेखापरीक्षण गर्न लगाउने काम पनि अञ्चलाधीशको हुने ।
- प्र.जि.अ.हरुलाई प्रत्यायोजित अञ्चलाधीशका अधिकार बारे जाँचबुझ गर्ने अधिकार पनि अञ्चलाधीशको हुने ।
- जिल्ला स्तरीय कार्यालयहरुको रेखदेख, नियन्त्रण र समन्वयन प्र.जि.अ. ले गर्ने ।
- जिल्ला स्तरीय योजना वा कार्यक्रम सञ्चालन गर्दा सरकारको नीति विपरित नगर्ने गरी विभिन्न विकास योजनाहरु कार्यान्वयित गराउने अधिकार प्र.जि.अ. को हुने ।
- प्र.जि.अ. मातहत स्थानीय विकास शाखा अधिकृतको व्यवस्था गर्ने ।
- शाखा कार्यालयहरुको त्रैमासिक बजेट निकासा गराउने, त्यसको हिसाबकिताब राख्न लगाउने र आयव्ययको प्रतिवेदन सम्बन्धित विभागमा पठाउने अभिभारा प्र.जि.अ. को हुने ।

## ६ न्यायिक अधिकार

- निम्न लिखित थप अधिकारहरु प्र.जि.अ. लाई दिनुपर्ने :—
- प्र.जि.अ. लाई प्रशासकीय मामिला सम्बन्धी शुरु कारवाही गर्ने अधिकार दिने ।
- जिल्ला पञ्चायतको काम कर्तव्यको अधिकार क्षेत्र प्रष्ट गर्नुका साथै जि.पं. का सभापति वा सदस्यको प्र.जि.अ. सँग र शाखा प्रमुख एवं अञ्चलाधीशसँगको पारस्परिक सम्बन्ध बारे ऐनद्वारा स्पष्ट गर्ने ।
- प्र.जि.अ. को रेखदेख नियन्त्रण र समन्वयमा नपर्ने विभागहरुले पनि आवश्यकता अनुसार पारस्परिक सहयोग एवं सद्भावना ऐनद्वारा कायम गर्ने ।

## विविध

- वि.सं. २०२० सालमा गठित प्रशासन शक्ति विकेन्द्रीकरण आयोगको प्रतिवेदनमा उल्लेख भएका विकेन्द्रीकरण कार्यक्रम सञ्चालन र सम्पादन गर्न देश काल अनुकुल परिस्थिति नभएकोले उक्त आयोगका प्रतिवेदन अनुसार विकेन्द्रीकरण योजना सञ्चालन गर्नु व्यवहारिक देखिन्न । तसर्थ उक्त प्रतिवेदनमा

उल्लेखित विकेन्द्रीकरण कार्यक्रम पूरा गर्न १२ वर्षीय योजना अनुसार सञ्चालन गर्न आजसम्मको अनुभव वस्तुस्थिति अनुरुप कार्यान्वित गर्न सम्भव नभएकोले कार्य अवधिमा संसोधन एवं परिमार्जन गर्नुपर्ने ।

- विकेन्द्रीकरण योजना कार्यक्रम नौलो भएको परिप्रेक्षमा यसको सञ्चालनमा तालीम व्यवस्था व्यापक रुपमा हुनु आवश्यक छ, तालीममा प्र.जि.अ. लगायत जिल्ला स्तरीय सबै कर्मचारी, अञ्चल स्तरीय अधिकारी कर्मचारी, गाउँ र जिल्ला स्तरीय पञ्चहरु तथा केन्द्रीय अधिकारी कर्मचारी समेतलाई सरिक गराउनु पर्दछ ।
- अञ्चल, जिल्ला गाउँमा काम कारवाही भए नभएको रेखदेख, जाँचबुझ र स्थलगत निर्देशन तथा मार्ग प्रदर्शन गर्न सम्बन्धित व्यक्तिले समय समयमा निरिक्षण भ्रमण गरिरहनु पर्दछ ।
- विकेन्द्रीकरण योजना कार्यक्रमहरु सुचारुरुपले सञ्चालन गर्न गा.पं. र जि.पं. को क्षमताको मापदण्ड तयार गर्नुपर्ने । यसैगरी प्र.जि.अ. र जिल्ला पञ्चायतको सम्बन्ध यकीन गर्नुपर्ने । यस्ता कार्यहरु सञ्चालन गर्न राष्ट्रिय जीवनमा ख्याती प्राप्त र प्रतिष्ठित व्यक्तिहरुलाई समेत समावेश गरी सरकारले एकवर्षीय समिति गठन गर्नुपर्नेछ ।
- प्रत्येक गा.पं. हरुमा गा.पं. लाई आवश्यक परामर्श दिन सक्ने एक जना योग्य र दक्ष गा.पं. सचिव नियुक्ति गर्नुपर्ने ।

## ग) विकेन्द्रीकरण समितिको प्रतिवेदन २०२६ (माननीय जय प्रकाश)

### १ नीतिगत पक्ष

- विकेन्द्रीकरणको कार्यक्रम एवं यसको सैद्धान्तिक प्रश्न तथा कार्यान्वयन पक्ष बीच सर्वमान्य एउटा ठोस् नीति, उद्देश्य र सिद्धान्तको पूर्ण व्याख्या सहित स्पष्ट एवं सरल भाषामा लेखिएको एउटा पुस्तिका यथाशक्य चाँडो प्रकाशमा ल्याउनु जरुरी भएको,
- स्थानीय जनताहरुले आफ्नो दैनिकीमा असर पर्ने विषयहरुमा स्वेच्छाले भाग लिई स्वयं निर्णय गर्न सक्ने र जनभावना अनुकुल योगदान गर्न पाएकोमा गौरवान्वित हुन सक्ने वातावरणको श्रृजना गर्ने । यसका लागि विकेन्द्रीकरण कार्यक्रमको उद्देश्यहरु निम्न अनुसार हुनुपर्ने :-

  क) आर्थिक विकासका कार्यहरुमा स्थानीय साधनहरुको परिचालनद्वारा विकासोन्मुख समाजको सृजना,

  ख) स्थानीय नेतृत्वको विकासद्वारा चेतनशील समाजको स्थापना,

  ग) प्रशासनको प्रजातान्त्रिकरणद्वारा लोक सम्मतिमा आधारित प्रशासन व्यवस्थाको सञ्चालन,

- प्रशासनलाई सक्षम एवं प्रभावकारी बनाउने उद्देश्य साकार रुपमा परिणत गर्न प्रशासनको विभिन्न तहमा जनप्रतिनिधिहरुलाई सरिक गराउने बारे अझै स्पष्ट रुपमा व्याख्या हुनुपर्ने,
- प्रशासनको प्रत्येक तहमा जनप्रतिनिधिहरुलाई समावेश गराउने भन्नाले तिनलाई कर्मचारी सरह कार्यालयमा बसी तोक आदेश र पत्र व्यवहार गराउने नभई प्रशासनले गरेका आर्थिक वर्षभरिका कामकार्वाहीहरुको सिंहावलोकन गर्ने र जनभावना अनुकुल कार्य व्यवस्था मिलाउन सुझाव दिने व्यवस्था हुनुपर्ने,
- केन्द्र र अञ्चल स्तरमा क्रमश राष्ट्रिय पञ्चायत अन्तर्गत विभिन्न समितिहरु र अञ्चल समितिको गठन भै सकेका छन् तर जिल्ला स्तरमा भने त्यस प्रकारको निकाय कायम गर्नुको बदला विकास निर्माण सम्बन्धी प्रशासनिक अधिकारहरु समेत जिल्ला पञ्चायतलाई नै प्रदान वा प्रत्यायोजन गरिएको छ,
- अधिकारको विकेन्द्रीकरण तथा विभिन्न तहका पञ्चायतहरुले संस्थागतरुपमा अधिकार प्रयोग गर्न पाउनु नै विकेन्द्रीकरणका मूलभूत सिद्धान्त भएता पनि यी सिद्धान्तहरु अञ्चल र जिल्लाहरुमा व्यवहारिक रुपले कार्यान्वयन

हुन पाएका छैनन् । अतः अञ्चलाधीश एवं विभिन्न तहका प्रशासनिक एकाईमा निहित रहेका अधिकारहरु जि.पं. एवं गा.पं. लाई समेत संस्थागत रुपमा क्रमश प्रत्यायोजित गरिदैं लानुपर्ने व्यवस्था हुनुपर्ने,

- प्र.जि.अ. कार्यालय अन्तर्गत जि.पं. कार्यालय हो वा जि.पं. कार्यालय अन्तर्गत प्र.जि.अ. कार्यालय हो वा यी दुवै अलगअलग हुन् वा एउटै हुन् प्रस्ट नभएको,
- जिल्ला स्थित विकास कार्यालयहरु जि.पं. कार्यालयका शाखा हुन् वा प्र.जि.अ. कार्यालय अन्तर्गतका हुन् भ्रम भएको,
- जिल्लामा प्र.जि.अ. को स्थान केन्द्रको मुख्य सचिवको जस्तो भई जिल्लाका विभिन्न विभागीय प्रतिनिधिहरुले विभागीय सचिवको रुपमा काम गर्ने व्यवस्था मिलाउनु पर्ने,
- गा.पं. को सक्रियता एवं सहायताको आधारमा जि.पं. एवं श्री ५ को सरकारबाट क्रमिक रुपमा अधिकार प्रत्यायोजित हुदैं जानुपर्ने,
- आदर्श गा.पं. को परिभाषा एवं यसको क्रमिक तथा अन्तिम रुपबारे स्पष्ट व्याख्या हुनुपर्ने,
- गा.पं. ले गर्ने विकास कार्यमा भएको श्रम र साधनको के कति मात्रामा स्वेच्छाले परिचालन भयो सो बारे एउटा अनुसन्धान एवं अन्वेषण हुनुपर्ने ।

## २ संस्थागत व्यवस्था

अञ्चलाधीशहरुको पद नियन्त्रण एवं दबाव दिने नभई अञ्चलको प्रशासन तथा स्थानीय प्रशासनमा निम्न कार्य गर्ने हुनुपर्ने :–

- जनप्रतिनिधि एवं कर्मचारीहरु बीच समन्वय कायम गर्ने,
- जिल्ला पञ्चायत एवं गा.पं. को काम कारवाहीको बराबर निरिक्षण गरी मार्ग प्रदर्शन गर्ने गराउने,
- जनभावनाको कदर गर्ने, अञ्चलको गतिविधि बारे जनतालाई बोध गराउने, अञ्चलमा गरिने ठूल ठूला काममा जनताको राय सुझाव लिने,
- अञ्चलको सामाजिक, आर्थिक, राजनैतिक एवं प्रशासनिक कार्यक्रमको निरिक्षण, निर्देशन एवं मूल्याङ्कन गर्ने,
- अञ्चलभित्र हुने कार्यक्रम गतिविधि अञ्चल समितिमा विचारार्थ पेश गर्ने,
- अञ्चल स्तरमा रहेका पञ्चायत निरिक्षण अधिकारीहरु राजनीतिक नियुक्ति भएकोमा योग्य एवं कर्मठ व्यक्तिहरु मध्येबाट नियुक्ति गरिनु पर्ने,
- हालको गृह पञ्चायतको मन्त्रालयको संगठनमा परिवर्तन गरी विकेन्द्रीकरण कार्यक्रम सम्बन्धित शाखाको निम्न अनुसारको काम तोक्ने :

  क) अञ्चल, जिल्ला एवं गाउँ पञ्चायतहरुमा गरिने विभिन्न कार्यहरुमा समन्वय र एकरुपता ल्याउन नीतिगत निर्देशन दिने र स्थानीय पञ्चायतले सो अनुसार गरे नगरेको बारम्बार रेखदेख गर्ने,

  ख) विकेन्द्रीकरण योजना कार्यान्वयन गर्न विभिन्न स्तरमा आवश्यक संगठनहरु खडा गरी तिनमा कर्मचारीहरुको नियुक्ति गर्ने र तालीम दिने,

  ग) विकेन्द्रित अधिकारको प्रयोगमा स्थानीय पञ्चायतहरुलाई आवश्यक सहायताहरु पुर्‍याउन मार्गदर्शन गर्ने र अधिकारहरुको प्रयोग र पालन ठीक सँग भए नभएको निरिक्षण गर्ने र मार्गदर्शन गर्ने,

  घ) सरकारका विभिन्न कार्यालयहरुबाट आवश्यकता अनुसार अधिकार प्रदान वा प्रत्यायोजित नभएको भए सो गर्न लगाउने ।

## ३ वित्तीय पक्ष

- जि.पं., न.पं., गा.पं. एवं विभिन्न तहका संगठनहरुको हिसावकिताव बराबर जाँचबुझ गरी ठीक दुरुस्त राख्न लगाउनुका साथसाथै जिल्ला पं. का हिसाबकितावको नियमित रुपबाट आन्तरिक लेखापरीक्षण गर्न लगाउने र जि.पं.द्वारा गा.पं. को हिसाबकिताव गराउने कर्तव्य अञ्चलाधीशको हुने,
- गा.पं. हरुलाई आफ्नो आय स्रोतहरु बढाउने खालका अधिकारहरु प्रदान गर्ने आवश्यक व्यवस्था हुनुपर्ने,
- गा.पं.को लेखा राख्ने पद्धतिलाई सकेसम्म छरितो बनाउँदै लानुपर्ने ।

## ४ सेवा प्रवाहको पक्ष

- सरकारले विभिन्न अञ्चल एवं सो अन्तर्गतका जिल्लाहरुमा खर्च गर्ने विभागीय वजेटको एउटा छुट्टै पुस्तिका प्रकाशित गरी अञ्चल स्तरका कार्यालयहरुको सन्दर्भमा अञ्चलाधीश तथा जिल्ला कार्यालयहरुका सन्दर्भमा प्र.जि.अ. को नियन्त्रणमा रहने व्यवस्था गर्ने,
- केन्द्रीय बजेटकै आधारमा जिल्ला पञ्चायतहरुलाई आफ्नो वार्षिक कार्यक्रम तर्जुमा गर्न सक्षम तुल्याउन, जि.पं. को आर्थिक वर्ष श्रावणको बदला पौषदेखि शुरु हुने व्यवस्था गर्ने,
- अञ्चल अन्तर्गतका सबै शाखा कार्यालयहरुको उत्तरदायित्व अञ्चलाधीशहरुमा रहने,
- सो अनुसार आफ्ना अञ्चलभित्रका सबै जिल्ला स्तरका शाखा कार्यालयहरुमा कार्य सम्पादन गर्ने गराउने अभिभारा अञ्चलाधीशको हुने,
- अञ्चलाधीशले अञ्चल स्तरीय कार्यालयहरुको कार्यालय प्रमुखको हैसियतले गर्नुपर्ने सबै प्रकारका कामहरु गर्ने,
- केन्द्रीय स्तरका अधिकांश अधिकार एवं कर्तव्यहरु क्रमिक रुपमा जिल्ला सभालाई दिने र सो कार्यक्रम सञ्चालनमा पूर्ण प्रशासनिक जिम्मेवारी प्र.जि.अ. को हुने,
- जिल्लाका जिल्ला सभाका अधिकारहरु पनि क्रमश गाउँ सभामा प्रत्यायोजन हुनुपर्ने,
- जि.पं. का कार्यालयका शाखा अधिकृतलाई जि.पं. सचिवमा मनोनित गर्ने र प्र.जि.अ.लाई यस दायित्व बाट हटाउने तथापि जि.पं. को निर्णय कार्यान्वयन गर्ने गराउने दायित्व प्र.जि.अ. को हुने र निजले अनिवार्य रुपमा जि.पं.को बैठकमा भाग लिनु पर्ने,
- जिल्लास्थित सबै शाखा कार्यालयहरुको काम सम्बन्धी उत्तरदायित्व प्र.जि.अ.को हुने,
- सम्बन्धित मन्त्रालय वा विभागहरुले आफ्ना जिल्ला कार्यालयहरुमा पठाउने निर्देशन तथा निकासा समेत अञ्चल शाखा कार्यालय मार्फत प्र.जि.अ. कहाँ पठाउने,
- प्र.जि.अ.ले जिल्लामा विभागीय प्रमुखको हैसियतले प्रयोग गरेको जुनसुकै उत्तरदायित्व प्र.जि.अ. कहाँ हुने,
- प्र.जि.अ. ले नियमित रुपमा जिल्ला स्तरीय कार्यालयहरुको निरिक्षण एवं निर्देशित क्रमिक रुपले गर्नुपर्ने,
- जिल्ला पञ्चायतको निर्णय सम्बन्धित शाखा कार्यालयबाट गर्ने गराउने प्रमुख कर्तव्य प्र.जि.अ. को हुने,
- प्रत्येक गा.पं.को सचिवको नियुक्ति श्री ५ को सरकारले गरी निजलाई प्र.जि.अ. को प्रशासनिक नियन्त्रणमा राख्ने,
- प्र.जि.अ.ले गा.पं. को सचिवको काम कारवाहीमा बराबर निर्देशन दिने,
- विकेन्द्रीकरणको कार्यक्रमलाई तीन चरणमा विभाजन गरिएता पनि पहिलो चरणको कार्यमा जिल्लाका प्रशासनिक गठन विकेन्द्रीकरण कार्यक्रमको नीति, सिद्धान्त अनुरुप गर्नुपर्ने,
- यसका लागि आवश्यक कार्यालय व्यवस्था गर्न प्र.जि.अ. कार्यालय र निज अन्तर्गतका जिल्ला स्तरीय कार्यालयहरुको व्यवस्था हुनुपर्ने,
- सरकारद्वारा निर्धारित नीति अन्तर्गत जिल्ला सभाद्वारा स्वीकृत सिद्धान्तको आधारमा कार्यक्रम तयार गर्ने र सञ्चालन गर्ने गराउने अधिकार जि.पं. को हुनुपर्ने,

- अन्तिम चरण लागु गर्ने जिल्ला र गाउँका कर्मचारीहरुलाई अघिल्लो चरणमा नै तालीम दिने,
- जि.पं. तथा गा.पं. हरुलाई विकेन्द्रीकरणको अन्तिम चरणको कार्यक्रम लागु गर्न आधारभूत सक्रियता एवं क्षमताको मापदण्ड अनुरुप जिल्लाहरुलाई वर्गीकरण गरी विभिन्न विभागीय प्रमुखहरु समेत समावेश गरिएको समितिहरुबाट निरुपण गराउनु पर्ने ।

## ५ समन्वय (ठाडो, तेर्सो)

- केन्द्रीयस्तरमा राम्रो समन्वय हुन अनिवार्य भएको,
- केन्द्रीय स्तरमा हुने र भएको समन्वयको रुप र आधारमा अञ्चल एवं जिल्ला तथा गाउँ पञ्चायतमा समेत यथोचित समन्वय कायम राख्ने,
- विकेन्द्रीकरण कार्यक्रम गृह पञ्चायत मन्त्रालयको आफ्नो कार्यक्रम नभई सरकारको सबै सचिवालयको साझा कार्यक्रम भएकोले सबै मन्त्रालयहरुबाट समान रुपमा योगदान दिनु आवश्यक भएको,
- अञ्चलाधीश आफ्नो अञ्चलमा श्री ५ को सरकार, मन्त्रालय र विभागहरुको प्रमुख हुने भएकाले केन्द्रीय मन्त्रालय वा विभागहरुबाट आफ्ना कार्यालयमा पठाउने निर्देशन र सिद्धान्त आदि सबै कुरा अञ्चल शाखा कार्यालय मार्फत अञ्चलाधीश समक्ष पेश गर्ने,
- अञ्चलाधीशले अञ्चल सभाको बैठकमा उपस्थित भई अञ्चल समितिको गतिविधि बारे अञ्चल सभालाई बोध गराउने र अञ्चल सभाको निर्णयहरु कार्यान्वयित गर्ने पूर्ण उत्तरदायित्व पनि वहन गर्नुपर्ने कानुनी व्यवस्था हुनुपर्ने ।

## ६ न्यायिक अधिकार

- गा.पं. ले प्रयोग गर्दै आएका न्यायिक अधिकारहरु के कसरी प्रयोग भएका छन् सो सम्बन्धमा श्री ५ को सरकार र जि.पं. का पदाधिकारीहरुबाट बराबर निरिक्षण एवं मार्ग प्रर्दशन हुनुपर्ने ।

## विविध

- सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा सबै मन्त्रीहरु लगायत सबै मन्त्रालयहरुका सचिवहरु सहित सदस्य भएको एउटा उच्च स्तरीय समिति गठन हुनुपर्ने,
- पञ्चायत सचिवको अध्यक्षतामा सरकारको सबै विभागीय प्रमुखहरुको सदस्यता भएको एउटा समिति खडा गर्नुपर्ने,
- केन्द्रबाट बेला बखतमा अञ्चल, जिल्ला र गाउँ स्तरमा भ्रमण कार्यक्रम हुनुपर्ने,
- विकेन्द्रित प्रशासन व्यवस्थामा देखिएका व्यवहारिक कठीनाईहरु समाधान गर्न ६/६ महिनामा अञ्चलाधीशको अध्यक्षतामा जिल्लाभित्रका सबै जिल्ला सभापति एवं प्र.जि.अ. को गोष्ठी गर्ने,
- केन्द्रमा सबै जिल्ला सभापति एवं प्र.जि.अ.को गोष्ठी गर्ने,
- रा.पं.का पञ्चायत समितिका सभापतिको अध्यक्षतामा बुद्धिजीवी, प्राध्यापक, रा.पं. सदस्य एवं उच्च पदाधिकारीहरु रहेको उच्च स्तरीय विकेन्द्रीकरण समिति तीन वर्षका लागि गठन गर्ने र तिनको भेला समय समयमा गर्ने,
- गाउँ स्तरमा हुने कुनै पनि विकास निर्माणका कार्यक्रममा संलग्न कर्मचारीहरुलाई गा.पं. मा संलग्न गराई गा.पं.को परामर्श लिएर कार्य गर्ने गराउने व्यवस्था गर्ने ।

## घ) पञ्चायत नीति तथा जाँचबुझ समिति विकेन्द्रीकरण उप समितिको प्रतिवेदन २०३८ (माननीय रणधीर सुव्वा)

### १ नीतिगत पक्ष

- पञ्चायतहरुलाई आफ्नो क्षेत्रको चौतर्फी विकासको निम्ति योजना तर्जुमा, योजना सञ्चालन तथा योजना कार्यान्वयनको क्षमता विकास गरी यिनीहरुलाई आत्मनिर्भर तुल्याउन गाउँ पञ्चायतको संस्थागत विकासमा सामूहिक नीति हुनुपर्ने,
- गाउँ पञ्चायतलाई आत्मनिर्भर तथा स्वावलम्वी स्थानीय विकासको संस्थाको रुपमा विकास गर्न आवश्यक जनशक्ति स्थानीय रुपले विकास गर्ने नीति सबै मन्त्रालय तथा सो अन्तर्गतका निकायले लिनुपर्ने । यसरी जनशक्ति विकास गर्दा स्थानीय स्तरमा उपलव्धता हुन सक्ने दक्ष तथा तालीम प्राप्त जनशक्तिलाई परिचालन गर्ने नीति अवलम्बन गर्ने,
- गाउँमा सञ्चालन हुने आयोजनाहरुको स्रोत बाँडफाँड गर्दा गाउँको जनसंख्या, भौगोलिक दुर्गमता, उपलब्ध साधन आदिको विचार गरी समानुपातिक तथा न्यायोचित वितरण नीति अनुसरण गर्ने,
- गा.पं.बाट बाह्य तथा आन्तरिक साधनको आधारहरु पहिचान गर्नको लागि आवश्यक अध्ययन गरी सुझाव प्रस्तुत गर्न विशेषज्ञ टोलीको गठन हुनुपर्ने,
- जिल्ला विकास योजना तर्जुमा गर्दा केन्द्रीय स्तरबाट आवश्यक नीति तथा तरीका तर्जुमा गरी जिल्लालाई निर्देशन दिनुपर्ने,
- कस्ता योजना राष्ट्रिय स्तरका हुन् र जिल्ला योजनामा पर्दैनन् भनी स्पष्ट हुनुपर्ने,
- एकीकृत जिल्ला विकास योजना तर्जुमा गर्ने,
- गाउँ स्तरमा गरिने निर्माण सम्बन्धी कार्यको निम्ति पञ्चहरुलाई अनुदान नगद, पेश्की दिने प्रथा बन्द गर्ने,
- बढ्दो यातायत सुविधालाई मध्यनजर गर्दै अञ्चल अन्तर्गतका जिल्लाहरुको बनावटलाई समसामयिक परिवर्तन गर्नुपर्ने हुँदा सो को लागि एउटा आयोगको गठन गर्ने,
- राष्ट्रिय स्तरको योजना तर्जुमा गर्दा अघिल्लो सालको गाउँ विकास योजना र जिल्ला विकास योजना तर्जुमा गराई त्यसको आधारमा विभिन्न विषय क्षेत्रको राष्ट्रिय योजना तर्जुमा गर्न लगाउन राष्ट्रिय योजना आयोगले आवश्यक नीति निर्देशन गरी कार्यान्वायन गर्ने,
- राजनीतिक क्षेत्रमा निम्न कार्यहरु गर्न एउटा उच्च स्तरीय तथा शक्तिशाली निकायको स्थापना गर्ने :-
  क) विकेन्द्रीकरणको निम्ति गरिनुपर्ने कार्यहरु सम्बन्धित निकायले गरिरहेको छ छैन जाँचबुझ गरी त्यसका आधारमा विकेन्द्रीकरणको नीति कार्यान्वयन बारे आवधिक प्रतिवेदन तयार पार्न,

  ख) विकेन्द्रीकरण लागु गर्दा देखिने समस्याहरुलाई सम्बन्धित निकायहरुको सहयोगमा निराकरण गर्न,

  ग) जिल्ला पञ्चायतहरुको सभापतिहरुको सम्मेलनको निष्कर्ष तथा सिफारिस अनुकुल नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गराउन ।

### २ संस्थागत व्यवस्था

- गाउँ पञ्चायतको विकास आयोजनाको प्रारम्भिक गाउँ पञ्चायत हुनुपर्ने,
- ग्रामीण इलाकामा सञ्चालन हुने प्रत्येक विकास आयोजनाहरु गाउँ पञ्चायतबाटै उत्थान हुनुपर्ने,

- योजना तर्जुमा गर्दा गा.पं.ले नै आवश्यक प्राथमिकताक्रम तोकी गाउँ विकास योजना तर्जुमा गर्न प्रमुख भूमिका खेल्नुपर्ने,
- गा.पं. सचिवको व्यवस्था सम्बन्धमा स्थानीय इलाकाको जनताबाटै योग्य सचिवको नियुक्ति गर्ने,
- निजको तलब सम्बन्धी सम्बन्धित गा.पं. लाई अनुदान स्वरुप प्रदान गर्ने,
- यस्तो रकममा स्थानीय पञ्चायतले थप गर्न चाहेमा ५० प्रतिशतसम्म थप गर्न दिने प्रावधान हुनुपर्ने,
- जिल्ला पञ्चायतले गा.पं. सचिवको लागि आवश्यक योग्यता तोक्ने व्यवस्था गर्ने,
- सम्बन्धित गा.पं. ले आफ्नो सचिवको नियुक्तिको लागि जिल्ला पञ्चायतमा सिफारिस सहित नियुक्तिको लागि पठाउने,
- गाउँ पञ्चायतको, गाउँ सभाको बैठक एक वर्षसम्म पनि बस्न नसकेको खण्डमा योजना तथा वजेटको स्वीकृतिको निम्ति जि.पं. सचिवको निर्देशनमा गा.पं. सचिवले बैठक आयोजना गर्न सक्ने व्यवस्था हुनुपर्ने,
- प्रत्येक इलाकामा एउटा सेवा केन्द्र स्थापना गर्ने,
- जिल्ला पञ्चायतको सचिव अन्तर्गत गाउँ पञ्चायतहरुलाई सेवा केन्द्रको सामान्य समन्वय गर्न तथा यसले गर्ने कामहरुमा मद्दत पुऱ्याउन एउटा सेवा केन्द्र सुपरिवेक्षक राख्ने,
- नगर पञ्चायतहरुलाई विकास कार्यमा अग्रसर गराउन निम्न व्यवस्था गर्ने :-

  क) हालको नगर विकास समिति विघटन गरी स्थानीय विकास मन्त्रालय अन्तर्गत नगर विकास महाशाखा खडा गर्ने,

  ख) हालको नगर विकास तथा फोहरमैला व्यवस्थापन परियोजनाहरुलाई सम्बन्धित नगर पञ्चायतको वार्षिक तथा आवधिक योजनाको अभिन्न अङ्ग बनाई सञ्चालन गर्ने,

  ग) नगर क्षेत्रभित्र सञ्चालन गरिने योजनाहरु नगर पञ्चायतकै माध्यमबाट सञ्चालन गर्ने,

- जि.पं. सभापतिलाई जिल्ला स्तरीय समन्वय कर्ताको अधिकार प्रदान गर्ने,
- जि.वि.स.सँग सम्बन्धित जिल्ला स्तरीय निकायहरु जि.पं. सचिवालयको शाखाको रुपमा रहनु पर्ने र शाखा प्रमुखको काज, छुट्टी र जिल्लामा अनुपस्थित हुनुपरेमा जिल्ला सभापति वा निजबाट अधिकार प्राप्त स्था.वि.अ.ले स्वीकृति दिनुपर्ने व्यवस्था गर्ने,
- कथंकदाचित् जिल्ला सभाको बैठक बोलाउन नसकिने अवस्था भएमा प्र.जि.अ.ले आफ्नो अध्यक्षतामा स्था.वि.अ. तथा जिल्ला स्तरीय विकास आयोजनाका प्रमुखहरुको बैठक बोलाउन सक्ने,
- अञ्चलाधीशलाई अञ्चलका जिल्लाहरुको विकास प्रकृयामा बढी मात्रामा संलग्न गराउने । यसका लागि विकास कार्य हेर्ने एक सहअञ्चलाधीशको व्यवस्था गर्ने,
- राष्ट्रिय योजना आयोगले प्रत्येक क्षेत्रमा एउटा क्षेत्रीय कार्यालय गठन गर्ने ।

## ३ वित्तीय पक्ष

- स्थानीय चरन, जंगल, खानी, खोलानाला, हाड्सिङ्ग, सिनो आदिको राम्रो व्यवस्था स्थानीय गा.पं.ले व्यवस्था गर्नुपर्ने हुँदा यसबाट उठ्ने रकम गा.वि.स. लाई दिनुपर्ने,
- गाउँ पञ्चायतले न्यायोचित प्रभावकारी तथा संवेदनशील तरीकाले प्रयोग गर्न सक्ने सबै कर दस्तुर सम्बन्धी अधिकार गा.पं. लाई दिने,

- बढ्दो मात्रामा साधनको परिचालन गर्न प्रत्येक वर्ष गाउँ सभा कोषको लेखापरीक्षण गर्ने तथा त्यसको प्रतिवेदन गाउँ सभामा छलफल गर्ने परिपाटी कायम गर्ने,
- जिल्लामा महालेखा परीक्षक वा महालेखा नियन्त्रणको कार्यालय अन्तर्गत एउटा इकाईको स्थापना गर्नुपर्ने,
- निम्न आधारमा नगर पञ्चायतलाई कर लगाउने अधिकार वा अनुदान प्रदान गर्ने आधार हुनुपर्ने :-

  क) नगर पञ्चायतले प्रदान गर्ने सेवासँग सम्बन्धित कार्यहरु सञ्चालन गर्न,

  ख) नगरको जनसंख्याको आधारमा अनुदान रकम निर्धारण गर्ने,

  ग) कुनै महत्वपूर्ण आयोजना सञ्चालन गर्न विशेष अनुदान वा कर उपलव्ध गराउँदा कार्यक्रमसँग आवद्ध गरेर आवधिक समीक्षा तथा मूल्याङ्कनका आधरमा निर्धारण गर्ने,

  घ) न.पं.भित्र सरकारले एक जना लेखा अधिकृतको नियुक्ति गर्ने,

  ङ) न.पं.को लेखापरीक्षण समय समयमा हुनुपर्ने,

- जिल्लालाई दिने आर्थिक स्रोत स्वीकृत योजनाको आधारमा दिने,
- गाउँ, नगर र जिल्ला स्तरको लेखापरीक्षण जिल्लामै गरी सो को प्रतिवेदन सम्बन्धी जिल्ला सभामा पेश भई छलफल गर्ने व्यवस्था गर्ने ।

## ४ सेवा प्रवाहको पक्ष

- गा.पं. सचिवको काम निम्न बमोजिम हुनुपर्ने :-

  क) गाउँ विकासका लागि आवश्यक जानकारीहरु बटुल्ने,

  ख) गाउँ स्तरको आवधिक तथा वार्षिक विकास तर्जुमा गर्ने,

  ग) गाउँमा उपलव्ध स्रोत साधनको जानकारी हासिल गरी योजना तर्जुमा गर्दा त्यसलाई समावेश गर्ने,

  घ) गाउँमा सञ्चालित विकास कार्यक्रमको जाँचबुझ र समीक्षा गर्ने,

  ङ) स्थानीय स्तरमा उपभोक्ता संस्थाहरु खडा गर्न तथा योजना कार्यान्वयन गर्न मद्दत गर्ने,

  च) गा.पं. सचिव स्थायी नगरी तीन वर्षको लागि नियुक्त गर्ने,

  छ) प्रत्येक ३ वर्षमा नयाँ नियुक्तिको प्रकृया सञ्चालन गर्ने,

- आयोजना निर्माणको निमित्त योजना तर्जुमा गर्नुपूर्व आयोजनाबाट प्रभावित हुने जनताहरुको उपभोक्ता समिति खडा गर्नु यस्ता वडा समितिहरुको जिम्मेवारी हुने,
- एक भन्दा बढी वडामा सञ्चालन हुने आयोजनाको हकमा सबै वडाका वडा समितिहरुको संयुक्त बैठकले उपभोक्ता समिति गठन गर्ने,
- प्रत्येक वर्ष कम्तिमा एउटा विकास आयोजना प्रत्येक गाउँ पञ्चायतमा सञ्चालन गर्ने,
- कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रविधिक सेवा, वित्तीय तथा भौतिक सामग्रीहरु सेवा केन्द्रले उपलव्ध गराउने,
- गा.पं. ले सञ्चालन गरेका योजनाहरुको सफलता र समस्याको सेवा केन्द्रले आवधिक समीक्षा गर्ने,

- जिल्ला स्तरीय योजना स्वीकृत गर्ने अधिकार जिल्ला सभाको मात्र हुने,
- जिल्ला स्तरका योजना तर्जुमा गाउँ स्तरको योजना तर्जुमामा आधारित हुनुपर्ने,
- जिल्ला स्तरीय योजना तर्जुमा गर्दा गाउँ स्तरमा सञ्चालन हुने योजनाहरुको निमित्त चाहिने भौतिक, प्राविधिक तथा वित्तीय साधनहरुका साथै अन्तर गाउँ पञ्चायत स्तर वा जिल्ला स्तरमा सञ्चालन गरिनुपर्ने आयोजनाहरु समेतको व्यवस्था गरी तर्जुमा गर्ने,
- जिल्ला विकास योजनाको समीक्षा जिल्ला पञ्चायतले गर्ने,
- प्रत्येक पञ्च तथा कर्मचारीले आफ्नो जिम्मेवारीको विषयबोध गरी सो अनुसार कार्य गर्ने क्षमता बृद्धि गर्न वृहत् प्रशिक्षण कार्यक्रम पञ्चायत तथा स्थानीय विकास मन्त्रालयले सञ्चालन गर्ने,
- वर्षको एक पटक विकेन्द्रीकरणको प्रकृयालाई सुदृढ बनाउँदै लैजान जिल्ला पञ्चायतका सभापति तथा स्थानीय विकास अधिकारीहरुको सम्मेलन आयोजना गर्ने ।

## ५ समन्वय (ठाडो, तेर्सो)

- सेवा केन्द्रहरुले उपभोक्ता समितिहरु स्थापना र सञ्चालनमा तथा गा.पं.को योजना तर्जुमा, कार्यान्वयन र समीक्षाको लागि आवश्यक मद्दत तथा टेवा पुऱ्याउने,
- स्वीकृत जिल्ला विकास योजनाको कार्यान्वयनको अभिभारा कार्यक्रमसँग सम्बन्धित निकाय प्रमुखको हुने,
- अञ्चलाधीश कार्यालयले चौमासिकको अन्त्यमा जिल्लामा भएको योजना प्रगतिको सामूहिक रुपले समीक्षा गर्ने, यस्तो समीक्षा बैठकमा जिल्ला सभापति, प्र.जि.अ. र स्था.वि.अ. ले भाग लिने,
- अञ्चलाधीश कार्यालयले जिल्ला स्तरमा रहेका सरकारी निकायहरु तथा जिल्ला पञ्चायतलाई एउटै संगठनभित्र ल्याउन समन्वयात्मक भूमिका खेल्न पहल गर्ने,
- क्षेत्रीय कार्यालयले विकास क्षेत्र अन्तर्गतका विभिन्न अञ्चल तथा जिल्लाहरुमा योजना प्रगतिको पनि सामूहिक रुपले जाँचबुझ गर्नुपर्ने ।

## ६ न्यायिक अधिकार

- मुद्दा गर्नेहरुले धेरै धाउनु नपर्ने, घर गाउँमै न्याय उपलब्ध हुने, स्थानीय वस्तुस्थितिको जानकारीका आधारमा न्याय दिन सकिने हुँदा निम्न विषयका मुद्दाहरु गाउँ पञ्चायतलाई प्रत्यायोजन गर्ने :–

  क) पानीघाट रोक्का, चरिचराउ, बेठ् बेघारी, सार्वजनिक जग्गा, मसानघाट आदि मुद्दामा मिलापत्र गराउने,

  ख) गा.पं.लाई प्रत्यायोजन गर्ने न्यायिक अधिकार सन्दर्भमा आवश्यक सिफारिस प्रस्तुत गर्न उपयुक्त अनुभव भएका कानुन बेत्ताहरुको कार्यदल गठन गर्नुपर्ने,

- विकेन्द्रीकरण ऐन तर्जुमा गरी लागु गर्ने ।

## ङ) नेपाल अधिराज्यको संविधान २०४७ सालमा जारी भएको र जसको नीति निर्देशक सिद्धान्तमा विकेन्द्रीकरण गर्ने नीति तय भएको एवं स्थानीय निकायबाट राज्य सभामा प्रतिनिधित्वको व्यवस्था समेत भएको

- २०४८ सालमा नगरपालिका र गाउँ विकास समिति सम्बन्धी ऐन जारी भएको र २०४९ सालमा जिविस सम्बन्धी ऐन जारी भएको । तर यी ऐनहरुमा व्यापक परिवर्तन पछिको जनताका आकांक्षा समेट्न नसकेको र साविकका ऐनहरुको निरन्तरता मात्र कायम रहेको ।

- २०४९ सालमा वहुदलीय व्यवस्था अन्तर्गत स्थानीय निकायको निर्वाचन भएको र गाउँ विकास समितिलाई रु. १० हजार देखि ५० हजारसम्म अनुदान जाने व्यवस्थाको शुरुआत भएको ।
- २०५१ सालमा आफ्नो गाउँ आफैं बनाउँ कार्यक्रम अन्तर्गत रु. ३ लाख रकम गाविस अनुदान पठाउने व्यवस्था भएको ।
- २०५३ सालमा उच्च स्तरीय विकेन्द्रकरण समितिको गठन ।
- २०५४ सालमा स्थानीय निकायको दोस्रो निर्वाचन सम्पन्न ।

**च) तत्कालीन प्रधानमन्त्री माननीय शेर बहादुर देउवाको अध्यक्षतामा गठित विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन सम्बन्धी प्रतिवेदन २०५३ का सिफारिसहरु :**

**१ नीतिगत पक्ष**

- राजनीतिक, आर्थिक, संस्थागत प्रत्यायोजन एवं बजार विकेन्द्रीकरण सम्बन्धी प्रावधान ।
- पारदर्शीता र जवाफदेहीताका लागि प्रावधान ।
- खर्चको व्यवस्था तथा राजस्व दायित्वले भूमिका र जिम्मेवारीमा स्पष्टता ल्याउँछ र कर, दस्तुर एवं स्थानीय आयका अन्य श्रोतका हकमा अधिकार प्रदान गर्दछ ।
- शासन पद्धति र निर्णय प्रक्रियामा सार्वभौम जनताको अर्थपूर्ण सहभागिता जुटाउने ।
- सामाजिक एवं आर्थिक रुपमा पिछडिएका वर्ग, लिङ्ग, जातजातिलाई पनि विकास प्रक्रियामा अधिकतम रुपमा संलग्न गराई स्थानीय विकासलाई संस्थागत गराउने ।
- स्थानीय योजना तर्जुमा सञ्चालन, व्यवस्थापनमा स्थानीय निकायलाई अधिकार र जिम्मेवारी सुम्पने ।
- दैनिक सरोकारका विषयहरु सम्वोधन गर्न स्थानीय निकायलाई अधिकार निक्षेपण गर्ने ।
- स्थानीय नेतृत्वको विकास गर्ने ।
- केन्द्र र स्थानीय तहका सबै स्थानीय शासनका पात्रसँग साझेदारी गर्ने ।
- केन्द्रमा रहेको अधिकार, श्रोत, साधन, जिम्मेवारी, उत्तरदायित्व स्थानीय निकायमा निक्षेपण गर्ने ।
- स्थानीय निकायमा राजश्व उठाउन सक्ने अधिकार निक्षेपण गर्ने ।
- स्थानीय निकायले कार्य सम्पादन गर्दा उत्तरदायी संयन्त्र एवं पारदर्शी व्यवहार अवलम्वन गर्ने ।
- स्थानीय निकाय स्थानीय जनताप्रति उत्तरदायी रहने ।
- नागरिक समाज र निजी क्षेत्रसँग सहकार्य गरी स्थानीय शासन पद्धतिलाई बलियो बनाउनुका साथै दीगो विकास, पद्धति अवलम्वन गर्ने ।

**२ संस्थागत व्यवस्था**

- सामान्यतयः पाँच वर्षको लागि प्रत्येक स्थानीय स्वायत्त सरकारको क्षेत्रमा सम्बन्धित क्षेत्रका मतदाताले एउटा स्थानीय सभाको निर्वाचन गरी गठन गर्ने ।

- स्थानीय सभाको पहिलो बैठकबाट सभाध्यक्ष हुन योग्य व्यक्तिहरुको सूची तयार पारी बर्णानुक्रम अनुसार सभाको अध्यक्षता गर्ने ।
- सभाको काम, कर्तव्य तथा अधिकार अनुमानित आय व्यय तथा वार्षिक योजना एवं कार्यक्रम पारित गर्ने ।
- कर, दस्तुर र शुल्कबाट आयआर्जन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।
- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा निर्णय गर्ने ।
- प्रत्येक गाउँ जिल्ला र न.पा. स्तरीय स्थानीय स्वायत्त सरकारमा निम्न काम, कर्तव्य र अधिकार सहितको एउटा कार्यकारिणी परिषद् हुनेछ :

    - कार्यकारिणी सभाको नीति, निर्देशन र निर्णय अनुसार स्थानीय स्वायत्त सरकारको कार्यकारिणी अधिकार परिषद्ले प्रयोग गर्ने ।
    - कार्यकारिणी अधिकार परिषद्ले प्रस्ताव तयार गरी कार्यकारिणी सभा समक्ष प्रस्तुत गर्ने ।
    - कार्यकारिणी परिषद्को कामको बाँडफाँडका लागि कार्य व्यवस्था नियमावली बनाई लागु गर्ने ।
- तोकिएका आधारमा विभिन्न तहका स्थानीय स्वायत्त सरकारहरुको वर्गीकरण गर्ने ।
- स्थानीय स्वायत्त सरकारको निर्वाचन सञ्चालन सम्बन्धी व्यवस्था स्थानीय तहबाटै गर्ने व्यवस्था मिलाउने ।
- प्रत्येक गाउँ तथा नगर स्तरीय निकाय अन्तर्गतका गाउँ, ठाउँ, टोल, बस्ती आदिमा रहने बस्ने नागरिकहरुले आफ्नो गाउँ, वडा, टोल वस्तीको निश्चित क्षेत्रमा आफ्ना लागि आवश्यक आफ्नो समुदायसँग सम्बन्धित काम एक आपसमा संगठित भई आफैंले गर्न सक्ने विकास गर्न नागरिक समाज सम्बन्धित व्यवस्था गर्ने ।
- स्थानीय स्वायत्त सरकारले गर्ने कामहरु स्थानीय सामाजिक संघ संस्थाका माध्यमबाट गराउने सक्षम संघ संस्थालाई योजना र कार्यक्रम सञ्चालन गर्न दिने । यस्ता संघ संस्थाहरुको प्रगति समीक्षा स्थानीय सरकारले गर्ने ।
- प्रत्येक वडामा प्रत्यक्ष निर्वाचनद्वारा एक जना वडाध्यक्ष र चार जना सदस्य गरी पाँच जनाको समिति गठन गर्ने ।
- प्रत्येक गाउँमा वडा समितिका सदस्यहरु प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित प्रमुख र सभामा समावेश गरिएका सभासद्हरु भएका गाउँ सभा रहने ।
- प्रत्येक गाउँमा कार्यकारिणी परिषद् गठन गर्ने ।
- गाउँ सभाको कुनै सदस्यको अध्यक्षतामा पाँच सदस्यीय लेखा समिति गठन गर्ने ।

जिल्ला स्तरीय निकायको प्रस्तावित संरचना :

(क) जिल्ला सभा (विधायिकी)

(ख) कार्यकारिणी

(ग) लेखा समितिको गठन

(घ) विभिन्न विषयगत समितिहरुको गठनको व्यवस्था गर्ने

नगरपालिकाको प्रस्तावित संरचना :

क) वडा समितिको गठन पाँच सदस्यीय ।

ख) नगरपालिका सभाको गठन, कार्यकारिणी गठन, विषयगत समितिहरुको गठन आदि छन् ।

सेवा केन्द्र सम्बन्धी प्रस्तावित व्यवस्था :

क) जिल्लाको भौगोलिक क्षेत्रफलको आधारमा न्यूनतम तीनदेखि अधिकतम नौ वटा सेवा केन्द्रहरुको व्यवस्था गर्ने ।

ख) सेवा केन्द्रको रेखदेख र सञ्चालनका लागि सम्बन्धित गाउँ स्तरीय निकायका प्रमुखहरु सदस्य भएको सञ्चालक समिति गठन गर्ने ।

ग) सेवा केन्द्रमा कार्यरत कर्मचारी मध्ये जिल्ला स्तरीय निकायले तोकेको कर्मचारीले सदस्य सचिवको काम गर्ने ।

घ) सेवा केन्द्र सञ्चालक समितिले जिल्ला तथा गाउँ स्तरीय निकायहरु बीच सेतुको रुपमा काम गर्ने ।

ङ) सेवा केन्द्रमा विकास निर्माणको अलावा शान्ति सुव्यवस्था एवं सेवा सम्बन्धी अन्य कार्यालयहरुको स्थापना गर्ने ।

## ३ वित्तीय पक्ष

- कार्यकारिणी परिषद्का सदस्यहरुको नाममा रहेको चल-अचल सम्पत्ति सार्वजनिक गर्ने ।
- सम्पत्तिमा आधारित करलाई स्थानीय स्वायत्त सरकारको राजश्वको मूल स्रोतको रुपमा विकसित गर्ने ।
- घरधुरी करलाई प्रभावकारी बनाउने ।
- मालपोत/भूमिकर लगाउने अधिकार स्थानीय स्वायत्त सरकारलाई दिने ।
- घर जग्गा कर स्थानीय स्वायत्त सरकारमा सार्ने ।
- एकीकृत सम्पत्ति कर लागु गर्ने ।
- सवारी साधन करलाई एकीकरण गरी स्थानीय तहमा लगाउने ।
- व्यवसाय करलाई प्रभावकारी बनाउने ।
- गाउँ स्तरको व्यापार करको रुपमा हाटबजार र पसल करको व्यवस्था गर्ने ।
- मनोरञ्जन कर, टेलिभिजन तथा भिडियो कर लगाउने अधिकार स्थानीय स्वायत्त सरकारलाई दिने ।
- सार्वजनिक वस्तु वा सेवामा कर लगाउने ।
- कर प्रशासनको संगठनात्मक तथा कर्मचारी व्यवस्था तयार गर्ने ।
- करदाता शिक्षा अभियान संचालन गर्ने ।
- स्थानीय स्वायत्त सरकारले आफ्नो क्षेत्रभित्रको स्रोत साधनबाट राजश्व परिचालन गर्न सक्ने अधिकार, अन्य ऐनमा बाझिएको हकमा त्यस्ता ऐन संशोधन गर्ने ।
- जिविस, गाविस, नपा तथा सांसद मार्फत् दिने सबै किसिमका अनुदानलाई समेटेर निश्चित सूत्रको आधारमा दिने व्यवस्था गर्ने ।
- राम्रो अभिलेख राखेको छ छैन, बेरुजु फछ्र्यौट गरेको छ छैन, आम्दानी खर्चको विवरण प्रकाशित गरेको छ छैन भन्ने कुराको बिचार गरी अनुदान वितरण गर्ने ।
- स्थानीय स्वायत्त सरकारलाई निक्षेपित कार्यहरु संचालन गर्नका लागि आवश्यक वित्तीय साधन अर्थ मन्त्रालयले अनुदानको रुपमा एकमुष्ट जिविसलाई सोझै उपलब्ध गराउनुपर्ने ।
- स्थानीय स्वायत्त सरकारहरुलाई पर्ने आर्थिक अभावका कारण संचालन हुन नसक्ने कार्यक्रमहरु संचालनार्थ स्थानीय विकास बैंकको स्थापना गर्ने ।

- स्थानीय स्वायत्त सरकार सम्बन्धी ऐनहरुमा विनियोजित रकम अथवा बजेट निकासा कुन आधारमा हुने हो भन्ने विषयलाई स्पष्ट पार्ने ।
- गाविस ऐनमा गाविस अध्यक्षको बजेट पेश गर्ने विषय समावेश हुनुपर्ने ।
- नगरपालिका ऐनमा बजेट पारित गराउने जिम्मेवारी कसको हुने हो, स्पष्ट हुनुपर्ने ।
- स्थानीय स्वायत्त सरकारहरुको बजेट तर्जुमा प्रणालीमा एकरुपता ल्याउनु पर्ने ।
- सुदृढ आर्थिक व्यवस्थापनका लागि स्थानीय स्वायत्त सरकारहरुको लेखाप्रणाली पनि सुदृढ, स्पष्ट र कार्यान्वयन गर्न सहज बनाउने ।
- लेखापरीक्षण प्रणालीलाई वार्षिक रुपमा आन्तरिक तथा बाह्य परीक्षण नेपाल सरकारले तोकेको ढाँचामा गर्ने गराउने ।
- लेखापरीक्षणमा देखिएका बेरुजुहरु समयमै फछ्र्यौट गर्ने गराउने ।

## ४ सेवा प्रवाहको पक्ष

- निम्न विषयहरु जिविसलाई निक्षेपण गरिनु पर्ने :–

  निर्माण सम्बन्धी, स्वास्थ्य सेवा सम्बन्धी, शिक्षा तथा खेलकुद सम्बन्धी, कृषि विकास सम्बन्धी, सिँचाई र भूक्षय सम्बन्धी तथा नदी नियन्त्रण सम्बन्धी, जलविद्युत सम्बन्धी, ग्रामीण खानेपानी तथा बस्ती विकास सम्बन्धी, सूचना तथा संचार सम्बन्धी, स्थानीय विकास सम्बन्धी, वन तथा वातावरण सम्बन्धी, महिला विकास सम्बन्धी, श्रमको ज्याला सम्बन्धी, संस्कृति विकास सम्बन्धी, भूमि सुधार तथा भूमि व्यवस्था सम्बन्धी, घरेलु उद्योग सम्बन्धी, दैवी प्रकोप सम्बन्धी ।
- निम्न विषयहरु गाविस स्तरीय निकायहरुलाई निक्षेपण गरिनुपर्ने :–

  निर्माण तथा यातायात सम्बन्धी, स्वास्थ्य सेवा सम्बन्धी, शिक्षा तथा खेलकुद विकास सम्बन्धी, कृषि विकास सम्बन्धी, सिँचाई र भूक्षय तथा नदी नियन्त्रण सम्बन्धी, ग्रामीण खानेपानी सम्बन्धी, स्थानीय विकास सम्बन्धी, संस्कृति विकास सम्बन्धी, वन तथा वातावरण सम्बन्धी, दैवी प्रकोप सम्बन्धी ।
- निम्न विषयहरु नगरपालिकालाई निक्षेपण गरिनुपर्ने :–

  निर्माण तथा यातायात सम्बन्धी, स्वास्थ्य सेवा सम्बन्धी, शिक्षा तथा खेलकुद विकास सम्बन्धी, आवास तथा भौतिक योजना सम्बन्धी, स्थानीय विकास सम्बन्धी, विविध (वृक्षारोपण, भूक्षय, संस्कृति एवं धार्मिक महत्वका स्थानहरु संरक्षण तथा सम्बर्द्धन, दैवीप्रकोप सम्बन्धी कार्य) ।
- न.पा.ले निम्न कार्यहरु पनि गर्न सक्नेछन्
  साक्षरता, बेरोजगारी हटाउने, नदी प्रदुषण नियन्त्रण, आश्रमहरुको व्यवस्था, अव्यवस्थित बसोवास नियन्त्रण, मनोरञ्जन स्थल आदिको व्यवस्था, एम्वुलेन्स तथा बारुण यन्त्रको व्यवस्था आदि ।
- स्थानीय स्वायत्त सरकारलाई आवश्यक पर्ने सबै कर्मचारीको व्यवस्था केन्द्रले एउटा केन्द्रीय एकीकृत सेवाबाट स्थानीय स्तरमा र स्थानीय स्तरबाट केन्द्रमा लैजान सकिने गरी एकीकृत वृत्ति विकास पद्धति अनुरुप व्यवस्था गर्ने वा स्थानीय स्वायत्त सरकारमा सहायक कर्मचारीको व्यवस्था लोक सेवा आयोगको सिद्धान्त अनुसार स्थानीय स्वायत्त सरकार आफैंले गर्ने ।

## ५ समन्वय (ठाडो, तेर्सो)

## योजना तर्जुमा कार्यान्वयन अनुगनम तथा मूल्यांकन व्यवस्था

- स्थानीय विकास योजनाहरुलाई विभिन्न स्तरका योजनाहरुमा विभाजन गर्नु पर्ने (राष्ट्रिय, जिल्ला, गाउँ, नगर) ।
- योजना तर्जुमा प्रकृयाका विभिन्न चरणहरुमा प्रस्तुत गरिएका आयोजना संचालन हुनु अगावै निश्चित गर्ने ।
- सरकारी, गैसस, तथा निजी क्षेत्रसित सहकार्य गर्ने ।
- योजना कार्यान्वयन गर्नका लागि आवश्यक प्राविधिक व्यवस्था गर्ने ।
- जिल्लामा एक प्राविधिक महाशाखा खडा गर्ने ।
- स्थानीय तहमा प्रत्यक्ष सरोकार राख्ने खालका योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्ने ।

**६ न्यायिक अधिकार**

- न्यायिक अधिकार अन्तर्गत स्थानीय स्तरमा देखिने सानातिना विवाद, झैझगडा तथा प्राकृतिक स्रोतको उपयोग सम्बन्धी मुद्दाहरुको शुरु कार्वाही किनारा गर्ने अधिकार गाविसलाई दिनु उपयुक्त हुने ।
(गाविसले स्थानीय स्तरमा परेका सानातिना झैझगडाहरु एवं विवाद निरुपण गराउने मध्यस्थको व्यवस्था गरी निर्णय गर्ने) ।
- नगर क्षेत्रभित्र साँध, सिमाना तथा सडक सम्बन्धी मुद्दा, चौपाया व्यवस्था सम्बन्धी मुद्दा, घर बनाउने महलको आठ र नौ नम्बर अन्तर्गतका मुद्दा आदि न.पा.लाई दिनु उपयुक्त हुने ।
- उपरोक्त कानूनी अधिकारको अतिरिक्त गा.वि.स. र न.पा.लाई थप कानूनी अधिकारको व्यवस्था समेत प्रस्ताव भएको । जस्तै नाता प्रमाणित गर्ने, सामाजिक सद्भाव खलल हुनबाट बचाउ गर्ने, कुलतहरुको रोकथाम र जरिवाना, अखाद्य पदार्थ नष्ट गर्ने, अरुलाई मर्का पर्ने गरी निर्माण कार्य रोक्ने, फोहरमैला व्यवस्थापन, सार्वजनिक सम्पत्तिको हानी नोक्सानीको रोकथाम, धितो लिलाम गर्न सक्ने अधिकार तथा बालुवा गिटी सम्बन्धी ठेक्का सम्बन्धी कानूनी अधिकार आदि) ।
- स्थानीय स्वायत्त सरकारले स्थानीय सामाजिक संघ संस्थाको माध्यमबाट कार्यक्रम सञ्चालन गर्ने व्यवस्थालाई कार्यान्वयन गर्न संस्था दर्ता ऐन २०३४, समाज कल्याण ऐन २०४९ मा आवश्यक संसोधन गर्ने ।

**छ) स्थानीय निकाय वित्तीय आयोग, २०५७ ले गरेका सिफारिसः**

स्थानीय स्वायत्त शासन ऐन २०५५ को प्रावधान बमोजिम सरकारले राष्ट्रिय योजना आयोगका तत्कालिन उपाध्यक्ष डा. शंकर प्रसाद शर्माको संयोजकत्वमा स्थानीय निकाय वित्तीय आयोग २०५६।१०।२४ मा गठन गरेको थियो । उक्त आयोगले २०५७ मा आफ्नो प्रतिवेदन सरकार समक्ष प्रस्तुत गरेको थियो । उक्त आयोगले दिएका प्रमुख सुझाव/सिफारिसहरु निम्न बमोजिम छन् :

(क) कर अधिकार नीति

- करको दर पुनरावलोकन तथा कर अधिकार निक्षेपण
- कर, दस्तुरका शिर्षकहरुको दरको अधिकतम र न्यूनतम सीमा तोक्ने, परिमार्जन पुनरावलोकन गर्ने
- जिल्ला निकासी कर, कवाडीलाई पुनः परिभाषित गर्ने
- थप राजश्वका स्रोत र अधिकार (कृषि उत्पादन, उद्योग व्यवसाय दर्ता, नविकरण, मर्मतसम्भार सेवा शुल्क) निक्षेपण गर्ने
- राजश्व बाँडफाँडलाई परिमार्जन गर्ने
- जि.वि.स.ले न.पा. र गा.वि.स.लाई तोक गर्ने स्रोत परिवर्तन
- परिवर्तन गर्नुपर्ने र राजश्व अधिकार (एकीकृत सम्पत्ति कर, सवारी कर, विक्रि, आय, मनोरञ्जन, बहाल कर आदि)

- स्थानीय निकायको वर्गीकरण र कार्य विभाजन (Functions, Fund and Functionaries) बीच तालमेल मिलाउने
- जिविसको भूमिका परिभाषित गर्ने र निजले माथिको समकक्षी र गाविस/नपा, गैसस, निजी क्षेत्र, नागरिक समाज र वित्तीय संस्थासँग गर्नुपर्ने ठाडो र तेर्सो समन्वय बारे विस्तृत व्यवस्था गर्ने
- सबै मन्त्रालयले आफ्नो विषय क्षेत्र सम्बन्धी विषयमा स्थानीय निकायलाई विशेषज्ञता सेवा वा प्राविधिक सहयोग उपलव्ध गराउने
- निर्वाचन क्षेत्र विकास कार्यक्रम संचालन गर्न स्थानीय निकायमा संस्थागत संयन्त्र तयार गर्ने ।
- सार्वजनिक पर्ति र अन्य जग्गामा स्थानीय निकायको स्वामित्व कायम गर्ने लामो समयको पट्टा सम्बन्धी नीति र कार्यविधि तयार गर्ने
- नगरपालिकाहरुका लागि उठाउने र विकास शुल्क क्रमशः हटाउने
- स्थानीय निकायमा जाने सशर्त निशर्त अनुदानमा बृद्धि गर्ने र अनुदान वितरणको मापदण्ड तोक्ने

**लेखाप्रणाली सम्बन्धी व्यवस्था**

- स्थानीय निकायको लेखा र लेखा प्रणाली सुदृढ गर्ने
- स्थानीय निकायको लेखा समिति सुदृढ गर्ने
- लेखा तथा लेखापरीक्षण बोर्ड गठन गर्ने
- स्थानीय निकाय वित्तीय आयोग गठन गर्ने
- स्थानीय कर परामर्श समिति गठन गर्ने र उक्त परामर्श समितिमा स्थानीय निकाय संघ महासंघबाट प्रतिनिधित्व गराउने
- स्थानीय निकायहरुको लागि कर्जा उपलव्ध गराउन वित्तीय संस्थाको व्यवस्था गराउने
- स्थानीय निकायको संख्या र संरचना पुनरावलोकन गर्ने
- राजधानी शहरका लागि छुट्टै विशिष्ट संरचना बनाउने
- नगर विकास समिति खारेज गर्ने

**ज) उच्च स्तरीय विकेन्द्रीकरण कार्यान्वयन तथा अनुगमन समिति २०५८ का सिफारिसहरु**

२०५८ सालमा विकेन्द्रीकरण कार्यान्वयन तथा अनुगमन समितिको बैठकबाट विकेन्द्रीकरण कार्यान्वयन कार्ययोजना स्वीकृत भइ हाम्रो सन्दर्भमा विकेन्द्रीकरणलाई परिभाषित गर्दै निम्न नीतिगत व्यवस्था गरेको र पाँच वर्षभित्र विकेन्द्रीकरणका मूलभूत पक्ष र वित्तीय विकेन्द्रीकरणका बिषयलाई समयवद्ध गरी कार्ययोजनामा समावेश गरिएको ।

- ✓ कार्य जिम्मेवारी प्रत्येक केन्द्रीय निकायले बाँडफाँड गरी सम्बन्धित स्थानीय निकायमा निक्षेपण गर्ने ।
- ✓ कार्य जिम्मेवारीलाई सम्पादन गर्न आवश्यक रकम सम्बन्धित स्थानीय निकायमा पठाउने ।
- ✓ कार्य जिम्मेवारीलाई सम्पादन गर्न आवश्यक कर्मचारीको व्यवस्था गर्ने ।
- ✓ कर्मचारीको उत्तरदायित्व स्थानीय निकायप्रति हुने गरी व्यवस्था गर्ने ।
- ✓ केन्द्रीय निकायले स्थानीय निकायको क्षमता विकास गर्ने ।

✓ केन्द्रीय निकायले स्थानीय निकायका लागि बिषयगत मापदण्ड तयार गरी लागु गर्ने र उक्त मापदण्ड अनुसार निक्षेपित कार्य जिम्मेवारीपूर्वक भए नभएको अनुगमन गर्ने ।

- २०५९ सालमा ४ वटा विषयगत क्षेत्र (आधारभूत शिक्षा, स्वास्थ्य, कृषि र स्थानीय पूर्वाधार) स्थानीय निकायमा निक्षेपण गर्ने व्यवस्था भएको ।
- २०५९ सालमै निर्वाचित जनप्रतिनिधिको निर्वाचित अवधि समाप्त भएको र एक वर्षको म्याद थप्ने प्रावधान हुँदाहुँदै पनि म्याद थप नभएको र निर्वाचन पनि हुन नसकेको र हालसम्म स्थानीय निकाय जनप्रतिनिधिविहीन रहेको ।

**झ) स्थानीय निकाय सुदृढीकरण उच्चस्तरीय सुझाव समिति, २०६१**

तत्कालिन माननीय स्थानीय विकास मन्त्री कमल थापाको अध्यक्षतामा गठित उक्त समितिको आधार तह (टोल/ बस्ती) देखि क्षेत्रीय स्तरसम्मको संस्थागत स्वरुप प्रस्तुत गर्दै वर्तमान स्थानीय निकायको संख्या (गाविसको संख्या) घटाउने र नामाकरणमा समेत परिवर्तन गर्न सुझाव दिँदै तिनको काम कर्तव्य र सूत्रमा आधारित रकम प्रवाह प्रकृया लागु गर्न तत्कालीन प्रधानमन्त्री श्री शेर बहादुर देउवामा प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

**संस्थागत स्वरुप :**

**१. टोल/वस्ती सेवा समितिः**

विद्यमान वडा भन्दा तल टोल/वस्ती सेवा समितिको सांगठनिक संरचनाको सोच राखिएको छ । यसले जनाधार तहमा जनसहभागिता, सकृयता र सद्भावको सचेतना जगाउनुका साथै विकास निर्माण कार्यमा वडासँग समन्वय समेत गरी सहयोग जुटाउने ।

**२. गाउँ नगर/समितिः**

विद्यमान गाउँ विकास समितिको पायक पर्ने ३ वटा वडाहरुलाई एकीकरण गरी एउटा गाउँ विकास समिति र नगरपालिकाको प्रत्येक वडाको नगर समिति गठन गरी यसले जनाधार तहमा रहेका टोल/ वस्तीका संयोजकसँग सम्पर्क राखी गाउँ/नगरपालिकाको कार्यमा सघाउनेछ । साथै गाउँ/नगरपालिकाका कार्यक्रम वस्ती/टोलसम्म पुऱ्याउने र वस्ती/टोल तहको आवश्यकतालाई गाउँ/नगरपालिकामा पुऱ्याउने माध्यमको काम गर्ने ।

**३. गाउँपालिका/नगरपालिका**

विद्यमान गाउँ विकास समितिहरु मध्ये पायक पर्ने ३-६ वटा गाउँ विकास समितिहरुलाई एकीकरण गरी एउटा गाउँपालिका गठन गर्ने, विद्यमान (प्रस्तावित) लाई गाउँ नगर यथावत् राख्ने र प्रत्येक गाउँ/नगरपालिकाभित्र १-१९ गाउँ नगर समिति रहनेछन् ।

प्रत्येक गाउँ/नगर विकास समितिबाट १ जना अध्यक्ष, १ जना महिला सदस्य सहित ५ जनाको हिसाबले निर्वाचित सदस्यहरु रहने गरी कुल ४५ देखि ९५ जना निर्वाचित सदस्य रहनेछन् ।

प्रत्येक गाउँ/नगरपालिकामा निम्न बमोजिम ७ जना सदस्य रहनेछन् (महानगर, उपमहानगरपालिका बाहेक) :

(क) प्रमुख/उपप्रमुख मध्ये १ जना महिला सहित २ जना

(ख) प्रमुखले गाउँ/नगर परिषद् सदस्य मध्येबाट तोकेको १ जना महिला र १ जना मनोनित सदस्य मध्येबाट ५ जना

(ग) प्रत्येक गाउँ/नगरपालिकामा १ जना अधिकृत स्तरको कार्यकारी प्रमुख रहनेछन् र कार्यकारी प्रमुखको मातहतमा शिक्षा, स्वास्थ्य, वन, कृषि, घरेलु उद्योग तथा पूर्वाधार विकासका शाखाहरु रहनेछन् ।

महानगरपालिका र उपमहानगरपालिकामा सो बाहेक थप शाखा रहन सक्नेछन् ।

**४. जिल्ला विकास स्तर**

- वर्तमान ७५ वटा जिल्ला विकास समिति यथावत् राखी जिल्लापालिका गठन गरिनेछ ।
- एक जिल्लापालिकाभित्र ९-१७ (गाउँ/नगरपालिका) इलाका रहनेछन् ।
- जिल्ला परिषद्मा ३१-५१ सदस्य रहनेछन् ।
- प्रत्येक जिल्लापालिकामा ७ जना सदस्य रहनेछन् ।

**५. क्षेत्रपालिका तह**

- वर्तमान ५ विकास क्षेत्रलाई यथावत् कायम गरी क्षेत्रपालिका गठन गर्ने ।
- एक क्षेत्रपालिकाभित्र ९-१९ जिल्लापालिका रहनेछन् ।
- क्षेत्रीय परिषद्मा ३३ देखि ६७ जना सदस्यहरु रहनेछन् ।

१) प्रत्येक क्षेत्रका जिल्ला परिषद्का निर्वाचित सदस्यहरु मध्येबाट १ जना महिला सहित ३ जनाको हिसाबले निर्वाचित सदस्य (२७-५७)

(२) निर्वाचित सदस्यहरु मध्ये आफू मध्येबाट क्षेत्रपाल र उपक्षेत्रपाल (१ जना महिला)

(३) क्षेत्रीय परिषद्बाट मनोनित १५ प्रतिशतले ४-९ जना

- प्रत्येक क्षेत्रपालिकामा क्षेत्रपाल/उपक्षेत्रपाल (१ जना महिला)
- क्षेत्रपालले क्षेत्र परिषद् सदस्यहरु मध्येबाट ५ जना सदस्य, १ जना महिला र १ जना मनोनित सदस्य मध्येबाट ५ जना सदस्य

समितिले उपर्युक्त संरचनाको अलावा आमूल परिवर्तनकारी संस्थागत संरचनाको विकल्प देहाय बमोजिम प्रस्तुत गरेको छ :

१) वर्तमान ७५ जिल्लालाई २५ जिल्ला कायम गर्ने

२) ९ वटा जातीय प्रदेश कायम गर्ने

३) १६ वटा भौगोलिक उपक्षेत्र कायम गर्ने

४) क्षेत्रगत एवं जातीय वितरणको आधारमा १४ निर्वाचन क्षेत्रमा विभाजन गर्ने

५) स्रोतमा आधारित ११ क्षेत्रमा विभाजन गर्ने

- स्थानीय निकायको पुनर्संरचना गरी गाउँपालिका, नगरपालिका र जिल्लापालिका कायम गर्ने र तदनुसार पाँच वटा क्षेत्रपालिका, ७५ वटा जिल्लापालिका, ९६२ वटा गाउँपालिका र नगरपालिका अन्तर्गत १२५०५, गाउँ/नगर विकास समिति कायम गर्नुपर्ने गरी सुझाव पेश गरेको छ ।
- २०६३ सालमा नेपालको अन्तरिम संविधानमा राज्यको पुनर्संरचना गरी सङ्घीय शासन प्रणालीमा जाने, स्थानीय स्वायत्त शासनको प्रावधान राखी स्थानीय निकायको निर्वाचन गर्ने र निक्षेपणको माध्यमबाट सन्तुलित र समावेशी विकासमा स्थानीय निकायको भूमिका स्पष्ट गरेको छ ।
- २०७० मा प्रशासन सुधार सुझाव समितिको सुझाव प्राप्त भएको र उक्त समितिले पनि स्थानीय निकायलाई स्थानीय सरकारको रुपमा काम गर्ने गरी स्वायत्तता प्रदान गर्ने सिफारिस गरेको छ ।

यसरी हालसम्म विकेन्द्रीकरण सम्बन्धमा ७ वटा विभिन्न आयोग समिति र प्रशासन सुधार सम्बन्धमा ६ वटा आयोग र समिति गठन भई सुझावहरु प्राप्त भएको छ । ती सुझावहरु तत्काले कार्यान्वयन नभए तापनि कुनै न कुनै रुपमा कुनै न कुनै समयमा सम्बोधन गर्ने प्रयास भएको पाइन्छ ।

अनुसूची २

## विभिन्न प्रशासन सुधार आयोग/समितिबाट विकेन्द्रीकरण सम्बन्धमा गरेका सिफारिस :

## बिभिन्न ६ वटा आयोग/समितिले प्रस्तुत गरेका प्रमुख सिफारिसहरुलाई वर्गीकृत गरी निम्न अनुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ :–

## (क) आयोग/समितिको संक्षिप्त परिचयः

### १. प्रशासनिक पुनर्गठन समिति, २००९

प्रशासनिक पुनर्गठन समिति, २००९ वुच कमिशनको नामले चिनिन्छ । यस समितिले १९५२ मे १४ मा कार्य शुरु गरी सन् १९५२ जुन २३ मा विभिन्न मन्त्रालय, विभाग, प्रहरी लगायत अन्य कार्यालयहरुको प्रशासनिक ढाँचा र काम कामकार्वाहीको अध्ययन गरी प्रतिवेदन पेश गरेको थियो । प्रतिवेदनमा लोक सेवा आयोगको सिफारिसबाट मात्र कर्मचारी भर्ना गर्नुपर्ने र मन्त्रालयको संख्या १५ बाट घटाएर ११ कायम गर्नुपर्ने साथै विकेन्द्रीकरणको व्यवस्था अवलम्वन गर्नुपर्ने जस्ता नीतिगत र संरचनागत सुझाव पेश गरेको थियो ।

### २. प्रशासन पुनर्गठन योजना आयोग, २०१३

तत्कालिन प्रधानमन्त्री टंक प्रसाद आचार्यको अध्यक्षतामा सबै मन्त्रालयका सचिव सदस्य रहेको “उच्चस्तरीय प्रशासकीय पुनर्गठन योजना आयोग, २०१३” गठन भएको थियो । यस आयोगलाई प्रशासनका क्षेत्रमा कोशे ढुङ्गाको रुपमा लिइन्छ । कार्यक्षेत्र र कार्यविधि आयोग आफैंले तत्काल निर्धारण गरी कार्य गर्दै आएको हुँदा यसका प्रायः सबैजसो सिफारिस कार्यान्वयनमा आएका छन् । नीति र संरचनागत सुझाव प्रस्तुत गर्दा नै आयोगका सदस्यले कार्यान्वयन हुने गरी बिषयवस्तु पेश गर्ने गरेको समेत पाइन्छ ।

### ३. प्रशासन सुधार आयोग, २०२५

२०२५ साल वैशाख १ गते पूर्व गृह पञ्चायत मन्त्री वेदानन्द झाको अध्यक्षतामा “प्रशासन सुधार आयोग, २०२५” गठन भयो । उक्त आयोगले आफ्नो प्रतिवेदन २०२७ मा पेश गरेको थियो र जसमा विकेन्द्रीकरणको काम बारे बुँदाहरु औंल्याईएका थिए । उक्त आयोगलाई विभिन्न स्तरका प्रशासनिक संगठनलाई बढी छरितो, कम खर्चिलो र सक्षम बनाउने लगायतका ९ वटा कार्य क्षेत्र सुम्पिएको थियो । यसले ३ चरणमा आफ्नो प्रतिवेदन पेश गरेको थियो ।

### ४. प्रशासन सुधार आयोग, २०३२/३३

तत्कालीन अर्थ एवं सामान्य प्रशासन मन्त्री भेष बहादुर थापाको अध्यक्षतामा प्रशासन सुधार आयोग गठन भयो । उक्त आयोगको कार्यक्षेत्र समसामयिक विषयलाई सम्बोधन गर्दै विकास प्रयासलाई अविरल गति प्रदान गर्ने र सार्वजनिक प्रशासनमा गर्नुपर्ने सुधारका बारेमा सुझाव दिने रहेको थियो । उक्त आयोगबाट निम्न नीतिगत तथा प्रकृयागत सुझाव प्रस्तुत भएका थिए ।

### ५. प्रशासन सुधार आयोगको प्रतिवेदन २०४८

तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको अध्यक्षतामा गठित प्रशासन सुधार आयोगको प्रतिवेदनले विकेन्द्रीकरण र निक्षेपण सम्बन्धमा विस्तृत सुझाव पेश गरेको थियो र स्थानीय निकायमा निक्षेपण गरिनु पर्ने बिभिन्न कार्यहरुको पहिचान गरी स्थानीय निकायलाई प्रभावकारी बनाउन नीतिगत सुझाव समेत प्रस्तुत गरेको थियो ।

### ६. प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन २०७०

प्रशासकीय अदालतका मूख्य न्यायाधिस मा. श्री काशी राज दाहालको संयोजकत्वमा गठित प्रशासन सुधार सुझाव समिति २०७० ले वर्तमान संन्दर्भमा प्रशासनमा ल्याउनु पर्ने सुधारका वारेमा बिस्तृत अध्ययन गर्नुका साथै समस्याहरुको बिश्लेषण सहित चालिनुपर्ने कदमका वारेमा व्यवहारिक सुझाव प्रस्तुत गरेको थियो र स्थानीय स्वायत्त शासन सम्वन्धमा पनि बेग्लै परिच्छेद् राखी लिनुपर्ने नीतिगत एवं व्यवहारिक पक्षको समेत बिश्लेषणात्मक प्रस्तुति गरिएको छ ।

## (ख) विभिन्न प्रशासन सुधार आयोग/समितिले गरेका सिफारिसहरु : वर्गीकृत रुपमा

उपर्युक्त आयोग तथा समितिका सुझावहरुलाई बर्गीकृत गरी निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### क) नीतिगत पक्ष

### १. वुच कमिशन २००९

- लोक सेवा आयोगको सिफारिसबाट मात्र कर्मचारी भर्ना गर्नुपर्ने

### २. प्रशासन पुनर्गठन योजना आयोग २०१३

- कर्मचारी सेवाशर्तसम्बन्धी ऐन कानूनको तर्जुमाका साथै अन्य प्रशासनिक कानूनहरुको निर्माण गर्ने
- लोक सेवा आयोग/रा.यो.आ. को गठन
- पहिलो पञ्चवर्षीय योजनाको शुरुआत
- निजामती सेवा ऐन र नियमावली जारी भएको
- ग्रामीण विकासमा जोड दिने
- जिल्ला प्रशासन पुनर्गठन योजना लागु गर्ने

### ३. प्रशासन सुधार आयोग २०२५

- विकेन्द्रीकरणको सिद्धान्तलाई आत्मासात गर्न अन्चल र जिल्ला प्रशासनलाई स्थानीय प्रशासनको रुपमा लिने ।
- कर्मचारीको आचारसंहिताको व्यवस्था गर्ने ।
- प्रशासनिक विकेन्द्रीकरणको स्वरुप एउटा 'प्यागोडा जस्तो' माथि हल्का र तलको रुप व्यापक हुनुपर्दछ ।
- केन्द्र नीति निर्माण रेखदेख, नियन्त्रण, निर्देशन र अनुसन्धान एवं यस्तै प्रकृतिको कार्यमा सीमित रहनुपर्ने ।
- प्रशासनको दिशा स्पष्ट नभएको र हचुवाको भरमा प्रशासन चलाइनु हुँदैन र स्पष्ट दिशा निर्धारण गरी चरणवद्ध सुधार गरिनु पर्ने ।
- प्रशासनिक विकेन्द्रीकरण बारे स्पष्ट र सुनिश्चित दृष्टिकोण, तदनुकुल लक्ष्य निर्धारण, कार्य क्षेत्रको सुनिश्चित विभाजन र विश्वास साथ उपयुक्त समयमा क्रमशः अधिकार प्रत्यायोजन गर्ने नीति अवलम्वन गर्ने ।
- सामाजिक सेवा एवं विकास कार्यहरु जिल्ला पञ्चायतलाई सुम्पिनु पर्ने । यसका लागि कार्य प्रणाली स्पष्ट र व्यवहारिक बनाउने ।

  गाउँ स्तरका योजनाको वर्गीकरण निम्नअनुसार गर्ने :

  - कुनै खास वडालाई फाईदा पुग्ने एउटा सानो योजना

- सम्पूर्ण गाउँ पञ्चायतलाई अत्यावश्यक ठहरिएको
- नजिकको दुई वा दुई भन्दा बढी गाउँ पञ्चायतको लागि आवश्यक
- सम्पूर्ण रुपमा आफ्नै साधनद्वारा मात्र सञ्चालन हुने
- जिल्ला पञ्चायतको अनुदान र आफ्नो श्रमदान एवं अन्य साधनद्वारा सञ्चालन हुने

जिल्ला पञ्चायत र गाउँ पञ्चायत योजनाको प्राथमिकता निर्धारण गर्दा निम्न विषय वस्तुहरुमा ध्यान दिने :

१) अधिक से अधिक जनतालाई लाभ हुने

२) योजना उत्पादनशील हुनुपर्ने

३) योजनाको निरिक्षण पञ्चायतले गर्न सक्ने खालको हुनुपर्ने

स्थानीय स्तरका योजना निम्नानुसार हुनसक्ने :

क) साना पुल, गुम्बा एवं साघुँहरु

ख) गोरेटो, ठूलो सडकमा मिसिने बाटो

ग) सानातिना सिंचाई योजना (बाँध, नहर, कुलो)

घ) ढल निकास

ङ) पञ्चायत सामुदायिक एवं स्कुल भवन

च) पुस्तकालय, पोष्ट अफिस (हुलाक कार्यालय)

छ) माछा पोखरी र स्थानीय स्तरमा अति आवश्यक सानातिना योजना

जिल्ला पञ्चायतले पनि आफ्ना योजना निम्न अनुसार वर्गीकरण गर्ने ÷

१) एउटा गाउँ पञ्चायतले मात्र गर्न नसक्ने, जिल्लाभर कै लागि नितान्त आवश्यक वा ईलाकाका जनताको कुनै खास दुःख भएको तर आफ्नै श्रमदानबाट गर्न नसक्ने र आफ्नै सीप, साधन श्रोतको बढी उपयोग गरी गर्न सक्ने योजना ।

२) तथ्यांकका आधारमा योजना तर्जुमा गर्ने र प्राविधिकबाट सम्पूर्ण जिल्लामा आवश्यकता सम्भावनाको सर्वेक्षण गराउने ।

  - जिल्ला स्तरीय विकास योजनाको प्राथमिकताक्रम जिल्ला सभाबाट पारित गराउने ।
  - प्राथमिकता उल्लंघन गरी योजना सञ्चालन गराउने परिपाटीको अन्त गर्ने ।
  - समयमा योजना सम्पन्न नगर्ने, नियमित रुपमा स्याहा श्रेस्ता प्रगति प्रतिवेदन नपठाउने जिल्ला पञ्चायतलाई सम्बन्धित मन्त्रालयबाट अनुदान रोक्का गर्ने ।
  - गाउँ सभाबाट उक्त आर्थिक वर्षमा लागु गरिने कर, चन्दा र श्रमदानद्वारा प्राप्त हुने आयको प्रक्षेपण कार्य ।

- प्रस्तावित आय कुन कुन योजनामा लगानी गर्ने बारे निर्णय ।
- एकनासरुपले ५० प्रतिशत गाउँ सभाको अनुदान, श्रमदानबाट वेहोरिनु पर्ने वैज्ञानिक र व्यवहारिक नभएकोले विकसित, अविकसित, सुगम, दुर्गमका आधारमा प्रतिशत तोकिनु पर्ने ।
- योजनाको माग गाउँ पञ्चायतको विधिवत फाराममा भरि पठाउनु पर्ने र जिल्ला पञ्चायतले आमयोजनाको प्राविधिक सर्वेक्षण, डिजाईन गराई जिल्ला सभाबाट स्वीकृत गराउने व्यवस्था ।
- प्रधान पञ्च वा उपप्रधानपञ्च र सचिवले सम्झौता गर्ने र नियम अनुसार विल भरपाई प्राविधिक प्रतिवेदन सहित किस्तामा रकम निकासा गर्ने व्यवस्था र कार्य सम्पन्न भएपछि फरफारक लिनु पर्ने ।

जिल्ला पञ्चायतले पनि आफ्ना योजना निम्न अनुसार वर्गीकरण गर्ने÷

१) एउटा गाउँ पञ्चायतले मात्र गर्न नसक्ने जिल्लाभरकै लागि नितान्त आवश्यक वा ईलाकाका जनताको कुनै खास दुःख भएको तर आफ्नै श्रमदानबाट गर्न नसक्ने र आफ्नै सीप, साधन श्रोतको बढी उपयोग गरी गर्न सक्ने योजना ।

२) तथ्यांकका आधारमा योजना तर्जुमा गर्ने र प्राविधिकबाट सम्पूर्ण जिल्लामा आवश्यकता सम्भावनाको सर्वेक्षण गराउने ।

- जिल्ला स्तरीय विकास योजनाको प्राथमिकताक्रम जिल्ला सभाबाट पारित गराउने ।
- प्राथमिकता उल्लंघन गरी योजना सञ्चालन गराउने परिपाटीको अन्त गर्ने ।
- समयमा योजना सम्पन्न नगर्ने नियमित रुपमा स्याहा श्रेस्ता प्रगति प्रतिवेदन नपठाउने जिल्ला पञ्चायतलाई सम्बन्धित मन्त्रालयबाट अनुदान रोक्का गर्ने ।
- सामाजिक सेवा सम्बन्धी र स्थानीय विकास सम्बन्धी सबै कार्यालय जिल्ला पञ्चायतसँग सम्बन्धित हुनुपर्छ र जिल्लाको निर्णय कार्यान्वीत गर्न जिल्लाको सरकारी कार्यालय र कर्मचारीको आवश्यक सहयोग जुटाउनु परेमा प्रमुख जिल्ला अधिकारीले जुटाउने व्यवस्था ।
- पञ्च वर्षीय योजनामा प्राथमिकता निर्धारण भएका योजना विना पुष्ट्याइँ परिवर्तन नगर्ने ।

## ४ प्रशासन सुधार आयोगको प्रतिवेदन ०३२/०३३

- अधिकार प्रत्यायोजन गरी निर्णयको तह घटाउँदै निर्णय प्रकृयामा पनि विकेन्द्रीकरण गर्ने ।
- केन्द्रको अपेक्षा स्थानीय निकायको स्थापनामा बढी प्राथमिकता दिने ।
- कार्य विभाजन र कार्य सम्पादन नियमावलीमा सुधार गर्ने ।
- अञ्चलाधीश पद बाहेक अन्य पदमा राजनीतिक नियुक्ती नगर्ने ।
- विकासमूलक प्रशासनलाई परिभाषित गर्दै साधारण प्रशासनको सुदृढीकरणका साथै राष्ट्रिय आकांक्षा र आवश्यकता अनुरुपको योजना तर्जुमा गर्ने र स्वीकृत योजनालाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने सुदृढ संगठनात्मक क्षमता बृद्धि गर्ने ।
- प्रशासनलाई विकासमूलक बनाउन मन्त्रालयले आआफ्नो क्षेत्रको दीर्घकालीन र अल्पकालिन योजना तर्जुमा गर्ने र दैनिक कार्यक्रमलाई योजना अनुकुल सञ्चालन गर्ने क्षमता बढाउने ।

- योजना कार्यान्वयनमा मन्त्रालय, विभाग, क्षेत्रीय निर्देशनालय र परियोजना स्तरसम्मको जिम्मेवारी निम्न अनुसार निर्धारण गर्ने :
  - मन्त्रालयको कार्य :- योजना, नीति, निर्माण, कार्यक्रम कार्यान्वयनको रेखदेख र मूल्यांकन गर्ने व्यवस्था गर्ने ।
  - विभाग :— आ-आफ्नो क्षेत्रमा विशेषज्ञताको विकास, कार्यक्रम कार्यान्वयन, योजना र नीति तर्जुमा गर्न मन्त्रालयलाई सूचना र सल्लाह उपलव्ध गराउने ।
  - विभागहरुको भूमिकालाई पुनरावलोकन गरी विभागहरुलाई क्षेत्रीय कार्यालयमा क्रमशः परिणत गर्दै लैजाने ।
  - क्षेत्रीय निर्देशनालयलाई जिल्ला स्तरीय विकास कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने प्राविधिक निर्देशन तथा निकासाहरु दिने कार्य ती निर्देशनालयबाट गरिनुपर्ने गरी मन्त्रालयको सम्बन्धित नियम तथा प्रशासकीय आदेशद्वारा कार्यविधि स्पष्ट गरी अधिकार प्रत्यायोजन सम्बन्धी कार्य मन्त्रालयले गर्ने र क्षेत्रीय आयोजनाहरु आफ्नो मातहतका परियोजना कार्यालय वा जिल्लास्तरका कार्यालयबाट समेत गराउनु पर्ने ।
  - परियोजना प्रशासन :–
    - ५ करोड भन्दा कम रकमका परियोजनाहरु नियमित संगठनबाट सञ्चालन गर्ने र ५ करोड भन्दा बढी रकमका परियोजनाहरुका लागि विकास समिति ऐन अन्तर्गत स्वशासित संगठनका रुपमा संगठन गरी कार्यान्वयन गर्ने ।
    - १० लाखसम्मका योजना स्वीकृत गर्ने अधिकार परियोजना प्रमुखलाई दिने ।
    - परियोजना अवधिभरका लागि कर्मचारी खटाउने र ती कर्मचारीलाई सरुवा नगर्ने ।
    - परियोजनाको कार्य सम्पादनका आधारमा परियोजना प्रमुखलाई पुरस्कार र दण्ड गर्ने र यसका आधार स्पष्ट तोकिनु पर्ने ।

## ५. प्रशासन सुधार आयोगको प्रतिवेदन २०४८

तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको अध्यक्षतामा गठित प्रशासन सुधार आयोगको प्रतिवेदनले विकेन्द्रीकरण र निक्षेपण सम्बन्धमा विस्तृत सुझाव प्रस्तुत गरेको छ र निम्न लिखित कामहरु स्थानीय निर्वाचित निकायमा निक्षेपण गरिनु पर्ने गरी नीतिगत सुझाव समेत प्रस्तुत गरेको छ :

क) स्थानीय स्तरमा कार्यरत सरकारी, अर्धसरकारी तथा गैरसरकारी निकाय बीच सामञ्जस्य एवं समन्वय कायम गरी सम्पन्न गर्नुपर्ने कार्य ।

ख) स्थानीयस्तरमा नै उपलव्ध सीप, साधन र क्षमताको उपयोग गरी सम्पन्न गर्न सकिने कार्य ।

ग) स्थानीय स्थिति एवं आवश्यकतानुसार भिन्नभिन्नै कार्यविधि र कार्य पद्धति अपनाएर गर्नु पर्ने कार्य ।

घ) स्थानीय जनताको इच्छा अनुसार तथा उनीहरुप्रति उत्तरदायी भएर गर्नुपर्ने कार्य ।

ङ) एकीकृत रुपमा जनतामा पुर्‍याउनु पर्ने सेवाहरु ।

च) स्थानीय जनताको सहयोग एवं संलग्नताद्वारा मात्र गर्न सकिने कार्य ।

श्री ५ को सरकारद्वारा सञ्चालन भई आएका समुदायिक खानेपानी, प्राथमिक तथा प्रौढ शिक्षा, साना सिँचाई आयोजना, प्राथमिक स्वास्थ्य सेवा जस्ता विषयगत कार्यहरु स्थानीय निकायमा निक्षेपण गरिनु पर्ने ।

### २) विकेन्द्रीकरणको केन्द्र विन्दु :-

स्थानीय क्षेत्रको सर्वाङ्गीण विकासका लागि योजना प्रणालीलाई सुदृढ एवं प्रभावकारी बनाउने, शहरी क्षेत्रको निमित्त नगरस्तरीय निर्वाचित निकाय र ग्रामीण क्षेत्रको निमित्त जिल्ला स्तरीय निर्वाचित निकायलाई नै विकेन्द्रित कार्य प्रणालीको केन्द्र विन्दुको रुपमा लिने ।

- गाउँ स्तरीय निर्वाचित निकायलाई आफ्ना कार्यक्षेत्रमा विकास निर्माण कार्य सञ्चालनको लागि जिल्ला विकास समितिले आवश्यक साधन, श्रोत, प्राविधिक सहयोग उपलब्ध गराउने ।
  - नगरपालिकालाई जिल्लास्तरीय निकाय अन्तर्गत नराखी स्वतन्त्र निकायको रुपमा राख्नुपर्ने ।
  - जिल्ला-जिल्लामा सञ्चालन हुने वस्ती विकास कार्य र नगर विकास योजनाको कार्यहरुमा समन्वय ल्याउन जिल्ला र नगरका प्रतिनिधिहरुले एउटा स्थायी समन्वय समिति गठन गर्ने ।

**३) योजना सम्बन्धी :-**

- स्थानीय निकायमा निक्षेपण गरिएका सम्पूर्ण कार्यहरुको बारेमा निर्णय लिने, वार्षिक योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने र सुपरिवेक्षण गर्ने ।
- अनुगमनको पूर्ण अभिभारा स्थानीय निर्वाचित निकायलाई ऐनद्वारा नै प्रदान गर्ने ।

**नगर तथा जिल्ला स्तरीय एकाईलाई सुदृढ गर्ने व्यवस्था :**

जिल्ला स्तरीय र नगरपालिकालाई तोकिएको कार्य सम्पादनमा प्राविधिक सेवाको व्यवस्था गर्ने र जिल्ला र नगरपालिकामा योजना इकाईको व्यवस्था गर्ने र उक्त एकाईमा कार्य गर्ने कर्मचारीको योजना सञ्चालनको क्षमता विकास गर्ने ।

**स्थानीय निकायको निलम्वन वा विघटनका आधारहरु स्पष्ट रुपमा उल्लेख गर्ने ।**

## ६. प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन २०७०

- विकेन्द्रित/सङ्घीय शासन प्रणाली अपनाउँदा केन्द्रीय साङ्गठनिक संरचना खुम्चने र स्थानीय साङ्गठनिक संरचना फैलने अवस्था श्रृजना हुने देखिएकोले संविधान निर्माण भए पश्चात केन्द्रीय/सङ्घीय निकायलाई संविधानले प्रदान गर्ने क्षेत्राधिकार/अधिकारको बाँडफाँडका आधारमा समेत Need assessment गरी सङ्गठनको संरचना कानुन, नीति तर्जुमा गर्न उपयुक्त हुने ।
- राजनीति र प्रशासन बीचमा एउटा प्रष्ट सीमा रेखा हुनुपर्ने ।
- स्थानीय स्वायत्त शासनका आधारभूत पक्षहरूलाई संविधानमा नै व्यवस्था गर्ने ।
- नीतिगत, संस्थागत, संरचनागत र कानुनी व्यवस्था गरी स्थानीय लोकतन्त्रलाई बलियो बनाउने ।
- केन्द्रीय सरकारबाट नियन्त्रण एवं हस्तक्षेप नहुने गरी स्थानीय सरकारको नयाँ संरचना तयार गर्ने ।
- स्थानीय जनतालाई सरल, सहज र प्रभावकारी सेवा प्रवाह गर्न सक्ने गरी कार्यकारी, व्यवस्थापकीय, न्यायिक एवं वित्तीय अधिकारको स्पष्ट व्यवस्था गर्ने ।
- स्थानीय सरकारको सहमतिमा मात्र स्थानीय सरकारको सीमाना हेरफेर हुन सक्ने व्यवस्था गर्ने ।
- केन्द्रीय, क्षेत्रीय र स्थानीय सरकार बीचको विवाद समाधानको लागि उपयुक्त विधि र संयन्त्र निर्माण गर्ने ।
- केन्द्रीय, क्षेत्रीय र स्थानीय सरकार बीच राजस्वको बाँडफाँड वैज्ञानिक आधारमा गर्ने ।
- अधिकार निक्षेपण कार्यलाई व्यवस्थित र सुनिश्चित तुल्याउने । प्रभावकारी सेवा प्रवाहका लागि एकद्वार प्रणालीको विकास गरी लागू गर्ने । विकेन्द्रीकरण र स्वायत्त शासन पद्धतिको बारेमा जनचेतना जागृत गराउने ।
- नीति नियमहरूको असर र प्रभाव हेरेर अनुपयुक्त देखिए मात्र नीतिगत परिवर्तन गर्ने गतिशील, समावेशी, संतुलित र समतामूलक नीति निर्माणमा जोड दिने ।

- स्थानीय सरकारको नेतृत्वदायी भूमिकामा रहने राजनीतिक नेतृत्वले सभ्य र सुसंस्कृत राजनीतिक संस्कारको विकासमा सहयोग पुऱ्याउने ।
- स्थायी सरकारको रूपमा रहेको प्रशासनिक संयन्त्रलाई राजनीतिक हस्तक्षेप, दवाव र प्रभावबाट मुक्त राख्ने ।
- प्रत्यक्ष निर्वाचनका साथै समानुपातिक एवं समावेशी प्रतिनिधित्व समेत हुने गरी उपयुक्त निर्वाचन प्रणालीको व्यवस्था गर्ने ।
- स्थानीय तहमा अन्य तहका सरकारको समानान्तर संरचना नराखी एकीकृत रूपमा स्थानीय सरकारबाटै सेवा प्रवाहको व्यवस्था गर्ने ।
- निक्षेपित अधिकार केन्द्रीकृत नहुने गरी भूगोल, जनसंख्या, सामाजिक, सांस्कृतिक एकता, ऐतिहासिकता, सेवामा पहुँच, सामर्थ्यता जस्ता पक्षहरूलाई आधार मानी गाविसको संख्या घटाउने र आकार बढाउने ।
- संविधानमा नेपालभरी स्थानीय स्वायत्त सरकारहरू रहनेछन् भनी तहगत सरकारहरू स्वायत्त रहने व्यवस्था गर्ने ।
- स्थानीय सरकारका संख्या र आकारका विषयमा निर्णय गर्दा सम्बन्धित स्थानीय परिषद् र बसोबास क्षेत्रका जनताको राय, सल्लाह लिएर गर्ने सिद्धान्त र पद्धति अवलम्बन गर्ने ।
- स्थानीय निकायको पुनर्संरचना तथा स्थानीय निकायको रूपान्तरण गर्ने प्रक्रियालाई संविधान निर्माण प्रक्रियासँगै अगाडि बढाउन तिनका प्रतिनिधिमूलक निकायहरू र विषय विज्ञ समेत रहेको एक उच्चस्तरीय स्थानीय निकाय पुनर्संरचना आयोग गठन गरी सोको सिफारिस र निर्वाचित स्थानीय सरकारका परिषद् समेतको सिफारिसमा निर्णय गर्ने प्रक्रिया अपनाउने ।
- राज्यप्रतिको अपनत्व र जिम्मेवारी बोध गराउन नेपाललाई स्थानीय सरकार तह, प्रादेशिक सरकार तह र संघको साझा युनियनको रूपमा परिभाषित गरिनुपर्ने ।
- बहुप्रचलित र जनचाहना अनुसारका भाषाहरूलाई शिक्षा दिने र सरकारी कामकाजको भाषाको रूपमा व्यवस्था गर्ने । निर्वाचित जनप्रतिनिधिमूलक स्थानीय सरकारको माध्यमबाट मात्र स्थानीय शासनको अभ्यास गरिने व्यवस्था नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गर्ने । स्थानीय सरकार र स्वायत्त शासन सम्बन्धी आधारभूत सिद्धान्तका विषयहरू संविधानको नीति निर्देशक सिद्धान्त अन्तर्गत समावेश गर्ने । स्थानीय सरकारले संविधान र कानुनको पालना गरे नगरेको विषयमा मात्र केन्द्र र प्रदेश सरकारले सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था गर्ने ।
- अन्तरस्थानीय सरकार बीच विवाद समाधानका लागि सम्बन्धित स्थानीय सरकारका प्रतिनिधि र उनीहरूका संघ/महासंघ तथा प्रादेशिक कार्यकारी समेतको प्रतिनिधि भएको प्रादेशिक संरचना समिति रहने व्यवस्था गर्ने ।
- सङ्घीय विधायिकाको माथिल्लो सदनमा स्थानीय सरकारबाट समेत तोकिएका आधारमा कम्तीमा एक चौथाई निर्वाचित गरी प्रतिनिधित्व हुने व्यवस्था गर्ने ।
- स्थानीय सरकारले संघ तथा प्रदेशको संविधान र कानुनसँग नबाझिने गरी आफ्नो नियम, विनियम, निर्देशिका, कार्यविधि बनाई लागू गर्नसक्ने अधिकारको प्रत्याभूति गर्ने ।
- कार्य जिम्मेवारी र स्रोतमा हुनसक्ने दोहोरोपना हटाउन तथा तोकिएका अधिकार क्षेत्रहरूप्रति जवाफदेही निकाय खुट्याउन जनतालाई सहज होस् भन्ने उद्देश्यले तहगत सरकारका अधिकार, कार्य विभाजन स्पष्टरूपमा संविधानमा व्यवस्था गर्ने ।
- संविधान र कानुन अनुसार स्थानीय सरकारको क्षेत्राधिकारभित्र रहेका सम्पूर्ण योजना तथा कार्यक्रमहरूलाई हस्तक्षेप तथा सीमित तुल्याउने किसिमले अन्य तहका सरकारले अन्य कुनै संरचनाहरू खडा नगर्ने निश्चित गर्ने ।

## संस्थागत व्यवस्था

### १ वुच कमिशन

- मन्त्रालयको संख्या १५ बाट घटाएर ११ कायम गर्नुपर्ने ।
- विकेन्द्रीकरणको व्यवस्था अवलम्वन गर्नुपर्ने ।

## २ प्रशासन पुनर्गठन योजना आयोग २०१३

- लोक सेवा आयोगको सुदृढीकरण गर्ने ।
- राष्ट्रिय योजना आयोगको गठनका साथै पञ्चवर्षीय योजनाको शुरुवात गर्ने ।
- सबै मन्त्रालयमा प्राविधिक समिति गठन गर्ने ।

## ३ प्रशासन सुधार आयोग २०२५

- प्रशासनिक विकेन्द्रीकरणका लागि जिल्ला, ग्राम र ब्लकहरुको व्यवस्था गर्ने ।
- अञ्चलमा अञ्चलाधीशको कार्यालयको व्यवस्था विभिन्न मन्त्रालय, विभागका कार्यालयहरुलाई अञ्चलाधीशको कार्यालयको शाखाको रुपमा राख्ने व्यवस्था स्थानीय प्रशासन ऐनले गरेको ।
- विकास सम्बन्धी मामिलामा अञ्चलाधीशलाई सल्लाह दिने अञ्चल समितिको व्यवस्था ।
- सामाजिक सेवा एवं विकास कार्यहरु जिल्ला पञ्चायतलाई सुम्पिनु पर्ने ।
- यसका लागि कार्य प्रणाली स्पष्ट र व्यवहारिक बनाउने ।
- सबै पञ्चलाई योजना तर्जुमा बारे अभिमुखीकरण गराउने ।
- राष्ट्रिय योजना आयोगको निर्देशन र प्राथमिकतालाई ध्यानमा राखी आफ्नो जिल्ला र गाउँ स्तरमा आफ्नो आवश्यकता अनुसार योजना तर्जुमा गर्ने प्रणाली कायम गर्ने र आवधिक र वार्षिक योजना तर्जुमा र कार्यान्वयन गर्न जिल्लामा योजना तर्जुमा र कार्यान्वयन सल्लाहकार समितिको गठन ।
- गाउँ पञ्चायतलाई पञ्चायत व्यवस्थाको सबभन्दा तल्लो तह र व्यवस्थाको आधार स्तम्भको रुपमा राखिने ।
- गाउँ स्तरीय योजना तर्जुमा र सञ्चालनमा सबै गाउँवासी र गाउँ पञ्चायतका पञ्चहरुलाई बढी जानकारी दिनु पर्ने ।
- सबै पञ्चलाई योजना तर्जुमा बारे अभिमुखीकरण गराउने ।
- जिल्ला पञ्चायतबाट जिल्ला प्रशासनलाई अलग गर्ने र प्रमुख जिल्ला अधिकारीलाई जिल्ला पञ्चायत सचिवको अधिकारबाट मुक्त गर्ने ।
- जिल्ला योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी सल्लाहकार समिति, जिल्ला पञ्चायतको सभापतिको अध्यक्षतामा वर्गीय संगठनका सभापति, सम्बन्धित जिल्लाका राष्ट्रिय पञ्चायतका सदस्य, प्रमुख जिल्ला अधिकारी, माध्यमिक स्कुल तथा कलेजका केही शिक्षक तथा दुई चार गन्यमान्य व्यक्ति र पञ्चायत विकास अधिकारी त्यसको सदस्य सचिव रहने व्यवस्था र सम्बन्धित प्राविधिकहरु सल्लाहकारको बैठकमा उपस्थित हुने ।
- प्रमुख जिल्ला अधिकारीलाई जिल्ला पञ्चायतको सचिवबाट हटाउने र जिल्ला स्तरीय सबै प्रशासकीय अधिकार प्र.जि.अ. लाई प्रदान गरी विशेष अधिकृतको पद खारेज गर्ने ।
- पञ्चायत विकास अधिकारीलाई जिल्ला पञ्चायतको सचिव नियुक्ति गर्ने ।
- प्रत्येक गाउँ पञ्चायतमा निजामती कर्मचारी सरहको सचिवको नियुक्ति गरी गाउँ पञ्चायतको सम्पूर्ण प्रशासकीय काम जिम्मा दिने व्यवस्था गर्ने र सचिवलाई गाउँ पञ्चायत र जिल्ला पञ्चायतको सम्पर्क कार्यालयमा काम गर्ने व्यवस्था समेत गर्ने ।
- जिल्ला पञ्चायतमा १०-१५-२० गा.वि.स हेर्ने गरी एक जना ओभरसीयरको व्यवस्था गर्ने ।
- गाउँ पञ्चायत, जिल्ला पञ्चायत एवं केन्द्रीय विकास अनुदान संचालन राष्ट्रिय योजनामा समावेश गर्ने योजनाको सम्बन्धित प्राविधिक सिफारिस अनिवार्य हुनुपर्ने ।

## ४. प्रशासन सुधार आयोगको प्रतिवेदन ०३२/३३

२०२९ सालमा श्री ५ को अध्यक्षतामा राष्ट्रिय विकास परिषद्को गठन र सो परिषद्को नीति निर्देशन बमोजिम कार्य गर्न योजना आयोगको गठन भइसकेको सन्दर्भमा यस्को मन्त्रालयहरुसँग संस्थागत सम्बन्ध कायम गर्न निम्न अनुसारको सुझाव समेत प्रस्तुत गरेको पाइन्छ :–

- मन्त्रालयमा स्थापना हुने योजना इकाईलाई राष्ट्रिय योजना आयोगको अङ्गको रुपमा भन्दा मन्त्रालयको चेतनशील इकाईको रुपमा विकास गर्ने र सुदृढ गर्ने ।
- योजना तथा कार्यक्रमको तर्जुमा एवं कार्यहरुमा संस्थागत क्षमता विकास गर्ने ।
- क्षेत्रीय निर्देशनालयहरुको रुपमा कार्यकारी अधिकार प्रदान गर्ने ।

## ५. प्रशासन सुधार आयोगको प्रतिवेदन २०४८

**कर्मचारी व्यवस्था ः**

स्थानीय निर्वाचित निकायको सेवा आकर्षक बनाउन निम्न उपायहरु अवलम्बन गर्ने :

क) कर्मचारीहरुको निष्पक्ष छनौट, सरुवा, पदोन्नती जस्ता कर्मचारी प्रशासन सम्बन्धी कामका लागि संस्थागत व्यवस्था गर्ने ।

ख) सेवाको स्थायित्व प्रदान गर्ने ।

ग) पूर्व सेवाकालिन तालिमको व्यवस्था गर्ने ।

घ) योग्यता र उपयुक्तताको आधारमा कर्मचारी छनौट एवं तिनको बृत्ति विकासका लागि स्थानीय निर्वाचित निकाय सेवा आयोगको व्यवस्था गर्ने र उक्त प्रस्तावित आयोगले कार्य सम्पादनका लागि क्षेत्रीय विकास केन्द्रमा कार्यालय स्थापना गर्ने ।

- स्थानीय निर्वाचित निकायहरुमा निक्षेपण गरिएका कार्यहरुमा हाल संलग्न सरकारी कर्मचारीलाई उक्त निकायहरुमा आफ्नै कर्मचारीको व्यवस्था हुन नसकेसम्म तत्तत् निकायमा काजमा पठाउने व्यवस्था गर्ने र त्यस्ता कर्मचारी सम्बन्धित निकायको सहमति बिना सरुवा नगर्ने व्यवस्था गर्ने र स्थानीय निर्वाचित निकायले आफ्नो कर्मचारीको व्यवस्था गरी निजामती कर्मचारीलाई क्रमशः प्रतिस्थापन गर्ने ।
- तर जिल्ला स्तरीय निर्वाचित निकाय र नगरपालिकाको कर्मचारी अधिकृत पदमा निजामती सेवामा वरिष्ठ अधिकृतलाई काजमा पठाउने व्यवस्था यथावत राखिनु पर्दछ ।

**प्रशिक्षणको व्यवस्था–ः**

निर्वाचित प्रतिनिधि, सरकारी कर्मचारी, स्थानीय संस्थाका कर्मचारी, उपभोक्ता समितिका सदस्य समेतलाई विकेन्द्रित कार्य पद्धतिको मनसाय अनुरुप सम्बन्धित निकायको व्यवस्थापन पक्षको सुधार ल्याउन र प्रभावकारिता बढाउन र योजना सञ्चालन प्रकृया जनपरिचालन, समन्वय र व्यवस्थापन जस्ता विषयमा आवश्यक सीप, ज्ञान र जानकारी उपलव्ध गराउने दृष्टिकोणबाट विभिन्न किसिमका पूर्व एवं सेवाकालिन तालीम तथा गोष्ठीको व्यवस्था गर्ने ।

- स्थानीय विकास प्रशिक्षण केन्द्र :

- ✓ ११ वटा प्रशिक्षण केन्द्रको भौगोलिक एवं यातायातको सुविधा समेत पुनरावलोकन गरी प्रत्येक विकास क्षेत्रमा कम्तिमा एउटा प्रीशक्षण केन्द्र स्थापना गर्ने ।

- नगरपालिका प्रशिक्षण केन्द्र :

- ✓ शहरी सेवा र ग्रामीण सेवामा भिन्नता हुने हुनाले नगरपालिकाका पदाधिकारीलाई प्रशिक्षण गराउन विषेश प्रकारको प्रशिक्षण कार्य सञ्चालनको व्यवस्था गर्ने ।

- प्रशिक्षण केन्द्र सम्बन्धी कानुनी प्रावधान :

- ✓ स्थानीय विकास प्रशिक्षण केन्द्रले आफूले पुऱ्याउने सेवालाई बढी अर्थपूर्ण र सुविधा एवं पारिश्रमिक उपलब्ध गराउन सक्ने एवं भौतिक सुविधा सिर्जना गर्न सक्ने सेवा प्रदान गरिने निकायसँग शुल्कको लागत आफैं तोक्न सक्ने कानुनी आधार प्रदान गरी आत्मनिर्भर र स्वशासित संस्थाको रुपमा विकास गर्ने ।

- स्थानीय निर्वाचित निकाय र स्वयंसेवी संघ संस्था बीच सम्बन्ध :

- ✓ स्थानीय निकायले संघसंस्थालाई प्रतिद्वन्द्वीको रुपमा नहेरी उनीहरुलाई सहयोगीको रुपमा लिनु पर्दछ । यस्ता संघसंस्थालाई निरन्तर प्रोत्साहन र सेवामूलक कार्यमा संलग्न गराउने नीति अपनाउने ।

- यस अनुरुप स्थानीय निकायले :

- ✓ समाजसेवी संघसंस्थाबाट स्थानीय स्तरमा उपलव्ध गराइने सेवा सुविधामा सहयोग पुऱ्याउने समानान्तर कार्यक्रम सञ्चालन नगर्ने ।

- ✓ समाजिक संघसंस्थाबाट सम्पादन गराउन सकिने कार्य उनीहरुबाट गराउने नीति लिने ।

- ✓ समाजिक संघसंस्थाको कार्यक्रमसँग आफ्नो कार्यक्रमको सामञ्जस्य र समन्वय कायम गर्ने ।

**नयाँ नगरपालिकाको घोषणा गर्ने :**

- नयाँ वस्ती र बजारलाई निश्चित मापदण्ड (जस्तैः जनसंख्या, खण्डस्थिति, सडकको उपलव्धता, हाटबजार, विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी जस्ता सुविधा आदि) को आधारमा नगरपालिका घोषणा गरिनु पर्ने ।
- केन्द्रबाट ती निकाय सक्षम नहुन्जेल आर्थिक एवं प्राविधिक सहयोग केन्द्रबाट उपलव्ध गराउने ।
- नगरपालिकाको स्तर पनि भिन्न रहेको छ, र श्री ५ को सरकारबाट श्रोत साधन उपलव्ध गराउँदा एकैनासबाट गराउनु हुँदैन जसको साधन श्रोत छैन तिनको स्थिति सुधार गर्ने र जसलाई सरकारी सहयोगको आवश्यकता हुँदैन त्यसलाई आर्थिक अनुदान र अन्य सहयोग उपलव्ध गराई राख्नु पर्दैन ।
- यसका लागि नगरपालिकालाई वर्गीकरण गर्ने ।

## ६ प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन २०७०

- जिल्ला विकास समितिमा सहायक स्थानीय विकास अधिकारीको व्यवस्था गरिनु पर्ने ।
- स्थानीय निकायमा कार्यरत कर्मचारीलाई उचित आधार र प्रक्रिया अवलम्वन गरी एक स्थानीय निकायबाट अर्को स्थानीय निकायमा सरूवा गर्न सकिने ।
- स्थानीय निकायहरूलाई Viable Unit का रूपमा विकास गर्नका लागि जनसंख्या, आन्तरिक आय, विकासको स्तर, वस्ती विकासको अवस्था र सार्वजनिक सेवामा जनताको पहुँच, क्षेत्रफल आदिका आधारमा पुनर्संरचना गरी वर्गीकरण गर्नु आवश्यक छ । हालका ४-६ वटा गा.वि.स.हरूलाई गाभेर गाउँपालिका बनाउने ।
- संस्थागत विकास र जनशक्ति व्यवस्थापन गरी अधिकृत स्तरको गा.वि.स. सचिव राख्ने ।
- वर्गीकरणका आधारमा न्यूनतम शर्त तथा कार्यसम्पादन मापन MCPM का सूचकहरू निर्धारण गरी स्थानीय निकायहरूको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउने ।

- सार्वजनिक सेवालाई प्रभावकारी बनाउन तथा सरकारको उपस्थिति जनताको नजिकसम्म पु¥याउनका लागि थालनी गरिएको एकीकृत सेवा केन्द्रबाट जनताले सहजरूपमा सेवा प्राप्त गरेको देखिन्छ ।
- भौगोलिक विविधता, सामाजिक बनौट, जनसंख्याको वितरण र भौतिक पूर्वाधारको विकासको अवस्था समेतका आधारमा हेर्दा यस्ता सेवा केन्द्रहरू विस्तार गर्नुपर्ने देखिन्छ ।
- स्थानीय निकायप्रति उत्तरदायी रहने कर्मचारी संयन्त्रको स्थापना एवं स्थानीय सेवा गठन गरी स्थानीय निकायहरूमा कार्यरत कर्मचारीको व्यवस्थापन गर्ने ।
- विचाराधीन स्थानीय सेवा ऐनलाई पुनरावलोकन गरी बाँकी कार्यलाई अगाडि बढाउने । गाविसको विद्यमान संगठन संरचनामा परिवर्तन गरी कम्तीमा एक जना सचिव, लेखापाल, प्राविधिक कर्मचारी र सामाजिक परिचालक अनिवार्य रूपमा रहने गरी दरबन्दीको व्यवस्था गर्ने ।
- राजधानीको सुशासन एवं एकीकृत विकासका लागि काठमाडौं मेट्रो ऐन बनाई लागू गर्ने ।
- नगर विकास समिति ऐन, २०४५ अनुसार गठित नगर विकास समितिहरू खारेज गर्ने ।
- जिल्लास्थित जिल्ला प्राविधिक कार्यालयलाई जिल्ला विकास समितिको प्राविधिक शाखाका रूपमा रूपान्तरण गर्ने र विषयगत निक्षेपण रणनीति अनुसार सिंचाई, खानेपानी र सरसफाई, नदी नियन्त्रण, सडक, पुल, भवन निर्माण आदि स्थानीय पूर्वाधारको कार्य जि.वि.स.मा निक्षेपण गर्ने ।

**ग वित्तीय पक्ष**

**प्रशासन सुधार आयोगको प्रतिवेदन ०३२/३३**

- चालु र विकास वजेटको वर्गीकरण गर्ने ।
- गाउँ सभाबाट उक्त आर्थिक वर्षमा लागु गरिने कर, चन्दा र श्रमदानद्वारा प्राप्त हुने आयको प्रक्षेपण
- प्रस्तावित आय कुन कुन योजनामा लगानी गर्ने बारे निर्णय ।
- एकनास ५० प्रतिशत गाउँ सभाको अनुदान, श्रमदानबाट वेहोरिनु पर्ने वैज्ञानिक र व्यवहारिक नभएकोले विकसित, अविकसित, सुगम, दुर्गमका आधारमा प्रतिशत तोकिनु पर्ने ।
- गाउँ पञ्चायत, जिल्ला पञ्चायत एवं केन्द्रीय विकास अनुदान संचालन राष्ट्रिय योजनामा समावेश गर्ने योजनाको सम्बन्धित प्राविधिक सिफारिस अनिवार्य हुनुपर्ने ।
- स्थानीय गाउँ पञ्चायत र जिल्ला पञ्चायतको हिसाबकिताब ठिक भएको नभएको उत्तरदायित्व सम्बन्धित सचिव एवं प्रधान पञ्च र सभापति रहनेछ ।

**प्रशासन सुधारको आयोगको प्रतिवेदन २०४८**

अधिकार निक्षेपणको साथसाथै क्रमिक रुपमा आफ्नो आर्थिक क्षमताको बृद्धि गर्न सके एवं विभिन्न उपायबाट आर्थिक स्रोत परिचालन गर्ने तर्फ पनि स्थानीय निर्वाचित निकायलाई उन्मुख गराउन देहाय अनुसारका श्रोतहरु व्यवस्था हुनु पर्ने ।

वर्तमान ऐन नियममा भएका कर बाहेक देहायका थप करका अधिकार प्रदान गर्ने :

क) जिल्ला स्तरका निमित्त ÷

अनुदान बाहेक अविरल रुपमा आम्दानी हुने अन्य कुनै श्रोत नभएकोले स्थानीय स्तरबाट सजिलै असुल गर्न सकिने क्षेत्रहरु जस्तै ÷ कृषि क्षेत्रमा कर लगाउन सक्ने व्यवस्था गर्ने ।

ख) नगर स्तर ÷

नगरपालिकाको निमित्त प्रत्यक्ष कर मध्ये शहरी घरजग्गा कर प्रमुख श्रोत हो, उक्त कर केन्द्रीय निकायबाट लागु भएकोले केही प्रतिशत नगरपालिकालाई उपलब्ध गराउने ।

कृषि, जमीन र शहरी क्षेत्रको आवासीय जमिनको मालपोत समान किसिमको भएकोले आवासीय जमिनमा मालपोत बृद्धि गर्नु पर्ने ।

ग) गाउँ स्तर ÷

कर संकलन गर्ने प्रशासनिक यन्त्र नभएकोले हाल विद्यमान करका अवस्थामा कुनै परिवर्तन नगर्ने ।

**अनुदान सम्बन्धी व्यवस्था–ः**

अनुदान सम्बन्धमा निम्नानुसारको व्यवस्था गर्ने ÷

क) सुम्पिएको जिम्मेवारी सम्पादन गर्न सक्षम तुल्याउने ।

ख) क्रमिक रुपमा केन्द्रीय अनुदान बिना नै जिम्मेवारी पूरा गर्न सक्ने स्थिति तिर उन्मुख गराउने दृष्टिकोणबाट निम्न अनुसारको अनुदान व्यवस्था अपनाउने ÷

| क्र.सं. | अनुदानको किसिम | अनुदानको उद्देश्य | अनुदान पाउने | | |
|---|---|---|---|---|---|
| | | | जिल्ला | नगर | गाउँ |
| १. | संस्थागत विकास अनुदान | निर्वाचित निकायलाई संस्थागत सेवा सुलभ गराउन जनसंख्याको आधारमा वा जिल्लाको आर्थिक स्थिति र विकास सम्बन्धी आवश्यकताको आधारमा दिईने अनुदान | **केन्द्रबाट प्राप्त गर्ने** | **केन्द्रबाट प्राप्त गर्ने** | **जिल्लाबाट प्राप्त गर्ने** |
| २. | प्रोत्साहन अनुदान | जुनजुन स्थानीय निकायले प्रत्यक्ष कर संकलन गरी वा अन्य प्राप्त गर्ने उपायले आफ्नो श्रोत साल बसाली बृद्धि गर्दछन् तिनलाई दिइने अनुदान | " " | " " | " " |
| ३. | कार्यक्रम अनुदान | श्री ५ को सरकारबाट खास खास किसिमका कार्यहरु सञ्चालन गर्न दिईने कार्यक्रम अनुदान | " " | " " | " " |

**आर्थिक उत्तरदायित्व ः–**

स्थानीय निकायलाई कार्यहरु सम्पादन गर्नका लागि उल्लेख गरिए अनुसार प्राप्त हुने आम्दानी (कर, दस्तुर, शुल्क र श्री ५ को सरकारद्वारा शिक्षा, स्वस्थ्य वा एकमुष्ट वा विषयगत अनुदान) र खर्च सम्बन्धी सम्पूर्ण जिम्मेवारी निकायमा निहित गरिनुपर्ने ।

**स्थानीय विकास कोष :–**

ग्रामीण क्षेत्रमा निर्वाचित स्थानीय निकाय र स्थानीय समुदायलाई आर्थिक संभाव्यता भएका योजना लागु गर्न पूँजी उपलब्ध गराउने उद्देश्यले बीस करोड रुपैंया पूँजी भएको एक स्थानीय विकास कोषको स्थापना गरिनु पर्ने र यसको संचालन मनोनित प्रतिष्ठित व्यक्तिको एउटा समितिले गर्ने व्यवस्था गर्ने र आर्थिक सम्भाव्यता देखिने परियोजनाहरुमा र निजी उद्यमीहरुलाई पनि कोषबाट ऋण उपलव्ध गराउने माग बृद्धि भएमा बाह्य श्रोतबाट समेत थप पूँजी परिचालन गर्दै पूँजीमा बृद्धि गर्ने ।

**लेखापरीक्षणको व्यवस्था :–**

- स्थानीय निकायको लेखापरीक्षण महालेखा परीक्षक कार्यालयद्वारा नियुक्त लेखापरीक्षकद्वारा गराउने व्यवस्था गरिनु पर्दछ र उक्त लेखापरीक्षण आ.व. समाप्त भएको महिनाभित्र सम्पन्न गरिसक्नु पर्ने र प्रतिवेदन सम्बन्धित निकायको परिषद् वा साधारण सभामा पेश गर्ने र सार्वजनिक रुपमा प्रकाशित समेत गरिने व्यवस्था गर्ने ।
- लेखापरीक्षण प्रतिवेदन माथि आवश्यक छानवीन गरी आवश्यक कारवाहीको लागि सिफारिस गर्न साधारण सभाबाट आफू मध्येबाट लेखा समिति गठन गर्ने ।

**आर्थिक आयोगको व्यवस्था :–**

- स्थानीय निकायहरुको आवधिक रुपमा वित्तीय स्थितिको लेखाजोखा गरी वित्तीय स्थिति अनुरुप उचित तथा आवश्यक सुझव श्री ५ को सरकार समक्ष प्रस्तुत गर्ने प्रत्येक ५ वर्षमा स्थानीय निकाय सम्बन्धी आर्थिक आयोग गठन गरी राय सुझाव लिने व्यवस्था गर्ने ।

**प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन २०७०**

- स्थानीय निकायको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाटै हुने व्यवस्था गर्ने ।
- नगरपालिकाको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालय र गाविसको लेखा परीक्षण, महालेखा परीक्षकको कार्यालयले तोकेको लेखापरीक्षक मार्फत गर्ने ।
- स्थानीय निकायहरूको निर्वाचन भएपछि भने स्थानीय निकायहरूको परिषद्बाट अनुमोदित लेखा परीक्षक मार्फत लेखापरीक्षण गर्ने ।

**घ सेवा प्रवाहको पक्ष**

**ङ समन्वय (ठाडो, तेर्सो)**

**४ प्रशासन सुधार आयोगको प्रतिवेदन ०३२/३३**

- दैनिक प्रशासन र जनप्रतिनिधिको कार्य क्षेत्रमा राम्रोसँग विभाजन र आपसी समन्वय कायम गरिनु पर्ने ।
- अञ्चल, जिल्ला र स्थानीय स्तरमा विकास योजनाहरुको समन्वयात्मक रुपमा तर्जुमा कार्यान्वयन ।

- विकास योजना कार्य सञ्चालन गर्न उपयुक्त स्थानको निर्धारण त्यसको लागि चाहिने सरसमान (निर्माण सामग्री) व्यवस्थापन, सिपालु कार्यकर्ताको छनोट, प्राविधिक रेखदेख र निर्देशन समय समयमा प्राप्त गर्ने व्यवस्था ।
- स्थानीय योजनाको सम्बन्धमा आवश्यकता र उपलव्ध साधनहरुलाई ध्यानमा राखी जिल्ला पञ्चायतले जिल्ला सभामा छलफल गरी गृह पञ्चायत मन्त्रालय मार्फत योजना आयोग पठाउने व्यवस्था ।
- स्थानीय प्रशासन ऐनले प्रशासन यन्त्रलाई केन्द्र, अञ्चल र जिल्लास्तरमा विभाजन गर्ने व्यवस्था ।
- केन्द्रस्तरमा मन्त्रालय र विभाग ।
- विभिन्न मन्त्रालय र विभाग मातहतका अञ्चलस्तरीय कामकारवाही र अञ्चलभित्रका जिल्लामा गरिने कार्यक्रमको कार्यान्वयनमा एकरुपता ल्याउने व्यवस्था गर्ने ।
- जनप्रतिनिधिलाई प्रशासनको प्रत्येक स्तरमा समावेश गराउन जिल्लामा जिल्ला पञ्चायत विकास सम्बन्धी कार्यको सम्पूर्ण उत्तरदायित्व जिल्ला पञ्चायतमा आउनु पर्ने ।
- स्थानीय योजनाहरुले देहाय बमोजिमको समस्या र चुनौतिहरु व्यहोर्नु परिरहेको कारणहरुः
  - ✓ अञ्चल, जिल्ला र गाउँस्तरमा जनप्रतिनिधिको कार्यक्षेत्रमा स्पष्टता नआएको कारण ।
  - ✓ योजना तर्जुमा र कार्यान्वयनमा प्राविधिक सहयोगको कमीको कारण ।
  - ✓ योजना र कार्यक्रम छनौट गर्दा टाठा बाठाले बढी योजना र श्रोत साधन लैजाने र सोझा साझा गाउँ पञ्चायतमा कार्यक्रमहरु नपर्ने भएकोले अव्यवहारिक योजना तर्जुमा हुने गरेको ।
- सामाजिक सेवा सम्बन्धी र स्थानीय विकास सम्बन्धी सबै कार्यालय जिल्ला पञ्चायतसँग सम्बन्धित हुनुपर्छ र जिल्लाको निर्णय कार्यान्वयन गर्न जिल्लाको सरकारी कार्यालय र कर्मचारीको आवश्यक सहयोग जुटाउनु परेमा प्रमुख जिल्ला अधिकारीले जुटाउने व्यवस्था ।
  - ▪ जिल्ला पञ्चायतहरुले जिल्लास्तरीय र गाउँ स्तरीय योजना तथा विकास सम्बन्धमा गर्नु पर्ने काम कर्तव्य देहाय बमोजिम तोकेको छ :

    योजना आयोगको निर्देशन र ढाँचा बमोजिमको जिल्ला पञ्चायतले संचालन गर्ने योजना गृह पञ्चायत मन्त्रालय मार्फत राष्ट्रिय योजना परिषद्मा पेश गर्ने ।

    - ○ केन्द्रीय अनुदानबाट सञ्चालन हुने स्वीकृत योजना गाउँ स्तरीय सम्बन्धित गाउँ पञ्चायतबाट जिल्ला पञ्चायतले आफ्नो रेखदेखमा गर्ने र जिल्ला पञ्चायतका योजना आफैंले संचालन गर्ने ।
    - ○ गाउँ स्तरीय योजनाको हकमा गाउँको आर्थिक स्थिति सुधार गर्ने उपाय अवलम्बन गर्न जनताको इच्छा बमोजिम योजना सञ्चालन विषय सम्बन्धीत गाउँ सभाबाट पारित गराई जिल्ला पञ्चायतमा पेश गर्ने व्यवस्था मिलाउने ।
    - ○ गाउँ र जिल्ला पञ्चायतबाट सम्भावित योजनाको प्रगति विवरण निर्धारित ढाँचामा अर्धवार्षिक रुपमा रा.यो. परिषद्मा पेश गर्ने ।

**अञ्चल समितिको काम कर्तव्य :–**

सम्बन्धित अञ्चलाधीशको अध्यक्षतामा विकास सम्बन्धी विषयमा सल्लाह दिन जनप्रतिनिधि एवं समाजसेवी रहेको अञ्चल समिति गठन भएको र त्यसलाई प्रभावकारी बनाउन जिल्ला विकास कार्यक्रममा आवश्यक समन्वय रेखदेख र बाधा अडकाउ फुकाउने गरी परामर्श मात्र दिने नभई सकृय गराउन निम्न व्यवस्था गर्नेः

- जिल्ला र गाउँ स्तरीय योजना प्रभावकारी रुपमा भए नभएको ३–३ महिनामा प्रतिवेदन दिने ।
- जिल्ला र गाउँस्तरका योजना सञ्चालनमा देखा परेका समस्या हटाउन सहयोग पुऱ्याउने ।
- दुई वा दुई भन्दा बढी जिल्लालाई फाईदा पुग्ने योजना बारे सम्बन्धित जिल्ला पञ्चायतको सिफारिस लिई केन्द्रमा राष्ट्रिय योजना परिषद्मा सिफारिस गर्ने ।
- विभागीय पूर्व स्वीकृत माग गरेको ठोस योजना सञ्चालनका लागि गृह पञ्चायत मन्त्रालयमा सिफारिस गर्ने ।
- अञ्चल समितिले श्री ५ को सरकारको नीति र कार्यहरु सञ्चालन गर्न गराउन आवश्यक निर्देशन दिने र त्यसको परिपालन गराउने ।

**प्रशासन सुधारको आयोगको प्रतिवेदन २०४८**

**स्थानीय निकाय र श्री ५ को सरकारका निकायहरु वीचको सम्बन्धः**

- स्थानीय निकायलाई सहयोग पुऱ्याउने, मार्गदर्शन दिने तथा सम्बर्द्धन गर्ने जस्ता कार्य श्री ५ को सरकारले गर्ने ।
- स्थानीय निकायले सरकारसँग प्राविधिक एवं आर्थिक सहयोग लिने र प्राप्त मार्गदर्शनको अनुशरण गर्ने ।
- केन्द्रीय सरकार र स्थानीय निकाय वीचको सम्बन्ध पारस्परिकतामा बाँधिएको हुन्छ र आपसी विश्वास र सहयोगबाट मात्र विकसित सुदृढ हुन सक्दछ ।
  यसका लागि निम्न उपाय अवलम्बन गर्ने ÷

  क) जुन–जुन मन्त्रालयबाट स्थानीय निकायमा जिम्मेवारी सारिन्छ, त्यस मन्त्रालयमा विकेन्द्रीकरण अनुगमन एकाईको स्थापना गर्ने र आफ्नो विषयगत क्षेत्रको अनुगमन र रेखदेखको व्यवस्था गर्ने ।

  ख) स्थानीय स्वशासन र सामाजिक विकास मन्त्रालयलाई विकेन्द्रीकरणको प्रमुख जिम्मेवार मन्त्रालयको भूमिका र विकेन्द्रीकरण कार्यक्रमको कार्यान्वयनको अनुगमन र रेखदेख दायित्व दिने, मन्त्रालयले सूचना संकलन गरी समीक्षा गर्ने ।

  ग) विकेन्द्रीकरण सम्बन्धी नीति निर्देशन दिने, प्रगति समीक्षा गर्ने तथा वाधा अडचन फुकाउ गर्न गराउनका निमित्त प्रधानमन्त्रीको अध्यक्षतामा विकेन्द्रीकरण सम्बन्धी मन्त्री परिषद् समितिको व्यवस्था गर्ने ।

  घ) विकेन्द्रीकरण सम्बन्धी विषयमा श्री ५ को सरकारलाई नीतिगत सहयोग पुऱ्याउन यस सम्बन्धी नीतिगत कार्यक्रम कार्यान्वयनको लेखाजोखा गर्न र सुपरिवेक्षण तथा अनुगमनका लागि विकास तथा सञ्चार सम्बन्धी संसदीय समिति अन्तरगत एक विकेन्द्रीकरण उप समिति गठन गर्ने ।

  ङ) जिल्ला विकास योजना तर्जुमा गर्न र जिल्ला स्तरीय निकायलाई सुविधा पुऱ्याउने दृष्टिबाट योजना आयोगले प्रत्येक जिल्लाको प्राविधिक–आर्थिक सर्वेक्षण गराई जिल्लाको आर्थिक विकासको सम्भावनाको पहिचान तथा अवस्थाको बारेमा सम्बन्धित जिल्ला स्तरीय निकायलाई अवगत गराउने ।

**६ न्यायिक अधिकार**

कार्यन्वयन स्थितिको समीक्षा :

नेपालको निजामती प्रशासनमा व्यापक सुधार गर्ने उद्देश्यले देशमा परिवर्तन पश्चात् प्रशासनिक सुधार गर्न आयोग गठन गर्ने प्रचलन रही आएको छ । यही क्रममा ६ वटा आयोगको प्रतिवेदन प्राप्त हुन आएका छन्, ती आयोगको कार्यान्वयन स्थिति देहाय बमोजिम रहेको छ :

१. प्रशासन पुनर्गठन समिति, २००९ का सिफारिसहरु कार्यान्वयनमा आउन सकेनन् सैद्धान्तिक रुपमा विकेन्द्रीकरणको व्यवस्था गरिनु पर्दछ भन्ने गरेता पनि उक्त विकेन्द्रीकरण प्रशासनिक कार्यको रहेको थियो । स्थानीय स्वायत्त सरकार मन्त्रालय छुट्टै अस्तित्वमा राखिनु हुन्न स्वास्थ्य र शिक्षा मन्त्रालय समेत यसमा मिलाएर लैजानु पर्छ भन्ने सिफारिस रहेको थियो जुन कार्यान्वयन हुन सकेन ।

२. प्रशासन पुनर्गठन आयोग २०१३ ले कुनै एकीकृत प्रतिवेदन तयार गरेको पाइँदैन । यो आयोग प्रशासनको क्षेत्रमा हालसम्म गठन भएका आयोगहरु भन्दा छुट्टै प्रकृतिको थियो । आयोगको बैठक नियमित बस्दथे र उक्त बैठकमा कार्यपत्र, प्रस्तावित कानून र गजेट सूचनाको मस्यौदा पेश हुन्थ्यो, छलफल र निर्णय गरिन्थ्यो र आयोगबाट गरिएका निर्णय तुरुन्त मन्त्री परिषद्मा प्रस्तुत गरी निर्णय गरिन्थ्यो । यस आयोगका सुझाव प्रायः सबै कार्यान्वयनमा आएता पनि जिल्ला प्रशासन पुनर्गठन योजनाका लागि गठन गरिएको अस्थायी समितिको सिफारिस कार्यान्वयनमा आएन, उक्त समितिले प्रशासकीय दृष्टिबाट नेपाललाई ७ क्षेत्र, ३२ जिल्ला, ७८ उपजिल्ला र १६५ ब्लक र ग्राम पञ्चायतमा विभाजन गर्ने सिफारिस गरेको थियो । यो सिफारिस कार्यान्वयनमा नआउनुको कारणमा उक्त आयोग र आचार्य मन्त्री मण्डल भंग भएको थियो ।

उक्त आयोगले ग्रामीण विकास सम्बन्धमा गरेको सिफारिस कार्यान्वयनमा आएको स्थिति छ, जसअनुसार जिल्लामा विकास ब्लक खडा गरी र प्रत्येक ब्लकमा ब्लक, ग्राम विकास अफिसर र सहायक टेक्निसियन राख्ने र ब्लक अन्तर्गत मण्डलहरु राखी त्यस्तो मण्डलमा ग्राम सेवकहरु रहने र ग्राम सेवकले स्थानीय जनताको सहायता प्राप्त गरी गाउँको सर्वतोमुखी विकास गर्ने कार्यहरु सञ्चालन गर्ने र गाउँको समस्या समाधन गर्न विशेषज्ञको सेवा प्रदान गर्ने जस्ता कार्य सञ्चालनमा रहेका थिए ।

उक्त आयोगको सिफारिस बमोजिम नै राष्ट्रिय योजना आयोगको गठन भई योजनाबद्ध विकासको थालनी भएको पाइएको छ र जिल्ला स्तरमा विकास कार्यक्रमको साधारण प्रशासन वडा हाकिम मातहत राखी केन्द्रीय सरकारबाट नियुक्त टेक्नीसियन र जिल्ला विकास अफिसरहरुले निजलाई सहायता पुऱ्याउने व्यवस्था कायम गरिएको थियो । टेक्नीसियनहरु जिल्ला विकास अफिसरको मातहत रहने भएता पनि तिनको उत्तरदायित्व आआफ्नो विभागसँग रहेको थियो ।

३. प्रशासन सुधार आयोगको प्रतिवेदन २०२५ ले जिल्ला पञ्चायत र जिल्ला प्रशासनको भूमिकामा विशेष केन्द्रित रही प्रमुख जिल्ला अधिकारीलाई जिल्ला पञ्चायतको सचिवबाट प्रशासनिक कार्य हेर्ने र जिल्ला स्थित सबै कार्यालयका साथै जिल्ला पञ्चायत र कार्यालय वीच समन्वय ल्याउने जिम्मेवारी दिन सुझाएको थियो । जिल्ला पञ्चायतको सचिवको रुपमा पञ्चायत विकास अधिकारीलाई तोक्ने र विकाससँग सम्बन्धित कार्यालयहरुले जिल्ला पञ्चायतसँग समन्वय गर्ने व्यवस्था समेत गरेको थियो ।

यस्तो व्यवस्था स्थानीय प्रशासन ऐन २०२८ जारी गरी कानुनी व्यवस्था समेत गरेको पाइएका छन् । अर्को महत्वपूर्ण विषय यस आयोगले स्थानीय स्तरका योजना तर्जुमा सञ्चालन र व्यवस्थापन सम्बन्धमा विस्तृत प्रतिवेदन दिएको थियो र तदनुसार गाउँ स्तरीय र जिल्ला स्तरीय योजनामा हुवहु कार्यान्वयन नभए तापनि त्यसको भावना अनुसार कार्यान्वयन भएको पनि पाइएको छ र जिल्ला पञ्चायतलाई केन्द्रबाट अनुदान दिने व्यवस्था समेत कार्यान्वयनमा ल्याइएको थियो । स्थानीय स्तरमा जाने योजनाको पनि स्पष्ट वर्गीकरण गरिएको थियो । उक्त आयोगको सिफारिस अनुसार प्रत्येक गाउँ पञ्चायतमा सचिवको व्यवस्था समेत भएको पाइएको छ ।

अञ्चलाधीशलाई पनि जिल्ला र गाउँ स्तरीय योजनाहरुको अनुगमन र प्रतिवेदन पठाउने जिम्मेवारी दिएको पाइन्छ र अञ्चल समितिको व्यवस्था गरी समीक्षा समेत गर्ने व्यवस्था गरेको पाइन्छ ।

यस प्रतिवेदनले जनप्रतिनिधि र कर्मचारीको स्पष्ट कार्य विभाजन गर्ने व्यवस्था भए अनुसार प्रमुख जिल्ला अधिकारीलाई सचिव पदबाट हटाई प्रशासन, शान्ति सुरक्षा र विकास कार्यमा समन्वय ल्याउने जिम्मेवारी दिएको र जिल्ला पञ्चायत तथा विकाससँग सम्बन्धित कार्यालय वीच पनि समन्वय ल्याउने व्यवस्थालाई कार्यान्वयनमा ल्याएको पाइन्छ ।

यस प्रतिवेदनमा प्रशासन र शान्ति सुरक्षा सम्बन्धी केही सुझाव स्थानीय प्रशासन ऐनद्वारा सम्बोधन पनि गरिएका थिए ।

प्रशासन सुधार आयोगको कार्यान्वयन स्थिति ÷

निम्न विषय कार्यान्वयनमा आएको पाइएको छ,

- विकास प्रशासनको अवधारणात्मक स्पष्टता र तदनुसार साधारण प्रशासन र विकास प्रशासनको कार्य जिम्मेवरी निर्धारण ।
- राष्ट्रिय विकास परिषद्को गठन भएको ।
- मन्त्रालयमा योजना इकाई मन्त्रालयप्रति उत्तरदायी हुने गरी व्यवस्था ।
- मन्त्रालय, विभाग, क्षेत्रीय निर्देशनालय र परियोजना प्रशासनको कार्यमा स्पष्टता ल्याएको ।
- यस आयोगले विकास प्रशासन सम्बन्धमा स्पष्ट व्यवस्थाका साथै स्थानीय निकायको भूमिका विस्तार गर्न सुझाव दिएको पाइन्छ ।

**प्रशासन सुधार आयोगको प्रतिवेदन २०४८ :**

- स्थानीय निकायमा कार्य जिम्मेवारी दिने विषय नीतिगत रुपमा स्पष्ट किटान गरेको ।
- स्थानीय स्तरका प्रकृतिका कार्य स्थानीय निकायमा निक्षेपण गर्ने विषय स्पष्ट ।
- नगरपालिका र जिल्ला स्तरीय निर्वाचित निकाय अथवा जिल्ला विकास समितिलाई क्रमशः नगर क्षेत्र र ग्रामीण क्षेत्रको विकासलाई केन्द्र विन्दु तोकेको । यस प्रतिवेदनले स्थानीय निकायका योजना, आर्थिक अधिकार, प्रशासनिक अधिकार, उत्तरदायित्वको किटान, कर्मचारी सम्बन्धी व्यवस्था, क्षमता विकासको लागि जनप्रतिनिधि र कर्मचारीलाई विविध तालीमको व्यवस्था लेखापरीक्षण र लेखा समितिको गठन तथा वित्तीय आयोग निलम्वन गर्ने सम्बन्धी व्यवस्थालाई २०५५ सालमा जारी भएको स्वायत्त शासन ऐनले पनि सम्बोधन गरेको छ ।

यस आयोगले सरकारी, गैरसरकारी र सामुदायिक संस्था वीच समन्वयात्मक कार्यक्रम सञ्चालन गर्ने विषय पनि स्पष्ट रुपमा आई कार्यान्वयनमा समेत रहेको छ । स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान सम्बन्धी छुट्टै ऐन ल्याई स्वायत्तता प्रदान गरिएको छ । नयाँ नगरपालिका घोषणा गर्ने विषय पनि हाल कार्यान्वयनमा आएको छ ।

निम्न विषय सम्बोधन हालसम्म हुन सकेन :-

मन्त्रालयको नाम परिवर्तन, स्थानीय विकास कोषको गठन, स्थानीय निकाय सेवा आयोगको व्यवस्था, विषयगत निक्षेपणको कार्य र केन्द्रीय निकायका निजामती कर्मचारीलाई स्थानीय निकायमा स्थानीय निकायप्रति उत्तरदायी हुने गरी काजमा पठाउने र क्रमशः स्थानीय निकायका कर्मचारीबाट पदपूर्ति गर्ने व्यवस्था स्थानीय निकायका गा.वि.स. र नगरपालिकाको लेखापरीक्षण म.ले.प.को कार्यालयबाट हुने व्यवस्था र न्यायिक अधिकार कार्यान्वयनमा आउन सकेन ।

प्रशासन सुधार सुझाव समिति २०७० को प्रतिवेदन हालसालै सम्माननीय प्रधानमन्त्रीज्यूमा प्रस्तुत भएकोले उक्त प्रतिवेदन हाल अध्ययनको क्रममा रहेको ।